# प्रथम - परिच्छेद

# सिर्जनात्मक लेखनसम्बन्धी प्राक्कथन

## १.१ सिर्जनात्मक - लेखनको परिचय :

जीवन-जगत्का विविध विषयवस्तुलाई नवीन कल्पना र साधनाद्वारा अभिव्यक्त गरिएको लेखरचनालाई सिर्जना भनिन्छ । 'सिर्जना' संस्कृत तत्सम शब्द हो । यसको निर्माण सृज् धातुमा अन्+आ प्रत्यय लागेर भएको मानिन्छ (सिद्धान्तकौमुदी, २०१५: ४७७) । शाब्दिक अर्थमा सिर्जना भन्नाले रचना गर्नु वा नयाँ रूपको निर्माण गर्नु हो । संस्कृतमा सृष्टिको पर्यायवाची शब्द नै सिर्जना हो । जसको अर्थ जन्माउनु, उत्पत्ति गर्नु वा नयाँ आविष्कार गर्नु भन्ने बुझिन्छ । त्यसैले सिर्जना चित्रकला, मूर्तिकला, साहित्य, वैज्ञानिक आविष्कार अनेक क्षेत्रमा हुन सक्छ । यति भएर पनि साहित्य सृजनाका सन्दर्भमा सबै रचना वा निर्माणलाई सिर्जना भन्न सकिदैन । कुनैपनि कलाकारले चित्र वा मूर्ति बनाउँछ भने त्यो रचना हुन सक्छ परन्तु त्यो सिर्जना हुन सक्दैन । सिर्जना त साहित्यिक सृजनधर्मी गुण भएका विशिष्ट रचनालाई मात्र मान्न सकिन्छ ।

आफ्ना हार्दिक भावनालाई कलात्मक र रागात्मक (साहित्यिक) शैलीद्वारा प्रस्तुत गरिएको विशिष्ट रचनालाई सिर्जना भनिन्छ । जेसुकै लेखेर सिर्जना हुन सक्दैन । सिर्जना त मन र मष्तिष्क लगाएर प्रतिभाको लामो साधनाद्वारा मात्र प्राप्त गर्न सकिन्छ । सिर्जना भनेको त वास्तवमा कल्पना, भावना र जीवनजगत्का सम्पूर्ण अनुभवको कलात्मक प्रकटीकरण हो; जुन गीत, कविता, कथा, नाटक, आदि विधाका रूपमा प्राप्त हुन्छ । त्यसैले व्यक्ति मनमस्तिष्कका रागात्मक र कलात्मक भाषिक अभिव्यक्ति नै सिर्जना हो ।

## १.२ सिर्जनात्मक - लेखनको शीर्षक :

प्रस्तुत '**कविता - कुसुमाञ्जली**' कविता संग्रह यस सिर्जनात्मक लेखनको शीर्षक छानिएको छ । यस कविता संग्रहमा प्रस्तुत भएका कविताहरू देश, काल र वातावरण अनुसारका विविध धार्मिक, सांस्कृतिक, प्राकृतिक प्रभावद्वारा सृजित भएकाले प्रस्तुत कविता संग्रहको शीर्षक '**कविता - कुसुमाञ्जली**' राखिएको हो ।

**१.३ सिर्जनात्मक - लेखनको प्रयोजन :**

प्रस्तुत सिर्जनात्मक लेखन नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको शैक्षिक प्रयोजनका लागि तयार पारिएको हो ।

**१.४ सिर्जनात्मक - लेखनको औचित्य, महत्त्व र उपयोगिता :**

सिकारु र कोपिला अवस्थामा रहेको नयाँ लेखकले आफ्नो लेख्य सामर्थ्यलाई सबल बनाउँनु र काल्पनिक क्षमताको सदुपयोग गर्नुपर्ने भएकाले यो सिर्जनात्मक विधालाई छनोट गरिएको हो । सिर्जनात्मक लेखनद्वारा नै आफ्नो कवित्व प्रस्तुत गर्न सकिन्छ भन्ने विश्वास प्रस्तुत सिर्जनात्मक लेखनको औचित्यका रूपमा रहेको छ । कुनैपनि समाजलाई नवीन ज्ञान-विज्ञान, धर्म, दर्शन आदिको व्यवहारोपयोगी शिक्षा दिनका लागि नै नयाँ सिर्जना गरिन्छ । मेरो मौलिक चिन्तनलाई समाजका विभिन्न वर्गमा पुऱ्याई ज्ञान र आनन्द प्रदान गराउँनु नै यस सिर्जनात्मक लेखनको औचित्य हो । नवीन सिर्जनाले नेपाली साहित्यिक फाँटलाई उर्वर बनाउनुपर्ने देखिन्छ । त्यसैले साहित्य समाजको दर्पण हो । यसले जनजीवनका सुखदुःखात्मक प्रवृत्तिहरूको यर्थाथ प्रस्तुति गर्नु पर्दछ । सम्भवतः नेपाली लघुकविता लेखनले पनि सबै साहित्यिक अनुरागीहरूको मन सजिलै जित्न सक्दछ । अतः मानव जीवनको अनुभूतिबाट कोमल भावहरूको लयात्मक र कलात्मक अभिव्यक्ति प्रदान गर्दै नेपाली साहित्यका फाँटमा अर्को बस्ती बसाउनु पनि यस सिर्जनात्मक लेखनको उद्देश्य हो । नयाँ-नयाँ प्रतिभाहरूलाई विभिन्न प्रेरणा प्रदान गर्दै नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको शैक्षिक आवश्यकताको आशिंक पूर्ति नै यस सिर्जनात्मक लेखनको उपयोगिता हो ।

**१.५ सिर्जनात्मक - लेखनका निम्ति नाम दर्ता :**

प्रस्तुत '**कविता-कुसुमाञ्जली'** नामक कविता संग्रह नेपाली विषयको स्नाकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको शैक्षिक आवश्यकताको आशिंक परिपूर्तिका लागि तयार पारिएको छ । मैले वि.सं. २०६२ सालदेखि २०६४ सालसम्म यस क्याम्पसको नेपाली विभागमा स्नातकोत्तर तह प्रथम वर्ष र द्वितीय वर्षको अध्ययन गरेको हुँ । अतः सोही तहको दोस्रो वर्षको पाठ्यक्रममा दसौं पत्रको प्रयोजनका लागि निर्धारण गरिएका विभिन्न ऐच्छिक विषयहरूमध्ये सिर्जनात्मक लेखन अन्तर्गत मैले कविता विधालाई छनोट गरेअनुसार वि.सं.२०६४ सालमा त्यसको लागि  मेरो नाम दर्ता भएको हो ।

## १.६ कविता - लेखनको छनोट र पृष्ठभूमि :

सिर्जनात्मक लेखनको प्रमुख कारक तत्त्व नै प्रतिभा हो । यो व्यक्तिपिच्छे फरक-फरक हुन्छ, उसको रुचि, आकांक्षा, जाँगर आदिमा भर पर्छ । प्रतिभालाई साकार रूप प्रदान गर्न विभिन्न शास्त्रीय ज्ञानको ज्यादै खाँचो पर्दछ । प्रतिभालाई प्रस्फुटन गर्न अध्ययन र अभ्यासको आवश्यकता पर्दछ । मलाई सानैदेखि भाकामा कविता पढ्ने र लेख्ने इच्छा जाग्थ्यो । त्यसैले मैले माध्यमिक स्तरको पढाइका क्रममा संस्कृत विद्यालयमा ऐच्छिक विषयका रूपमा संस्कृत साहित्य पढ्ने इच्छा गरें । यही विषयबाट कवितासम्बन्धी सैद्धान्तिक ज्ञान आर्जन गर्ने मौका मिल्यो । सृजानत्मक लेखनका लागि म पनि सानैदेखि अभ्यस्त हुदैं आएँ । संस्कृत साहित्यको विविध ज्ञान र स्नातकोत्तर तहको नेपाली विषयको अध्ययनपछि त झन् नेपाली साहित्यको सैद्धान्तिक ज्ञान आर्जन गर्ने अवसर मिल्यो र मलाई यस विधामा कलम चलाएर व्यक्तिप्रतिभाको पहिचान दिन पाए हुन्थ्यो भन्ने लाग्यो । साहित्यका अन्य विधाभन्दा ज्यादै मनपर्ने विधा नै कविता हो । कविता सानैदेखि गाउने र लेख्ने गर्दै आएको हुँ । हुन त ममा सैद्धान्तिक ज्ञानको कमी अवश्य नै थियो तर पनि संस्कृत र नेपालीका छन्दोबद्ध कविता ज्यादै मन पर्थे । मलाई सकेसम्म वार्णिक छन्दमा कविता लेख्न सके राम्रो हुन्थ्यो भन्ने लाग्यो र म यही विधामा केन्द्रित भएँ ।

सिर्जनात्मक लेखन सम्बन्धी सामान्य सिद्धान्त र विधिका बारेमा मैले स्नातकोत्तर तहको दुबै वर्षका कक्षाहरूमा अध्ययन गर्ने मौका पाँए । यसै सन्दर्भमा कविता गीति प्रारूपबाट जन्मिएको हो (त्रिपाठी, २०५४:५) भन्ने थाहा पाँए । त्यस्तै कविताको परिचय, कविताका विभिन्न तत्त्वहरू, कविताका भेदउपभेद, कविताको प्रयोजन आदिका बारेमा गहन अध्ययन गर्ने सुअवसर पाएँ । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तका बारेमा प्राचीन कालदेखि आजसम्म कविताका विभिन्न मोड, कालक्रम र चरण पार गर्दै आएका कुराको सूक्ष्म ढङ्गले अध्ययन गर्ने मौका मिल्यो । विद्यालय स्तर देखि नै कविता पढ्दै आएको भए पनि मैले कवितासम्बन्धी पूर्ण ज्ञान भने कविता लेख्ने सन्दर्भमा नै प्राप्त गर्ने मौका पाएँ । उच्च शिक्षा हाँसिल गर्ने क्रममा देखा परेका कतिपय अस्पष्टतालाई हटाउने काम आदरणीय गुरुज्यूहरूद्वारा हुँदै आयो । विभिन्न ठाउँमा आयोजना भएका कविता प्रतियोगितामा पनि सहभागी हुँदै आएँ । त्यहाँबाट पनि विभिन्न विद्वान्हरूको सल्लाह, सहयोग र सुझावका आधारमा अगाडि बढ्ने प्रेरणा मिलेको हो । केही सामान्य कविताहरू सानैदेखि लेख्थें तर छन्दोबद्ध कविता लेखनमा चाँहि देवकोटाको नेपाली '**शाकुन्तल'** महाकाव्यबाट नै प्रेरणा मिलेको हो । किनभने देवकोटाको यो महाकाव्य छन्दप्रयोगशील महाकाव्य हो । त्यसैले यो काव्यका छन्दोबद्ध कविताको रसास्वादनबाट प्रेरित हुँदै नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि सिर्जनात्मक कार्य अन्तर्गतका विभिन्न विधामध्ये मैले कवितालाई नै रोजें । अतः कविता लेखनका लागि पूर्विय

आचार्यहरूले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई अनिवार्य हेतुका रूपमा जोड दिएकाले (उपाध्याय; २०४९:२२) मैले पनि आफ्नो प्रतिभालाई प्रदर्शन गर्न अभ्यासिक बन्ने प्रयास गरेको हुँ ।

कविता मानवीय अन्तर्हृदयबाट हुने तरलतम भावनालाई तुरुन्तै कुनै विषयमा आकर्षक ढङ्गमा साकार रूप प्रदान गर्न सकिने साहित्यको एउटा आकर्षक विधा हो । कविता कोमल पदावलीको विन्यास हो जसले सहृदयीहरूको मनलाई आह्लादित बनाउँछ । देवकोटाले 'शाकुन्तल' महाकाव्यको भूमिकामा कविताको महत्त्वलाई यसरी व्यक्त गरेका छन् : 'तर रसिक अर्कै चीजमा रमाउला । कविता कोमल बनिता, रसयति रसिकं रसेन सम्मिलिता' (देवकोटा; २०६१: भूमिका) । संस्कृत साहित्यका आदिकवि वाल्मीकिको काव्यकारिताबाटै कालिदासजस्ता कविहरू प्रभावित भएझैं म पनि देवकोटाद्वारा साह्रै प्रभावित भएको छु । मेरो घर परिवार पूर्वीय दर्शन र संस्कृत साहित्यिक तथा पौराणिक परम्पराभन्दा भिन्न नभएकाले म यो परम्पराबाट ज्यादै प्रभावित भएको छु । मेरो कविता रचना संस्कृतका विभिन्न भजन, स्तोत्र, लहरी साहित्य (सौन्दर्य - गंगालहरी) बाट प्रभावित छन् । मेरा पिताजी शिक्षक र पुराणवाचक भएकै कारणले होला म विशेषतः बुबाकै स्तोत्र, भजन, श्लोकवाचनबाट ज्यादै प्रभावित भएको छु । त्यसको पूरै प्रभाव मेरो सिर्जनात्मक लेखनमा परेको छ । पिताजीका कविता, स्तोत्र, गीतावाचन, चण्डीपाठ, रामायण तथा पुराणवाचनका क्रममा सुनेका स्तोत्र साहित्यको प्रभाव यी रचनामा पर्न गएको देखिन्छ । प्राकृतिक वैभव, ऋतुवर्णन, नदीनाला, हिमालपहाड, प्रेम-प्रणय आदि जस्ता विषयवस्तुलाई नै मैले कवितामा समेट्ने प्रयास गरेको छु । नेपाली फुटकर कविताको इतिहासमा एउटा एउटा ईटा थप्न सकूँ भन्ने हेतुले नै मेले यो सिर्जनात्मक लेखनअन्तर्गत कविता विधालाई नै रोजें ।

# द्वितीय - परिच्छेद

## कविताको सैद्धान्तिक परम्परा

### २.१ साहित्यको एक विधाका रूपमा कविता

कविता साहित्यको एक प्रमुख विधा हो ।  यसले साहित्यको आलङ्कारिक रचना विशेषलाई बुझाउँछ । शब्द र अर्थको सहभाव नै साहित्य हो । अंग्रेजीमा साहित्यलाई ीष्तभचबतगचभ भनिन्छ । साहित्यले व्यापक अर्थमा सम्पूर्ण वाङ्मय र विशिष्ट अर्थमा सिर्जनात्मक लेखन (कविता, कथा आदिलाई) बुझाउँछ । संस्कृत-काव्यशास्त्रमा साहित्यलाई काव्य पनि भनिन्छ । लालित्यपूर्ण, सुन्दर र कलात्मक भाषामा जीवनजगत्का विविध अनुभूति र अनुभवको सुन्दरतम अभिव्यक्ति नै साहित्य हो । वास्तवमा सिर्जनात्मक क्षेत्रको कलात्मक अभिव्यक्तिलाई साहित्य भन्न सकिन्छ । प्राचीन कालमा साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो तर हाल साहित्यले गद्यपद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ । छन्द वा लयका आधारामा साहित्यलाई पनि गद्य र पद्य गरी दुई भागमा विभाजन गरिएको छ । गद्य साहित्यले कथा, उपन्यास, निबन्ध आदि विधालाई बुझाउँछ भने पद्य साहित्यले कवितामयी कृतिलाई बुझाउँछ । कविको फुटकर रचना नै कविता हो । कवितामा लयात्मक र कलात्मक भाषिक अभिव्यक्ति भएको हुन्छ । लय नै कवितालाई अन्य साहित्यिक विधाबाट छुट्याउने प्रमुख आधार हो र यही कविता साहित्यको एक प्रमुख विधा हो ।

### २.२ कविताको पृष्ठभूमि र विकास :

साहित्यका विभिन्न विधा मध्ये कविता पनि एक सशक्त र महत्त्वपूर्ण विधा हो । यो विधा साहित्यका अन्य विधा कथा, उपन्यास, निबन्ध, नाटक आदि भन्दा ज्यादै लोकप्रिय र उर्वर मानिन्छ । कविताको पृष्ठभूमि र विकास विभिन्न गीतिगाथा चक्रबाट अघि बढेको हो भन्ने मान्यता छ । भाषामा लिपिको आविष्कारपछि कविताले लामो काँचुली फेर्दै आएको छ । कविताले जीवनजगतका सुखदुःख, उत्साह, उमङ्ग, आनन्द आदिलाई आधार मानेर नै मानव मनलाई आकर्षित पारेको हो । पूर्वीय संस्कृत वाङ्मयको प्राचीनतम ग्रन्थ वेद विश्वकै पुरानो लेख्य कविता हो । वेदमा काव्यात्मकता प्रशस्तै पाइन्छ । वेदमा आत्मानुभूतिको अभिव्यञ्जना प्रशस्तै फेला पार्न सकिन्छ । वैदिक मन्त्र र विभिन्न सूक्तहरूमा काव्यिक गुणहरू सजिलै फेला पार्न सकिन्छ । त्यसैले वेदलाई कविताको प्रारूप मान्ने गरिन्छ ( राजशेखर; १९७३:३०) ।

वैदिक साहित्यपछि लौकिक साहित्यको उद्‌भव र विकास भएको देखिन्छ । लौकिक साहित्यको उदय महर्षि वाल्मीकिविरचित 'रामायण' बाट भएको छ । जनभाषा, आलङ्कारिकता,

छन्दप्रयोगमा विविधता, रसमयता, सुभाषितता जस्ता काव्य वैशिष्ट्यहरूको प्रयोगले रामायणलाई काव्यपरम्पराको सैद्धान्तिक स्तम्भ मान्ने गरिन्छ (सुवेदी; २०५५:९) । त्यसपछि वेदव्यास रचित 'महाभारत' नै उत्कृष्ट काव्यात्मक कृतिका रूपमा देखा पर्दछ । महाभारतलाई संस्कृत वाङ्मयको विश्वकोशका रूपमा लिने गरिन्छ । संस्कृत साहित्यका फाँटमा देखिएका यी दुई विशालकाय ग्रन्थ साहित्यका उज्वल रत्न मानिन्छन् । यी दुई ठूला महाकाव्यले भिन्ना-भिन्नै दुई युगकै प्रतिनिधित्व गरेका छन् । यी दुई ग्रन्थका आधारमा रहेर अन्य थुप्रै महाकाव्यहरू रचना गरिएका छन् । बुद्धचरित, कुमारसम्भव, रघुवंश जस्ता कृतिहरू पूर्वीय काव्य परम्पराका उत्कृष्ट नमुना हुन् । पाणिनि, अश्वघोष र कालिदास जस्ता महाकविहरूले आ-आफ्नै प्रतिभाद्वारा कविताको विकासक्रमलाई अघि बढाएका छन् । त्यसैगरी विचित्रमार्गी कविहरू भारवि, माघ र श्रीहर्षले पनि क्रमशः किरातार्जुनीय, शिशुपालवध र नैषधीयचरित जस्ता महाकाव्यहरू रचना गरेर आफ्नो प्रतिभाको पहिचान दिएका छन् । यसबाट पूर्वीय वाङ्मयमा कविताको परम्परा निकै पुरानो छ भन्ने थाहा पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि कलाका विभिन्न भेद उपभेदहरू मध्येको एक प्रमुख शाखा नै कविता मानिएको पाइन्छ । पाश्चात्य साहित्यमा पनि कविताको उत्पत्ति र विकास गीतिगाथा चक्रबाटै भएको मानिन्छ । पश्चिममा महाकवि होमरका 'इलिएड' र 'ओडिसी' यी दुई महाकाव्य नै सर्वप्रचीन काव्यिक ग्रन्थ मानिन्छन् । होमर पछि भर्जिल, गेटे, सेली, कलरिज, वर्डस्र्थ, इलिएट जस्ता महान् प्रतिभाका सुप्रसिद्ध काव्यात्मक कृतिबाटै आधुनिक कविताको विकास भएको मानिन्छ । प्लेटोले 'साहित्य नैतिक प्रयोजनका लागि हुनु पर्दछ' भनेका छन् (सुवेदी, २०५५:११) भने अरस्तु कलालाई प्रकृतिको अनुकरण ठान्दछन् (पूर्ववत् ........) । पश्चिमा साहित्यलाई भाषिक कलाका रूपमा स्विकारेको पाइन्छ । यिनै प्रचीन काव्यिक ग्रन्थको जगमा टेकेर नै आधुनिक कविताको विकास भएको पाइन्छ । काव्यलाई पद्यात्मक प्रमुख विधाका रूपमा लिने गरिन्छ । पश्चिमेली महान् प्रतिभाहरूले आधुनिक कविता परम्परालाई अघाडि बढाउन ठूलो सहयोग पुऱ्याएका छन् ।

कविताका सम्बन्धमा पूर्वपश्चिममा गहन चिन्तन र अध्ययन भएको देखिन्छ । यसमा थुप्रै नै आचार्य र विद्वानहरूको अमूल्य योगदान रहेको देखिन्छ । पूर्वमा भामहदेखि काव्यचिन्तन परम्पराको इतिहास फेला पार्न सकिन्छ भने पश्चिममा अरस्तुदेखि नै काव्यसिद्धान्तको चिन्तनमनन भएको पाइन्छ । यसै सन्दर्भमा विभिन्न वाद, सम्प्रदाय र प्रणालीको विकास भएको छ । कसैले कविताको स्वरूपका बारेमा ध्यान केन्द्रित गरेका छन् भने कसैकसैले भावपक्षलाई नै कविताको मानक तत्त्व स्विकारेका छन् । एकथरी काव्यशास्त्रीहरूले सुकोमल पदावलीको आलङ्कारिक गुम्फनलाई काव्य मानेका छन् (सुवेदी, २०५५:९) भने अर्काथरी काव्यशास्त्रीले भावनात्मक साङ्गीतिक अभिव्यक्तिलाई

काव्य मानेका छन् (पूर्ववत् ......) । जेहोस् काव्य भन्नाले जीवन जगतका विभिन्न अनुभूतिलाई लयात्मक र काव्यात्मक ढङ्गले व्यक्त गरिएको भाषिक अभिप्राय हो भन्न सकिन्छ । यति भन्दैमा कविताको सही पहिचान हुन सक्तैन । त्यसैले कवि र कविताका सन्दर्भमा गहन अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## २.३ कवि र कविता :

कविता शब्दको विवेचना गर्नुभन्दा पहिले कवि शब्द पनि विचार गर्नु आवश्यक छ । कुनै वस्तुको रसिक ढङ्गले वर्णन गर्ने व्यक्तिलाई कवि भन्दछन् । कवृ-वर्णे धातुबाट कवि पदको सिद्दि भएको छ (राजशेखर, १९९३:२३) । कवि पदको यसै मूल अर्थका अनुसार कविलाई मनिषि भनिएको हुन सक्छ । कवृ-वर्णने धातुबाट कवि शब्दको निर्माण भएको होइन भन्ने वैयाकरणहरू पनि देखिन्छन् । **कवृ** धातुबाट कवि शब्द बन्दछ तर कवि शब्द सिद्धहुन सक्दैन । त्यसैले कुङ धातुबाट कवि शब्द सिद्ध भएको भन्ने व्याकरणविद्हरू पनि पाइन्छन् । काव्यात्मक र भावात्मक अभिव्यक्ति प्रदान गर्ने व्यक्तिलाई कवि भन्दछन् । कोशमा पण्डितलाई कवि भनिएको छ (अमरकोश, १९९३:२९) । वेदमा कविलाई मनिषि, परिभू र स्वयम्भू शब्दद्वारा उद्घोष गरिएको पाइन्छ (हिमांशु थापा, २०५२: ३३) । श्रीमद्भागवत् महापुराणमा ब्रह्मालाई आदिकवि भनिएको छ (भागवत्, २०५९:२२) । यसको तात्पर्य के हो भने ती परब्रह्मपरमात्मा नै कवि हुन् । यसपछि लौकिक साहित्यमा रामायण महाकाव्य रचना गर्ने महर्षि वाल्मीकिलाई आदिकविको पद दिइएको छ । महाभारत तथा पुराणका रचयिता वेदव्यासलाई पनि कवि भन्दछन् । कोश अनुसार राजनीति शास्त्रका प्रणेता दैत्यगुरु शुक्राचार्यलाई पनि ‘उशना भार्गव कवि’ भनेर चिनाइएको पाइन्छ (अमरकोश, १९९३:१८) । त्यसैले कवि स्रष्टा र द्रष्टा दुवै हुन् भन्न सकिन्छ । कविले सबैभन्दा पहिले तत्त्वहरूको दर्शन गर्छन् अनिमात्र त्यसलाई हृदयाङ्गम गर्दै कल्पनाद्वारा काव्यरचना गर्दछन् । जसले चमत्कृतिपूर्ण भावाभिव्यक्ति प्रदान गर्दछ त्यसलाई कवि भन्न सकिन्छ । अतः स्मृतिकार मनु आदिलाई कवि भनिएको पाइदैन । कवि त केवल सृष्टिको सौन्दर्यको मर्मज्ञ हो । कवि एउटा यस्तो यन्त्र हो जसद्वारा सृष्टिको सम्पूर्ण सौन्दर्य हेर्न सकिन्छ । यस्ता कविद्वारा आफ्नो जीवनको लामो अनुभवद्वारा व्यक्त गरिएका काव्यात्मक अभिव्यक्तिलाई कविता भनिन्छ ।

कविता संस्कृत तत्सम शब्द हो । **कवि** शब्दमा **ता** प्रत्यय जोडेर कविता शब्दको निर्माण भएको छ । शाब्दिक हिसाबले कविताको अर्थ कविको कर्म वा भाव अथवा कविको गुण भन्ने बुझिन्छ । कवि शब्दले कविता रच्ने व्यक्तिलाई बुझाउँछ भने कविद्वारा जुन कुरा रचिन्छ त्यसलाई नै कविता भनिन्छ । कुनै पनि विषयको चमत्कृतिपूर्ण, श्रोतालाई मुग्ध गराउने वर्णन नै कविता हो ।

मधुर हृदयस्पर्शी भावाभिव्यक्ति प्रदान गर्ने कुनै र कुनैपनि विषयवस्तुको मनोरम काल्पनिक वर्णन गर्ने व्यक्तिलाई कवि भन्दछन् । थोरै शब्दमा धेरै विषयवस्तुको वर्णन गर्न सक्ने प्रतिभावान् व्यक्तिलाई नै कवि भनिन्छ । संस्कृत साहित्यमा काव्य शब्दले कवितालाई चिनाएको छ । आधुनिक नेपाली समालोचनामा लयात्मकताको निर्वाह हुने गरी रचना गरिएको कलात्मक अभिव्यक्तिलाई कविता भन्ने गरिएको   पाइन्छ ।

कविता साहित्यको ज्यादै पुरानो विधा हो । पूर्व र पश्चिम दुवैतिर प्राचीनकालदेखि नै कविता प्रचलनमा रहेको पाइन्छ । संस्कृतमा पद्य शब्दलाई कविताका रूपमा बुझिन्थ्यो । अझै पनि शिष्ट नेपाली भाषामा काव्य, कविता, पद्य र श्लोक शब्दको चलन पाइन्छ । अंग्रेजीमा कवितालाई एयभतचथ भनिन्छ । एयभत बाट एयभतचथ शब्दको निर्माण भएको हो । एयभत ले रचनाकार र एयभतचथ ले रचनालाई बुझाउँछ । तसर्थ कविता स्रष्टाद्वारा सृजित रचना हो । लम्बाइका आधारमा कवितालाई लघुतम, लघुतर, लघु, मध्यम र बृहत् कविताका भेदद्वारा छुट्याइन्छ । लघुतम र मुक्तक रूपभन्दा ठूलो र मझौला रूपभन्दा सानो जीवन्जगतको खास एक मनोदशाको अनुभूतिलाई प्रस्तुत गर्ने कविताको रूप नै फुटकर कविता हो । यसरी कवितालाई विभिन्न किसिमले चिनाइएको पाइन्छ । यति भनेर मात्र कविताको परिभाषालाई पुष्टि गर्न सकिंदैन । त्यसैले कविताको समुचित परिभाषा दिन पूर्वीय, पाश्चात्य र नेपाली काव्यशास्त्रीहरूको सैद्धान्तिक परिभाषाको गहन अध्ययन गर्नु आवश्यक हुन्छ ।

## २.४ कविताको परिचय र परिभाषा :

कविताको सैद्धान्तिक पक्षका बारेमा पूर्वीय र पाश्चात्य काव्यशास्त्रीहरूले आ-आफ्नै दृष्टिकोण अघि सारेका छन् । कविताको वास्तविक परिभाषा यही हो भनेर ठोकुवा गर्न साह्रै गाह्रो छ । कोही कविताको आत्मपक्षको वकालत गर्छन् भने कोही शरीर पक्षको । आत्मपक्षको वकालत गर्नेहरूले कवितामा भावात्मकता, रागात्मकता र संगीतमयता हुनु पर्दछ भन्ने धारणा व्यक्त गर्दछन् भने शरीर पक्षको वकालत गर्नेहरूले कोमलकान्त पदपदावलीको विन्यास, वक्रोक्तिपूर्ण आलङ्कारिक प्रस्तुतिलाई विशेष ध्यान दिएका छन् । साँच्चै काव्य न बाह्य रूप सौन्दर्य मात्रै हो न त भित्री भावना । कविता वास्तवमा बाह्य र आन्तरिक नापद्वारा निर्मित संरचना हो । अतः पूर्व पश्चिमका दुबै साहित्य परम्पराका काव्यसिद्धान्तलाई एकत्रित गरेर अध्ययन र विश्लेषण गरेपछि मात्र कविताको परिभाषाको निचोडमा पुग्न सकिन्छ । कविताको परिभाषाको सम्बन्धमा यी दुबै वाङ्मयका साथै नेपाली काव्यशास्त्रीहरूको काव्यसिद्धान्त सम्बन्धी मान्यतालाई केलाएर मात्र निष्कर्षमा पुग्न सकिन्छ ।

*२.४.१ कविताको पूर्वीय परिभाषा :*

पूर्वीय संस्कृत साहित्यमा काव्य शब्दले कवितालाई चिनाएको पाइन्छ । साहित्यलाई श्रब्य र दृश्य गरी दुई भागमा बाँडिएको छ । श्रब्यकाव्य अर्न्तगत कविता, खण्डकाव्य, महाकाव्य आदि पर्दछन् भने दृश्य काव्य अर्न्तगत नाटक वा रूपकलाई लिइन्छ । साहित्यका विविध विधाहरूमध्ये कविता ज्यादै मौलाएको विधा हो । प्रचीनकालमा साहित्य शब्दले काव्यलाई मात्र बुझाँउथ्यो तर आज काव्य शब्दले गद्यपद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ । कविको स्फुटकर रचना नै काव्य हो । सर्वप्रथम पूर्वीय वाङ्मयमा कवितालाई चिनाउने काम अग्निपुराणबाटै भएको मानिन्छ ( उपाध्याय, २०५९:७) तापनि स्पष्टरूपमा काव्यको परिभाषा दिने कामको सुरुवात भने छैटौं शताब्दीका भामहले नै गरेको देखिन्छ । उनले कविताको परिभाषाको औपचारिक सुरुवात उनकै 'काव्यालङ्कार' भन्ने ग्रन्थबाट गरेका हुन् । काव्यको परिभाषा दिने यो परम्परा विक्रमको सत्रौं शताब्दीसम्म रहेको देखिन्छ । पूर्वीय काव्य परम्परामा साहित्यलाई कला नभनेर विधा भनिएको पाइन्छ । विधा वाणीद्वारा उत्पत्ति भएकाले वाणीका दुई पक्ष शब्द र अर्थ छन् । यी दुई शब्द र अर्थ मध्ये कसैले शब्द पक्षको वकालत गरेका छन् भने कसैले अर्थ पक्षको । तर आदि आचार्य भामहले 'शब्द र अर्थको सहभाव नै काव्य हो' (हिमांशु, २०५०:३४) भनी शब्द र अर्थ दुबैको सहअस्तित्त्व देखाउँदै समन्वयात्मक धारणा प्रस्तुत गरेका छन् । भामहको यो परम्परालाई उत्तरवर्ती आचार्यहरूले आ-आफ्नै ढङ्गले स्विकारेको पाइन्छ ।

भामहपछि सत्रौं शताब्दीका दण्डीले अभिष्ठ अर्थले व्यवछिन्न पदावलीलाई काव्य स्विकारेका छन् (उपाध्याय, २०४९:९) । यिनका विचारमा इष्टार्थ (भाव) पदावलीले ग्रहण गर्न सकेन भने त्यो काव्य राम्रो हुन सक्दैन । यस परिभाषाले मूलतः अलङ्कारको सीमालाई फराकिलो पार्दै रीतिवादी संभावनालाई सङ्केत गरेको पाइन्छ । यिनी पनि अलङ्कारवादी आचार्य हुन् । काव्यलाई चिरिच्याट्ट पारी सिंगार्ने काम अलङ्कारको हुन्छ भन्ने धारणा यिनको छ । आठौं शताब्दीका वामनले आŠनो 'काव्यालङ्कार सूत्रवार्तिक'मा रीतिलाई काव्यको आत्मा मान्दै गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ नै काव्य हो भनेका छन् (पूर्ववत्..........) । नवौं शताब्दीका ध्वनिवादी आचार्य आनन्दवर्धनले 'काव्यको आत्मा ध्वनि हो' (ध्वन्यालोक, २०४२:२) भन्दै ध्वनिरूप आत्मामा रहेको सुन्दर शब्दार्थमय अभिव्यक्तिलाई काव्य मानेका छन् । एघारौं शताब्दीका आचार्य कुन्तक वक्रोक्ति सम्प्रदायका आचार्य हुन् । यिनी काव्यमा वक्रोक्तिपूर्ण अभिव्यक्ति हुनु पर्दछ भन्ने मान्यता अघि सार्दछन् । यिनी पनि मूलतः अलङ्कारवादी आचार्य हुन् । शब्दसौन्दर्य र अर्थसौन्दर्य नै काव्य हो भन्ने यिनको मान्यता रहेको छ । आचार्य क्षेमेन्द्रले काव्यमा औचित्य हुनु पर्दछ भन्ने मान्यता अघि सारेका छन् (अधिकारी,

२०५०:१२४) । आचार्य मम्मट दोषरहित गुणसहित शब्दार्थ काव्य हो, यसमा कहीं अलङ्कार हुन्छ, कहिं अलङ्कार नभए पनि काव्यतत्त्वमा हानि पुग्दैन (उपाध्याय, २०४९:९८) भनी कवितालाई परिभाषित गरेका छन् । अलङ्कार वा रसको वैकल्पिक प्रयोग गुणसहितता र गुणरहितता जस्ता गुण काव्यमा हुनुपर्ने मान्यता यिनमा देखिन्छ । साहित्यदर्पणकार विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेका छन् (विश्वनाथ, १९९७:२३) । यिनी मूलत : रसवादी आचार्य हुन् । त्यसैले यिनी काव्यमा रसको अनिवार्यता हुनुपर्दछ भनी वकालत गर्दछन् । सत्रौं शताब्दीका सबभन्दा पछिल्ला आचार्य पण्डितराज जगन्नाथले रमणीय अर्थको प्रतिपादन गर्ने शब्द नै काव्य हो भनेका छन् (जगन्नाथ, २०२०:१०) ।

यसरी पूर्वीय आचार्यहरूका यी परिभाषाहरूको अध्ययन गर्दा शब्दप्राधान्यवादी, अर्थप्राधान्यवादी, शब्दार्थप्राधान्यवादी, रीतिप्राधान्यवादी, रसप्राधान्यवादी, ध्वनिप्राधान्यवादी, औचित्यप्राधान्यवादी, अलङ्कारप्राधान्यवादी र वक्रोक्तिप्राधान्यवादीहरूको उद्भव र विकास भएको पाइन्छ । यस्ता विभिन्न वाद र सिद्धान्तहरूको उद्भव र विकासले गर्दा पूर्वीय काव्इचिन्तन परम्पराको इतिहास ज्यादै लामो देखिन्छ । यी पूर्वाचार्यहरूले आ-आफ्नै ढङ्गले काव्यको परिभाषालाई व्यापक ढङ्गले व्याख्या गरेका छन् । यी विभिन्न सिद्धान्त र वादबाहेक काव्यका बारेमा शैली, व्यञ्जना, बद्धता आदिका आधारमा काव्यको वर्गीकरण गरिएको पाइन्छ । शैलीका दृष्टिले गद्य, पद्य र चम्पू जस्ता तीन भेद देखिन्छन् । व्यञ्जनाका दृष्टिले उत्तम, मध्यम र अधम गरी तीन प्रकारका कविता हुन्छन् । मुक्तक, युग्मक, कलापक, विशेषक र कुलक आदिलाई मुक्त काव्य अर्न्तगत राखिएको पाइन्छ भने प्रबन्धात्मक काव्यलाई वृहद् काव्यका रूपमा चिनाइएको पाइन्छ (ध्वन्यालोक, ई.१९९८:१८१-१८२) । जे होस् रमणीयार्थ प्रदान गर्ने शब्द, रसिक र रागात्मक भाषा, आह्लादजनक पदावलीको विन्यास र नीदोषता जस्ता गुण वैशिष्ट्य भएका कवितात्मक कृतिलाई नै काव्य भनिन्छ भन्ने धारणा प्रायजसो आचार्यहरूको रहेको पाइन्छ ।

यी विभिन्न पूर्वीय काव्यशास्त्रीहरूका मतमतान्तरलाई समीक्षा गर्दा आदि भामहबाट अलङ्कारवादको उदय भई शास्त्र र काव्यमा भिन्नता पाइएको कुराको पुष्टि अलङ्कारबाटै भएको पाइन्छ । त्यसपछि वक्रोक्ति, ध्वनि, रसवादी भएर क्रमशः कुन्तक, आनन्दवर्धन र विश्वनाथ आदि देखापरेका छन् । भामहपछिका दण्डी र वामनले पनि भामहकै अनुसरण गरेको पाइन्छ । यसै क्रममा वस्तुपरक सौन्दर्यभन्दा भावपरक सौन्दर्य नै सर्वश्रेष्ठ मानिएको एवं रस र ध्वनिवाद बढी महिमाशाली बनेका छन् । यसरी काव्यको भिन्ना-भिन्नै लक्षण गरेता पनि रस नै काव्यको आत्मा हो भन्नेकुरा सबैले प्रायजसोः मानेको पाइन्छ ।

*२.४.२ कविताको पाश्चात्य परिभाषा :*

पूर्वमा जस्तै पश्चिममा पनि कविताको मौलिक परम्परा निकै पुरानो देखिन्छ । यो परम्परा निकै आरोह अवरोहहरू पार गर्दै आजको स्थानमा पुगेको देखिन्छ । पश्चिममा ग्रिसेली साहित्यको ऐतिहासिक रूपरेखाबाट यो थाहा पाउन सकिन्छ । होमरका ‘इलियड’ र ओडिसी’ पाश्चात्य साहित्यका प्रचीनतम महाकाव्यात्मक ग्रन्थहरू हुन् । पूर्वीय साहित्यमा कविको आन्तरिक प्रतिभालाई प्रमुख काव्यहेतु मानिएझैं होमर पनि दिव्यप्रेरणालाई प्रमुख काव्यहेतु मान्दछन् । त्यसैले हेसियड कविता दैवी वरदान र प्रतिभा स्फुरण हो भन्ने धारणा व्यक्त गर्दछन् (सुवेदी, २०५५:११) । उनले काव्यमा आनन्द र नैतिक ज्ञानको आवश्यकता औंल्याएका छन् । युरिपाइडिज कवितालाई आह्लाद र आनन्दको सृजना ठान्दछन् भने अरिष्टोफेनस कलात्मक कुशलता र नैतिक निर्देश कलाको मापदण्ड ठान्दछन् । साहित्य सत्यका पक्षमा हुनुपर्दछ भन्ने धारणा प्लेटोको देखिन्छ (पूर्ववत् .........) । प्लेटोले कवितालाई शैक्षिक र नैतिक ज्ञानको कसीमा घोटेर हेरेको पाइन्छ भने अरिस्टोटलले काव्यलाई प्रकृतिको कलात्मक अनुकरण मानेका छन् (पूर्ववत् .........) । त्यस्तै कार्लाइल संगीतपूर्ण विचारलाई काव्य मान्दछन् भने स्वच्छन्दतावादी कवि वर्डस्वर्थ भावको स्वच्छन्द उच्च्छलनलाई कविता मान्दछन् (पूर्ववत् .........) । सेलीले कवितालाई कल्पनाको अभिव्यक्ति ठानेको पाइन्छ । म्याथ्यू आर्नोल्ड सौन्दर्यको सिद्धान्तमा आधारित जीवनको व्याख्यालाई कविता मान्दछन् भने एड्गर एलेन् पो ले लयपूर्ण ढङ्गले सौन्दर्यसृष्टि गर्नु नै काव्य हो भनेका छन् (सुवेदी, २०५७:६) । किट्सले कवितामा रहस्य र रागात्मकता हुनुपर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ । त्यसैगरी हड्सन कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्यालाई काव्य मान्दछन् । कलरिजले शब्दविन्यास र संङ्गीतमा जोड दिएका छन् । उनका भनाइमा सर्वश्रेष्ठ क्रमविधान नै कविता हो । अंग्रेजी साहित्यका पछिल्ला साहित्यचिन्तक टी.यस. इलियटले निर्वैयक्तिकता, वस्तुगत समीकरण, र समन्वित संवेदना जस्ता मान्यतालाई अघि सार्दै काव्य आत्माभिव्यक्ति होइन, आत्माबाट पलायन हो भन्ने विचार व्यक्त गरेका छन् (जोशी, २०२३:१६८) । यसरी यी सबै परिभाषाहरूलाई मनन गर्दा सबै नै एकअर्कामा पूरक जस्ता देखिन्छन् । कसैले संगीत पक्षलाई जोड दिएका छन् त कसैले कला पक्षमा जोड दिएका छन् । त्यस्तै कसैले कल्पना र भावनालाई जोड दिएका छन् भने समग्रमा यी सम्पूर्ण तत्त्वको संयोग नै कविता हो भन्न सकिन्छ ।

काव्यचिन्तनका क्रममा विभिन्न वाद, प्रणाली र सिद्धान्तहरूमा अनुकरण सिद्धान्त, विरेचन सिद्धान्त, कलावाद आदिको उपज हुँदै निर्वैयक्तिकताको सिद्धान्त, मूल्यसिद्धान्त, सम्प्रेषण सिद्धान्त जस्ता पाश्चात्य साहित्याकाशमा देखा परेका विभिन्न सिद्धान्तहरूले काव्य परिभाषाको विषद् व्याख्या

गरेको पाइन्छ । यस्तै विभिन्न सम्प्रदाय, वाद, प्रणाली, मनोविज्ञान, दर्शन, भाषाविज्ञान, सौन्दर्यशास्त्र आदिले पनि प्रत्यक्ष र परोक्ष रूपमा पाश्चात्य कविता परम्परामा प्रभाव पारेको देखिन्छ ।

### *२.४.३ कविताको नेपाली परिभाषा :*

नेपाली काव्यशास्त्रीहरूले पनि कविताको परिचय र परिभाषा दिएका छन् । नेपाली कविता सिद्धान्त पनि पूर्वपश्चिमको साहित्यसिद्धान्तकै आधारशीलामा विकसित भएको देखिन्छ । नेपाली साहित्यमा पनि कविताको सर्वमान्य परिभाषा पाइंदैन । कवि तथा वरिष्ट समालोचक डा. बासुदेब त्रिपाठीले मानव मनका अनुभूतिहरूको लयात्मक र कलात्मक भाषिक कथन नै कविता हो भन्ने विचार प्रस्तुत गरेका छन् (त्रिपाठी, २०४७:२) । उनले हार्दिकता, लयात्मकता र कलात्मकतालाई विशेष जोड दिएका छन् । बालकृष्ण सम कविता भावनाको वौद्धिक कोमलता हो भन्दछन् (ताना शर्मा, २०४८:३०) । त्यसैगरी रुद्रराज पाण्डेको विचारमा कविता एक व्यक्तिको व्यक्तित्वको अभिव्यक्ति हो (उपाध्याय, २०४९:१८) । कवि केदारमान व्यथित तीव्रगामी घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको कविता हो भन्दछन् (हिमांशु, २०५०:४३) । कवि माधवप्रसाद घिमिरेले शब्द र संगीत, अर्थ र अभिप्राय एकाकार भएर जो अनौठो अनुभूति हुन्छ त्यसलाई नै कविता हो भनेका छन् (घिमिरे माधव, २०५३:२५) । त्यस्तै नेपाली वृहत् शब्दकोशमा कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्वतःस्फूर्त भावनालाई लय वा छन्दमा उनिएको साहित्यिक कृति वा रचनालाई काव्य भनिएको छ (शब्दकोश, २०५५:२१५) । हिमांशु थापाका अनुसार जीवनको क्रमशः प्राप्त विभिन्न भाव, विचार र अनुभूति विशेषको तीव्र र सम्पूर्ण अभिव्यक्ति नै कविता हो ।

यसरी विभिन्न विद्धानहरूले कविता के हो भन्ने बारेमा अनेक मत प्रस्तुत गरेका छन् । तिनमा मतैक्य भने सबैको छैन । वास्तवमा कविता यस्तो साहित्यिक विधा हो जसको भाषा सांगीतिक र लयात्मक हुन्छ । यसका साथै सक्षिंप्तता, स्वस्फूर्तता, प्रभावकारीता आदिलाई कविताले अंगालेको हुन्छ ।

कवितामा रागात्मक हार्दिकता, काल्पनिक उच्छलनको विशेष भूमिका रहेको हुन्छ । कविता साहित्यको पद्य विधा हो, यो भाषाको रागात्मक प्रयोग लयका माध्यमले गरिने उत्कृष्ट विधा हो । भावको गहिराइ, कल्पनाको उन्मुक्त उडान, सौन्दर्यको प्रकटीकरण, अलङ्कारको सुन्दर संयोजन आदिले गर्दा कविता साहित्यका अन्य विधाभन्दा ज्यादै उत्कृष्ट विधा हो । संक्षेपमा भन्नुपर्दा कविता जीवनजगतका सम्पूर्ण अनुभव र अनुभूतिलाई सौन्दर्यात्मक र लयात्मक ढंगले गरिएको भाषिक अभिव्यक्ति हो भन्न सकिन्छ ।

## २.५ कविता सिर्जनाका कारक तत्त्व :

सहृदयहृदयीको अन्तःकरणबाट प्रस्फुटित भावाविव्यक्तिलाई कविता भनिन्छ । विना कारण काव्यको उत्पत्ति र विकास सम्भव छैन । त्यसैले काव्योत्पत्तिको मूल हेतु अवश्य नै हुन्छ । कविता सिर्जना गर्ने प्रेरक वा कारक तत्त्वलाई नै कविताको हेतु वा कारण भनिन्छ । वास्तवमा कविता एउटा रचना भएकाले त्यसका पछाडि कुनै न कुनै कारण अवश्य नै हुन्छ । कविताको उत्पत्ति त बुद्धिको स्फुरणबाट हुने गर्दछ । त्यतिमात्र नभएर कविता उत्पत्तिका मूलभूत कारणहरूमा प्रतिभा, व्युत्पत्ति र अभ्यासको अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ । काव्योत्पत्तिका सम्बन्धमा पूर्वीय साहित्यको सैद्धान्तिक परम्परादेखि पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परासम्मका विभिन्न काव्यशास्त्रीहरूको धारणाहरूको बारेमा अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### *२.५.१ कारक तत्त्वका सम्बन्धमा पूर्वीय दृष्टिकोण :*

पाश्चात्य साहित्यमा भन्दा पूर्वीय साहित्यमा संस्कृत वाङ्मयका काव्यशास्त्रीहरूले काव्योत्पत्तिको कारक तत्त्वको बारेमा निकै चिन्तन गरेको पाइन्छ । यो परम्परा हालसम्म पनि रहेको देखिन्छ । पूर्वीय काव्य परम्परामा काव्योत्पत्तिको कारक तत्त्वका बारेमा सर्वप्रथम आचार्य भामहद्वारा नै औपचारिक चिन्तन मनन भएको हो । यो परम्परा हालसम्म पनि रहेको देखिन्छ । काव्योत्पत्तिको कारणका बारेमा भिना-मसिना मतमतान्तर देखिएता पनि प्रायः सबै काव्यशास्त्रीहरूको निचोड एउटै देखिन्छ । सबैको रायमा काव्योत्पत्तिको मूलकारण नै प्रतिभाशक्ति हो । वामन, रुद्रट, जगन्नाथ आदिले प्रतिभाशक्तिलाई नै प्रमुख काव्योत्पत्तिको कारण मानेका छन् भने दण्डी, वामन, जयदेव आदिले प्रतिभा, व्युत्पत्ति र अभ्यास यी तीनैवटालाई काव्योत्पत्तिको मूल कारण स्विकारेका छन् ।

***प्रतिभाशक्ति :***

नितान्त मौलिक र नवीनतम काव्य रचना गर्ने अन्तर्निहित प्रज्ञालाई प्रतिभा भनिन्छ । प्रतिभाशक्तिबिना काव्योत्पत्ति असम्भव नै हुन्छ । व्यक्तिपिच्छे प्रतिभाशक्ति फरक-फरक हुन्छ । प्रतिभाशक्ति जन्मजन्मान्तरदेखिका वासनाबाट फुरेको स्फुरण हो । प्रतिभाशक्ति भावयित्री र कारयित्री गरी दुई प्रकारका हुन्छन् । कसैकसैले सहज प्रतिभा र उत्पाद्य प्रतिभा गरी दुई प्रकारका प्रतिभाशक्ति हुन्छन् भनेका पनि छन् । उत्पाद्य भन्दा सहज प्रतिभा अत्यन्त महत्त्वपूर्ण मानिन्छ । कारयित्री प्रतिभाशक्ति स्रष्टापरक हुन्छ भने भावयित्री प्रतिभाशक्ति द्रष्टापरक हुन्छ । प्रतिभालाई मम्मटले प्रमुख काव्योत्पत्तिको शक्तिको रूपमा लिएका छन् । आचार्य जगन्नाथले काव्योत्पत्तिको मूल कारण प्रतिभा नै हो भन्दै यो कसैलाई महापुरुषादिको कृपाद्वारा प्राप्त हुन्छ भने कसैलाई विलक्षण शास्त्रज्ञान निरन्तर गरिरहने अभ्यासद्वारा हुन्छ । उनले काव्योत्पत्तिको मूल कारणको रूपमा प्रतिभा र बुद्धिको

स्फुरण नै लोकशास्त्र आदिको अनुसन्धान, शिक्षाअभ्यास र देवता सिद्धहरूको प्रसाद जस्ता धेरै साधन त्यही प्रतिभाको सिद्ध गर्ने प्रतिभाहरू हुन् भनेका छन् (सिग्द्याल, २०५८:७८-७९) । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने काव्योत्पत्तिका अन्य कारणहरूमा प्रतिभाशक्ति अत्यन्त महत्वपूर्ण काव्यशक्तिका रूपमा रहेको देखिन्छ । यो काव्योत्पत्तिको पहिलो र प्रमुख कारण पनि हो ।

*व्युत्पत्ति :*

व्युत्पत्तिलाई पूर्वीय काव्यशास्त्रीहरूले काव्योत्पत्तिको दोस्रो कारणका रूपमा लिएका छन् । बहुशास्त्र अध्ययन र लोकब्यवहारबाट प्राप्त गरिने ज्ञान नै व्युत्पत्ति हो । काव्योत्पत्तिको दोस्रो कारक तत्त्वका रूपमा स्विकार्ने काव्यशास्त्रीहरूमा दण्डी, मम्मट, वाग्भट आदि पर्दछन् । व्युत्पत्तिलाई कतिपय विद्धानहरूले शास्त्रज्ञान, लोकब्यवहार र शास्त्रमा निपूणता भनी उल्लेख गरेका छन् । उत्पत्तिका बारेमा दण्डी र मम्मटका विचारहरू बढी सान्दर्भिक देखिन्छन् । मम्मटले शास्त्रज्ञान, लोकब्यवहार र काव्यको अध्ययनबाट प्राप्त निपूणता तथा काव्यज्ञको सहचार्यबाट उत्पन्न शिक्षा आदिलाई नै समष्टिमा काव्य हो भन्ने आशय प्रकट गरेका छन् (मम्मट, २०४२:१६) । दण्डीका विचारमा प्रशस्त दोषरहित शास्त्रज्ञान नै व्युत्पत्ति हो भनेका छन् । रुद्रटले संक्षेपमा छन्द, व्याकरण, कला, लोकस्थिति र पद-पदार्थको विशेष ज्ञानबाट योग्य-योग्यको ज्ञान हुनु नै व्युत्पत्ति हो भनेका छन् (पूर्ववत् ........) । सर्वज्ञ बन्नु नै व्युत्पत्ति हो भन्ने आशय रुद्रटको छ । त्यस्तै हेमचन्द्र मानवीय उचित-अनुचित विवेक नै व्युत्पत्ति हो भन्दछन् । कविले व्युत्पत्ति बढाउन लोकशास्त्र र काव्यशास्त्रमा निपूणता हासिल गर्नुपर्दछ । ज्ञानविना प्रतिभाबाट मात्रै असल काव्य सिर्जना हुन सक्दैन । तसर्थ काव्योत्पत्तिको कारणमा केवल प्रतिभा मात्र नभएर लोकब्यवहारिक ज्ञान तथा विभिन्न शास्त्रहरूको ज्ञान आर्जन गरी व्युत्पत्ति बढाउनुपर्ने कुरामा प्रायः सबै जसो विद्धानहरूको मतैक्य देखिन्छ । व्युत्पत्तिले कविको प्रतिभालाई तिखारी अझ सशक्त र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने काम गर्दछ । त्यसैले व्युत्पत्तिका लागि लोक, विधा र प्रकीर्णको राम्रो ज्ञान हुन आवश्यक देखिन्छ । यी काव्याङ्गको राम्रो ज्ञान भई उचितानुचित विवेक बढाउने शक्ति नै व्युत्पत्ति हो । अर्थात् लोक ब्यवहार र सम्पूर्ण शास्त्रको ज्ञानमा पारगंत हुनु नै व्युत्पत्ति हो ।

*अभ्यास :*

निरन्तरको साधना र बारम्बारको आवृत्तिबाट हुने काव्यात्मक प्रवृत्तिलाई अभ्यास भनिन्छ । प्रतिभा र व्युत्पत्तिलाई परिष्कृत र परिमार्जित गराउने काम अभ्यासबाटै सम्भव हुन्छ । त्यसैले काव्योत्पत्तिको अर्को महत्त्वपूर्ण कारक तत्त्वका रूपमा अभ्यासको पनि आवश्यकता हुन्छ ।

प्रतिभाशक्ति र सर्वज्ञेय विषयको व्युत्पत्ति साथमा लिएर असल र सज्जन कविको अनुरोधमा रही दिनरात काव्यरचनामा लागिरहनु नै अभ्यास हो भन्ने धारण रुद्रटको छ (सिग्द्याल, २०५८:७९) । राजशेखरले निरन्तर रूपले गरिएको अभ्यास वा बारम्बार गरिएको काव्यरचना नै अभ्यास हो भनेका छन् (राजशेखर, १९७९:५९) । यिनले अभ्यास संगसंगै समाधिको पनि उल्लेख गरेका छन् । मनको एकाग्रता नै समाधि हो भन्ने आशय राजशेखरको देखिन्छ (पूर्ववत् ..........) । विना अभ्यास समाधि पनि सम्भव छैन । समाधि भनेको एकाग्रता हो, एकाग्रताको बानी कविमा अवश्य नै हुनुपर्दछ । तरपनि विना अभ्यास समाधिले मात्र कविता लेख्न सकिँदैन । कवितालाई साकार रूप प्रदान गर्न त प्रतिभा, व्युत्पत्ति र अभ्यास यी तीनै कारक तत्त्वको आवश्यकता पर्दछ । कविता उत्पत्तिको एउटै मात्र कारण हो, प्रतिभा । यो विना काव्यको कल्पना नगरे पनि हुन्छ तर पनि प्रतिभा बढाउनका लागि व्यवहारिक ज्ञान र विभिन्न शास्त्रहरूको ज्ञान गरी निरन्तरको साधना अवश्य नै आवश्यक देखिन्छ ।

### *२.५.२ कारक तत्त्वका सम्बन्धमा पाश्चात्य दृष्टिकोण :*

पूर्वीय काव्यशास्त्रीहरूले झैं पाश्चात्य विद्धानहरूले पनि काव्योत्पत्तिको कारक तत्त्वका बारेमा चर्चा गरेका छन् । अरस्तुभन्दा पहिले अलौकिक दैविक शक्तिको प्रेरणालाई नै काव्योत्पत्तिको कारण मानिन्थ्यो । होरेसले आविष्कार (प्रतिभा), विवेक, शास्त्रज्ञान र चिन्तन (समाधि) लाई काव्योत्पत्तिको कारण मानेका छन् । लोन्जाइनस प्रतिभा, अध्ययन र अभ्यासलाई काव्योत्पत्तिको प्रमुख हेतु मान्दछन् । अरस्तुका विचारमा कला प्रकृतिको अनुकरण हो । त्यसैले काव्योत्पत्तिका लागि प्रतिभा आवश्यक पर्दछ भन्ने मान्यता उनको छ । सिग्मन फायडले मान्छेका अवचेतन मनमा दमित भावना, कामना र चाहनाको क्षतिपूर्तिको आग्रह नै काव्योत्पत्तिको कारण हो भनेका छन् (उपाध्याय, २०४९:२१) । यस्तै यड्लर र युङ्गले मानव जीवनको अवचेतन मनको कार्यव्यापारलाई काव्योत्पत्तिको हेतु मानेका छन् । यसरी पाश्चात्य काव्यपरम्परामा पनि काव्योत्पत्तिका अनेक कारणहरूको चर्चा भएको छ । जे होस् काव्योत्पत्तिका लागि प्रतिभा प्रमुख कारक तत्त्व हो भने गौण काव्यकारणमा अध्ययन (व्युत्पत्ति) र अभ्यासलाई समावेश गरिएको पाइन्छ । जे होस् पूर्व पश्चिमका विभिन्न मतहरूका आधारमा कविता लेखनको प्रमुख कारक तत्त्वहरूमा प्रतिभा, व्युत्पत्ति र अभ्यास नै महत्त्वपूर्ण देखिन्छ । तिनलाई क्रमशः पूरक, निमित्त र उपादान कारकका रूपमा लिन सकिन्छ ।

### *२.५.३ कारक तत्त्वका सम्बन्धमा नेपाली दृष्टिकोण :*

नेपाली काव्यशास्त्रीहरूले पनि काव्योत्पत्तिका बारेमा आ-आफ्नै धारणा प्रस्तुत गरेका छन् । नेपाली साहित्यमा यस्तो परम्परा कोपिला अवस्थामा रहेको देखिन्छ । यसको लामो इतिहास पनि

छैन । महाकवि देवकोटाले कलाको उत्पत्ति मनुष्यको अनन्त चेतनाको प्रतिभाबाट हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (उपाध्याय, २०४९:२७) । त्यसैगरी कल्पना निबन्धमा उनले स्वस्थ कल्पनाले मानिस कवि हुन्छ भन्ने अभिप्राय व्यक्त गरेका छन् (पूर्ववत् ........) । यसबाट के प्रतीत हुन्छ भने कल्पना र प्रतिभा नै काव्योत्पत्तिको मूल कारण हो । समले पनि कारुणिक भावना वा चेतनालाई प्रतिभाका रूपमा स्वीकारी काव्योत्पत्तिको प्रमुख कारक तत्त्व प्रतिभा नै हो भन्ने आशय व्यक्त गरेका छन् । यस्तै वरिष्ठ समालोचक रामकृष्ण शर्माले प्रतिभा र अनुकरणीय अभ्यासलाई काव्योत्पत्तिको हेतु मानेका छन् । यसरी के बुझ्न सकिन्छ भने काव्योत्पत्तिका लागि अत्यावश्यक तत्त्वमा सर्वप्रथमतः प्रतिभा शक्तिलाई नै मानिएको पाइयो । अन्य कल्पना, अभ्यास आदिलाई गौण तत्त्वका रूपमा स्विकारेको पाइन्छ । जे होस् काव्योत्पत्तिका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यासकै आवश्यकता पर्दछ भनी ठोकुवा गर्न सकिन्छ ।

यसरी पूर्वीय, पाश्चात्य र नेपाली साहित्यका समालोचक विद्वानहरूका काव्योत्पत्ति सम्बन्धी विभिन्न अवधारणाहरू आ-आफ्नै ढंगका देखिन्छन् । यिनीहरूका धारणालाई आत्मसात् गर्दै निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ :-

काव्योत्पत्तिका लागि प्रतिभा नभई नहुने कुरा हो भने त्यो प्रतिभालाई क्रियाशील बनाउनका लागि विभिन्न शास्त्रहरूको गहन अध्ययन गरी विभिन्न ब्यवहारिक ज्ञान प्राप्त गर्नुपर्दछ । अर्थात व्युत्पत्ति बढाउँदै जानुपर्दछ । त्यसका लागि निरन्तर साधनारत भई कवि अभ्यस्त हुनुपर्दछ । विना अभ्यास व्युत्पत्ति बढ्दैन, विना व्युत्पत्ति कविताको स्फुरण हुँदैन । अतः अन्तर्निहित प्रतिभालाई मानवीय जीवनजगत्का घटनाले प्रभाव पार्दा त्यसको प्रतिक्रियास्वरूप काव्योत्पत्ति हुने गर्दछ । काव्य सिर्जना गर्नका लागि धेरै शास्त्रीय ज्ञान आर्जन गर्ने, निरन्तर साधना गर्ने र कल्पनाशील हृदयलाई सशक्त बनाउने प्रयास गर्नुपर्दछ । त्यसैले व्यक्तिप्रतिभालाई साकार रूप प्रदान गर्न व्युत्पत्ति र अभ्यासको पनि त्यत्तिकै आवश्यकता पर्दछ ।

## २.६ कविताको प्रयोजन :

कविता लेखनको उद्देश्यलाई प्रयोजन भनिन्छ । मानवीय अन्तस्करणबाट स्फुरण हुने हार्दिक भावाभिव्यक्ति नै कविता हो । कुनै पनि कार्य बीना कुनै प्रयोजन गरिदैन र कविता पनि विना प्रयोजन लेखिदैन । अर्थात् कविताको पनि कुनै न कुनै प्रयोजन अवश्य नै रहेको हुन्छ । प्रयोजनले कुनै पनि कविताको रचना किन गरिन्छ भन्ने कुराका बारेमा जिज्ञासा राख्छ । मानवीय भावाभिव्यक्तिलाई रागात्मक, कलात्मक र आलङ्कारिक भाषा प्रयोग गरी लेखिने कविताले मानव जीवनलाई सार्थक र सफल तुल्याउने उद्देश्य राखेको हुन्छ । कविताले बौद्धिक, हार्दिक र भावात्मक

अभिव्यक्ति प्रदान गर्छ । कविता लेखन कलात्मक र सौन्दर्यात्मक हुने गर्दछ । यति भन्दैमा काव्यप्रयोजनबाट पन्छिन भने मिल्दैन । त्यसैले काव्यप्रयोजनका बारेमा पूर्वीय, पाश्चात्य तथा नेपाली परम्पराका चिन्तनमननलाई अध्ययन र विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

*२.६.१ पूर्वीय साहित्यमा कविता प्रयोजन :*

पूर्वीय साहित्यमा काव्यप्रयोजनको इतिहास लामो छ । मूलतः नाट्यशास्त्रका प्रणेता भरतमुनिदेखि नै कविता प्रयोजनको चिन्तनमनन परम्परा आरम्भ भएको मानिन्छ । उनले चर्तुर्वगफलप्राप्ति, आयु, कीर्ति र कल्याण प्राप्ति तथा बुद्धिविकास र लोक उपदेश प्रदान गर्ने जस्ता कुरालाई नाट्य (काव्य) प्रयोजनका रूपमा प्रस्तुत गरेका छन् । भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष प्राप्ति, कलामा निपुणता, कीर्तिप्रीति प्राप्त हुन्छ भनी काव्यप्रयोजनका बारेमा समीक्षा गरेका छन् (उपाध्याय, २०४९:२९) । आचार्य कुन्तकले पनि चार पुरुषार्थका साथै चित्तलाई आनन्द प्रदान गर्ने उद्देश्य कवितामा हुनु पर्दछ भन्ने आशय प्रकट गरेका छन् । मम्मटले यश, धन, व्यवहारज्ञान, अमङ्गल नाश, आनन्दप्राप्ति र प्रेयसीको मधुर वाणी झैं उपदेशलाभ नै कविता प्रयोजन हो भनेका छन् (मम्मट, २०४६:१०) । आनन्दवर्धनले रसको निष्पत्ति र चर्तुर्वगफलप्राप्तिलाई कविता प्रयोजन मानेका छन् । यी विभिन्न परिभाषाहरूमध्ये काव्यप्रकाशकार आचार्य मम्मटको काव्यप्रयोजनलाई वैज्ञानिक र महत्त्वपूर्ण मान्न सकिन्छ । उनले कविता प्रयोजनलाई लेखकीय र पाठकीय दृष्टिकोणलाई ज्यादै समन्वयात्मक प्रस्तुति गरेका छन् । काव्यबाट कविलाई यश र धन प्राप्ति हुन्छ अनि अमङ्गल नाश हुन्छ भने पाठकलाई पनि व्यवहारिक ज्ञान र परमानन्दको अनुभव र प्रेयसीवचनमाधुरी उपदेश उपलब्ध हुन्छ । त्यसैले यो विचार बढी वैज्ञानिक र निर्णायक कविताप्रयोजनका रहेको छ ।

*२.६.२ पाश्चात्य साहित्यमा कविता प्रयोजन :*

पाश्चात्य साहित्यिक परम्परामा पनि कविता प्रयोजनका बारेमा थुप्रै चिन्तनमनन भएका प्रमाणहरू पाइन्छन् । प्राचीन समीक्षक अरस्तुले आनन्द र शिक्षालाई कविताको प्रयोजन मानेको, कवि होमरले आनन्दप्राप्तिलाई नै एकमात्र काव्यप्रयोजनको तत्त्व मानेको तथा हडसनका विचारमा कविताको खास प्रयोजन आनन्द प्रदान गर्नु हो भन्ने रहेको बुझिन्छ (उपाध्याय, २०४९:३४) । प्रगतिवादी विचारमा जनहित र परिवर्तनको सन्देश नै कविताको उद्देश्य रहेको हुनुपर्दछ भन्ने देखिन्छ (पूर्ववत् ......३५) । अर्का विद्वान कलरिजका विचारमा आनन्दको सम्प्रेषण गर्नु नै कविताको प्रयोजन हो । रस्किनले नैतिक शिक्षालाई काव्यप्रयोजन मान्दै कुनै राष्ट्रको कला उसको नैतिक चरित्रको द्योतक हुन्छ भनेका छन् र कतिपय मनोवैज्ञानिकहरूका विचारमा कविताप्रयोजन कविको

अहम्‌को तुष्टि हो भन्दछन् । यसरी यी विभिन्न विचारको मनन गर्दा आनन्दवादी प्रयोजन र उपदेशवादी प्रयोजनका रूपमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । केही विद्वानहरूले भने समन्वयवादी धारणा व्यक्त गरेका छन् । कतिपय समीक्षकहरूचाहिँ नैतिक शिक्षा नै काव्यको प्रयोजन हो भन्ने कुरा अघि सार्दछन् । जे होस् कविताले नैतिक शिक्षा, आनन्दप्रदान, आत्म सन्तुष्टि र उपदेशमूलक शिक्षा प्रदान गर्नु पर्छ ।

### *२.६.३ नेपाली साहित्यमा कविता-प्रयोजन :*

नेपाली साहित्यका समीक्षकहरूले पनि कविता प्रयोजनसम्बन्धी धारणा प्रस्तुत गरेका छन् । वालकृष्ण समले समाजसुधार गर्नु र हृदयलाई कोमल बनाउनु कविताको उद्देश्य मानेको देखिन्छ ( पूर्ववत् ....३०) । लक्ष्मीप्रसाद देवकोटाले आनन्द, सौन्दर्यबोध र हृदयशिक्षणलाई काव्यप्रयोजन मानेको बुझिन्छ (सुवेदी, २०५६:३०) । मोहन कोइरालाले कलात्मक रूपले माझिएको भाषाले प्रभाव पार्न सक्ने कविता मानव कल्याणको निमित्त हुनुपर्दछ भन्ने मान्यता प्रस्तुत गरेका छन् (पूर्ववत् ....३२) । नेपाली साहित्यमा पनि काव्यप्रयोजनका रूपमा आनन्दप्रदान, सौन्दर्यबोध र समाजकल्याण जस्ता वैशिष्ट्लाई आत्मसात् गरेको पाइन्छ । वास्तवमै कविताले बहुजनहित र आनन्द प्रदान गर्ने उद्देश्य राख्नु पर्दछ ।

यसरी यी सम्पूर्ण विद्वानहरूका विभिन्न काव्यप्रयोजनसम्बन्धी धारणाबाट के बुझ्न सकिन्छ भने काव्य त्यत्तिकै लेखिदैन, काव्यशास्त्रको अध्ययन र श्रवण गर्नाले आनन्द तथा सन्तुष्टि पाउन सकिन्छ । पौरस्त्य साहित्यमा भरतमुनिदेखि जगन्नाथसम्मका काव्यशास्त्रीहरूले काव्यले हार्दिक आनन्द र ब्यवहारिक शिक्षा प्रदान गर्दछ भन्ने मान्यता अघि सारेका छन् । यिनीहरूले मुख्य र गौण प्रयोजनका रूपमा श्रेय र प्रेय भनी दुबैलाई काव्यप्रयोजन मानेका छन् । यिनीहरू चारपुरुषार्थप्राप्ति, समाजकल्याण, सहजजीवनयापन, यश र कीर्ति प्राप्त गर्ने उद्देश्यले नै कविता लेखिन्छ भन्दछन् । यी विचारलाई कसैले आनन्द, कसैले शिक्षा वा नैतिक उपदेश र कसैले सामाजिक उत्थानलाई काव्यप्रयोजन मानेको देखिन्छ । वास्तवमा कविताले आनन्दप्रदान, शिक्षाप्राप्ति, सौन्दर्यबोध र सामाजिक कल्याण गर्नु पर्छ । कविताको प्रयोजन मुख्य, ब्यवहारिक, वैयक्तिक र आन्तरिक गरी चार भागमा छुट्याएर अध्ययन गर्न सकिन्छ । मुख्यमा आनन्दप्राप्ति, ब्यवहारिकतामा लोकब्यवहार, वैयक्तिकतामा धनआर्जन तथा आन्तरिकमा कीर्ति प्राप्ति र तृप्ति नै काव्यका मूलभूत प्रयोजन हुन् भन्न सकिन्छ ।

# तृतीय - परिच्छेद

## कविताको विधागत स्वरूप, आयाम र तत्त्व

### ३.१ कविताको विधागत स्वरूप :

साहित्यका अन्य विधाहरू जस्तै कविता पनि अत्यन्त महत्त्वपूर्ण विधा हो । यो पूर्वपश्चिम दुबै साहित्यको इतिहासमा प्राचीन विधा पनि हो । यसका पनि आ-आफ्नै रूप संरचना छन् । कविताको सानो झिल्कोदेखि ठूला-ठूला आख्यानात्मकता बोकेका महाकाव्यात्मक स्वरूपसम्म फेला पार्न सकिन्छ । कविताको लघु एकाइ फुटकर कविता हो भने दीर्घ एकाइ महाकाव्य हो । यही एकाइकै हिसाबमा कविताको विधागत स्वरूप निर्धारण गर्न सकिन्छ । कविताको विधागत स्वरूप निर्धारण गर्न कविताका लघु रूप देखि वृहद् रूपसम्मका आयामिक विस्तारलाई अध्ययन गर्नुपर्दछ । कविताको आयामिक क्षेत्रनिर्धारणबाट नै कविताको विधागत स्वरूप निर्धारण गर्न सकिन्छ । त्यसैले आयामिक हिसाबले कविताको विधागत स्वरूपलाई यसरी विभाजन गर्न सकिन्छ :-

*लघुकविता :-* *मुक्तक, हाइकू, फुटकर कविता ।*

*मध्यम कविता :-* *लघुकाव्य, खण्डकाव्य, कोशकाव्य र लामो कविता ।*

*वृहत् कविता :-* *ललित महाकाव्य र विकसित महाकाव्यहरू ।*

यसरी कवितात्मक स्वरूप, आख्यानात्मक स्वरूप र संरचनात्मक दृष्टिकोणका आधारमा कविताको विधागत स्वरूप निर्धारण गर्न सकिन्छ । कविता दुई हरफे मुक्तकदेखि लिएर छ-सात पंक्तिसम्मका रचना लघुतम कविता अन्तर्गत पर्दछन् । मुक्तक, हाइकू, गीत, सूक्ति आदि यसका उदाहरणहरू हुन् । लघुतम कविताभन्दा केही सुसंगठित स्वरूप बोकेका कविता नै लघु कविता हुन् । यस्ता कवितामा सात-आठ पंक्तिदेखि सयौं पंक्तिहरू रहेका हुन्छन् । यसलाई केही आयामिक विस्तार भएको स्वरूप मान्न सकिन्छ । यसमा जीवनजगतको कुनै एक पक्षको अभिव्यक्ति प्रस्तुत हुन्छ । यस्ता कवितामा गीत, गजल, स्तोत्र, सनेट आदि पर्दछन् । लेखनाथ पौड्यालको **'सत्य-सन्देश'**, देवकोटाको **'भिखारी'**, माधवप्रसाद घिमिरेको **'वैशाख'** आदि लघु कविताका उदाहरणहरू हुन् ।

कविताको विधागत स्वरूप र आयामलाई अझ फराकिलो पार्दै लाने हो भने यसको निम्ति कुनै पनि जीवनको कालखण्डको घटना, कथानक, पात्र, रस आदि व्यवस्था भएका कविताका स्वरूप क्रमशः उत्तरोत्तर विस्तार भएका खण्डकाव्य र महाकाव्यजस्ता कविताको स्वरूप ग्रहण गर्न सक्छन् । संस्कृत परम्परामा खण्डकाव्यका अतिरिक्त कोशकाव्य, लघुकाव्य, परिकथा, खण्डकथा आदिलाई पनि समावेश गरिएको पाइन्छ । नेपाली काव्यपरम्परामा गीतिकाव्य, शोककाव्य, गाथाकाव्य आदिलाई पनि कविताको मध्यमका रूपमा लिने गरिन्छ । यस्ता काव्यमा जीवनको एक अंशको कथन गर्ने

आख्यान, थोरैपात्र, मझौला आयाम आदि पर्दछन् । देवकोटाको ‘मुनामदन’, ‘कुञ्जिनी’ पौड्यालको ‘ऋतु-विचार’ आदि मध्यम कविताको स्वरूपमा लेखिएका कविता हुन् ।

यसरी यी मझौला रूपभन्दा अझ फराकिलो दायरा बढाउँदै जाँदा कविताको वृहत्तर र वृहतम रूप देखा पर्दछन् । यस्ता कवितामा जीवनजगतको विस्तृत र व्यापक आयाम थपिएको पाइन्छ । यस्ता काव्यमा रस, सर्गबद्धता, फराकिलो आख्यान, पात्रमा विविधता जस्ता कुराको स्पष्टता हुन्छ । सिङ्गै जाति, समाज र सभ्यतासमेत अटाउन सक्ने कविताको विस्तृत व्यापक आयाम नै वृहत् र वृहतम कविता विधा हो । यी विभिन्न पक्षलाई केलाउँदा महाकाव्यात्मक स्वरूपमा विविधता र विशालता अवश्य नै हुन्छ । त्यसैले कवित्व कलाको उच्च र सर्वोच्च रूपमै ललित महाकाव्य विकासशील महाकाव्य हो । यस्ता महाकाव्यहरूमा भानुभक्तको ‘रामायण’, देवकोटाको ‘सुलोचना’ र ‘शाकुन्तल’, समको ‘चिसो-चूल्हो’ आदिलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## ३.२ कविताको आयाम :

कविताले ओगट्ने कालिक लम्बाइ नै आयाम हो । अर्थात् कथन-श्रवण कालको क्षेत्र नै आयाम हो । कुनै पनि वस्तुको मापन झैं कविताको पनि विभिन्न आधारमा आयामिक दृष्टिले मापन गर्न सकिन्छ । कविताको वाचन र श्रवण समयावधिका आधारमा कविताको आयामलाई निर्धारण गर्न सकिन्छ । कविताको लम्बाइ, चौडाइ र उचाइलाई मापन गर्न सकिन्छ । कविताको आकृतिगत स्वरूपमा क्रमशः फराकिदै जाने क्रममा कविताको आयामिक क्षेत्र पनि विस्तार भएको मानिन्छ । कवितालाई बद्ध र मुक्त गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कवितालाई जति विस्तार र व्यापक बनाउँदै लगिन्छ त्यति नै त्यसको आयाम पनि बढ्दै जान्छ । त्यसैले मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, आदिमा बेग्ला-बेग्लै आ-आफ्ना आयाम हुन सक्ने देखिन्छ ।

## ३.३ कविताको विधागत वर्गीकरण :

विधा भन्नाले साहित्यलाई प्रस्तुत गर्ने माध्यम भन्ने बुझिन्छ । साहित्यका अनेक विधाहरूमध्ये कविता एक महत्त्वपूर्ण र प्रमुख विधा हो । प्रचीन कालमा कवितालाई पद्य भन्ने गरिन्थो । आधुनिक समयमा पद्यले छन्दोबद्ध कवितालाई मात्र चिनाउने गर्दछ । आज न्यूनलयमा रचित गद्यकवितालाई पद्य शब्दले समेट्न सकेको देखिँदैन । कविता भन्नाले गद्यपद्यात्मक भावाभिव्यक्तिमूलक रचना हो । साहित्यका मूलतः श्रव्य र दृश्य गरी दुई भेद पाइन्छन् । साहित्यको श्रव्य भेद अन्तर्गत हाल गद्यलाई भिन्नै शाखाका रूपमा चिनाउने गरिन्छ । जीवनजगत्का सम्पूर्ण

अनुभव र अनुभूतिलाई भाषा-शैलीगत दृष्टिले गद्य होस् या पद्य जुनसुकै शैलीमा लेखिएता पनि लयबद्ध रूपमा प्रस्तुत गरिन्छ भने त्यसलाई कविता भनिन्छ । कविता विधालाई साहित्यका अन्य विधा कथा, उपन्यास, नाटक, निबन्ध आदि विधाभन्दा भिन्नै विधाका रूपमा स्विकार्नु पर्ने कारणहरूमा लयबद्धता तथा हार्दिक र रागात्मक अभिव्यक्ति नै हो । संक्षेपमा भन्नुपर्दा भाषाका माध्यमद्वारा लयात्मक ढंगले गरिएको जीवनजगत्को रागात्मक कथन नै कविता हो (सुवेदी, २०५७:९) । शैलीका, कथनपद्धति र आबद्धताका आधारमा कवितालाई मूलतः तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

### *३.३.१ भाषाशैलीका आधारमा कविता :*

भाषाशैलीका आधारमा कविता गद्य र पद्य गरी दुई प्रकारका हुन्छन् । वर्तमान समयमा गद्य र पद्यलाई मुक्त र बद्ध कविताका नामले पनि चिनिन्छ । छन्दमा नलेखिएका वा मुक्त छन्दमा लेखिएका गद्यात्मक कवितालाई मुक्त कविता भनिन्छ भने छन्दमा बाँधिएका पद्यात्मक कवितालाई बद्ध कविता भनिन्छ । छन्दोबद्ध कविता लेख्न पूर्णरूपमा शास्त्रीय छन्दको गहन अध्ययन हुनुपर्दछ भने गद्य कविता लेख्नका लागि स्वतन्त्र शैली अपनाउन सकिन्छ । यति भनेर मात्र कविताको भाषाशैलीगत भेद नखुल्ने र स्पष्ट नहुने हुनाले गद्य र पद्य कविताका सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु सान्दर्भिक हुन्छ ।

#### *३.३.१.१. गद्यकविता :*

धातुपाठ अनुसार गद् धातुबाट बनेको गद्य शब्दले छन्दोबद्ध नभएको केवल वाक्यमालालाई जनाउँछ (सिग्द्याल, २०५७:९८) । स्वतन्त्र र मुक्त छन्दमा लेखिएको कवितालाई गद्यकविता भनिन्छ । यसलाई बेछन्दे कविता पनि भन्ने गरिन्छ । भाषाको स्थूल र न्यूनलयात्मक रूप नै गद्य हो । गद्य कवितामा गणहरूको मिलान, गति, यति र विराम आदिको व्यवस्था हुँदैन । यो स्वतन्त्र हुने हुनाले यसलाई मुक्त छन्द पनि भन्ने गरिन्छ । गद्यशैलीका कवितामा भावको गहनता, शब्दविन्यासको विचित्रता, उदात्त हार्दिकता र लयबद्धता जस्ता थुप्रै वैशिष्ट्यहरू पाउन सकिन्छ । वैदिक वाङ्मयमा छन्दोबद्ध नभएको यजुर्वेदलाई गद्यरूप मानिन्छ । ब्राह्मण ग्रन्थहरूमा पनि प्रशस्तै गद्यरूप पाइन्छन् । महाभारत र पुराणहरूमा पनि ठाउँ-ठाउँमा छन्द नभएका गद्यरूप पाइन्छन् । यसबाट के थाहा हुन्छ भने गद्यात्मक कविता लेखन पनि प्राचीन कालबाट सुरु भएको हो । गद्यमा छन्दको छेकबार नहुने भएकाले कवितामा स्वतः सौन्दर्य बढ्छ नै । परन्तु विना अभ्यास गद्य कविता लेखन संभव हुँदैन । त्यसैले गद्य कविपरीक्षाको कसी हो (कादम्बरी, २०२२:३) । गद्य कविता लेखन पनि विना अभ्यास

सम्भव हुँदैन । गद्य कविता स्वतन्त्र ग्राह्य लय वा बिम्ब एवं प्रस्तुतिका ढाँचामा विशिष्टता प्रदान गरेर लेख्न सकिन्छ । गद्य शैलीमा कविता लेख्ने परिपाटी पाश्चात्य कविता परम्परामा पनि त्यत्तिकै मौलाएको छ । गद्य शैलीमा स-साना कविता देखि ठूला-ठूला कविताहरूसमेत लेखिएका उदाहरणहरू प्रशस्तै पाइन्छन् । गद्य कविता स्वतन्त्र र उन्मुक्त रूपमा कुनै पनि सीमित दायरामा नबिर्सी आफ्ना भावना व्यक्त गर्न सकिने अत्यन्त नवीन माध्यम हो । संस्कृतमा गद्य कविताका चार भेद पाउन सकिन्छ :

छन्दको कुनै पनि आभास नभएको वा स्वतन्त्र रूपमा लेखिएको र समास पनि नभएको कवितालाई मुक्तक भनिन्छ । मुक्तक गद्य शैलीमा पनि लेखिन्छ । वृत्त वा छन्दको कहिं कतै आभास हुने गद्य कवितालाई वृत्तगन्धि भनिन्छ । छन्द नभए पनि कहींकतै छन्दको टुक्रा जस्तो देखिने र समास भएको कविता नै वृत्तगन्धि हो । गद्य कविताको अर्को भेद नै उत्कलिका हो । लामो-लामो समास भएको गद्य कवितालाई उत्कलिका भनिन्छ । स-साना समस्त शब्द प्रयोग गरी लेखिने कवितालाई चूर्णक भनिन्छ । यस्तो कवितामा छोटा-छोटा समस्त शब्द भएका पदावलीको प्रयोग गरिन्छ ।

*३.३.१.२. पद्यकविता*

भाषाको सूक्ष्म र लयात्मक प्रयोग नै पद्य हो । पद्यबद्धतरिकाद्वारा लेखिने कवितालाई पद्यकविता भनिन्छ । पद्यमा गीत र कविताहरू प्रशस्तै पाइन्छन् । चारवटा पद (पाउ) भएको श्लोकलाई पद्य कविता मानेको पाइन्छ । कवि गंगादासले चार पाउमा लेखिएको कवितालाई पद्य भनिन्छ भनी उल्लेख गरेका छन् (सिग्द्याल, २०५७:९८) । पद भनेको चरण हो । सामान्यतया चार चरण भएको चतुस्पदी कवितालाई पद्य कविता भनिन्छ । शास्त्रीय परम्पराका मान्यताहरू, तथा तिनले अपेक्षा गरेका विम्ब, अलङ्कार, गुण जस्ता वैशिष्ट्यहरू पद्य कवितामा पाइन्छन् । मूलतः पद्य कवितामा पनि वृत्त र जाति गरी दुई भेद गरिएका छन् (पूर्ववत् .........) ।

*वृत्त :*

जसमा अक्षरहरूको गणना गरेर पदहरूको स्वरूप निर्धारण गरिन्छ, त्यस्तो पदलाई वृत्त भनिन्छ । सम, अर्धसम र विषम गरी वृत्त पनि तीन प्रकारका हुन्छन् । जुन पद्यमा चारवटै चरण ( पाउ) एकै प्रकारका हुन्छन् त्यसलाई समवृत्त भनिन्छ । जस्तै शिखरिणी, मन्दाक्रान्ता, शार्दूलविक्रीडित आदि । जसको प्रथम तृतीय तथा द्वितीय चतुर्थ चरणमा समानता हुन्छ त्यस वृत्तलाई अर्धसमवृत्त भनिन्छ । 'सुन्दरी' अर्धसमवृत्तको उदाहरण हो । जसका चारवटै पदहरू छुट्टाछुट्टै प्रकारका हुन्छन् त्यसलाई विषमवृत्त भनिन्छ, उद्‌गता वृत्त त्यसको उदाहरण हो ।

*जाति :*

मात्राको गणनाद्वारा पदको स्वरूप निर्धारण गरिने पद्यलाई जाति भनिन्छ । यसमा पद्यकविता भए पनि प्रायः मात्राको गणना गरिन्छ । यसमा वर्णहरूको वास्ता हुँदैन । तर मात्राको अनुशासन ज्यादै रहेको हुन्छ । लघु अक्षरलाई एक मात्रा र गुरु अक्षरलाई दुई मात्रा मानी जाति छन्दमा कविता लेखिन्छ । आर्या, दोहा, ललित, चौपाइ आदि जाति छन्दका नाम हुन् ।

*३.३.२ कथनपद्धतिका आधारमा कविता :*

कथन पद्धति भन्नाले भनाइको तरिका भन्ने बुझिन्छ । कविता रागात्मक अभिव्यक्ति भएकाले यसको कथनशैलीको अध्ययन गर्नु आवश्यक देखिन्छ । कथनपद्धति तीन प्रकारको हुन्छ : क) लेखकीय कथनपद्धति, ख) आख्यानीकृत कथनपद्धति र ग) नाटकीकृत कथनपद्धति ।

*३.३.२.१. लेखकीय कथनपद्धति*

लेखकीय कथन पद्धतिमा कविले सम्पूर्ण जीवनजगत्सम्बन्धी कुरालाई सिधै भन्दछन् । कविताका लघुतम रूपदेखि महाकाव्यसम्मका सबै रूपहरूमा लेखकीय लेखनपद्धतिले उल्लेखनीय र विशेष भूमिका खेलेको हुन्छ । यस कथन पद्धतिमा प्रथम पुरुष शैली वा तृतीय पुरुष शैली अपनाइने भएकाले नै यसलाई आत्मालापी कथन शैली भनिएको हो ।

*३.३.२.२. आख्यानीकृत कथनपद्धति :*

कुनै पनि कथावस्तुलाई पात्र खडा गरी कलात्मक पारामा आफ्ना अभिव्यक्ति प्रस्तुत गरिन्छ भने त्यसलाई आख्यानीकृत कथनपद्धति भनिन्छ । यसको प्रयोग लघुकवितामा भन्दा विशेषः प्रबन्धात्मक काव्यमा भएको पाइन्छ । वस्तुतः यो पद्धति कथा र उपन्यासमा अपनाइन्छ । तथापि जीवनजगत्का कुरालाई आख्यानीकृत कथन पद्धतिमा लयात्मक र रागात्मक ढङ्गले प्रस्तुत गरिने हुनाले कविताकाव्यमा यो पद्धति बढी प्रभावकारी देखिन्छ ।

*३.३.२.३. नाटकीकृत कथनपद्धति :*

नाटकीय पाराले अभिव्यक्ति प्रदान गरिने कथनपद्धतिलाई नाटकीकृत कथन पद्धति भनिन्छ । यो विशेषतः नाटकमा प्रयोग गरिएता पनि सम्पूर्ण जीवनको सम्पूर्णताको कथन गर्ने क्रममा कविताले महाकाव्यीय आयाम प्राप्त गर्छ । त्यसबेला आख्यानीकृत कथनपद्धतिका साथै नाटकीकृत

कथनपद्धतिलाई समेत अवलम्बन गरिन्छ । मुक्तकदेखि फुटकर कवितासम्म यो पद्धति प्रयोग हुन सक्छ ।

यसरी निष्कर्षमा भन्दा यी माथिका तीनवटै कथनपद्धति कवितामा प्रयोग भए पनि मूलतः लेखकीय कथनपद्धतिद्वारा गरिएको रागात्मक र हार्दिक अभिव्यक्ति नै कविता हो । आज आएर छन्दोबद्ध कविता र गद्यकविता दुबैलाई समेट्ने गरी कविताको लयात्मक स्वरूपको निर्धारण समेत हुनेगरेको देखिन्छ । त्यसैले कवितालाई कथनपद्धतिका आधारमा पनि छुट्याएर अध्ययन गर्न सकिन्छ ।

*३.३.३. संगठनका आधारमा कविता :*

साहित्यका अन्य विधामध्ये कविता एक उत्कृष्ट र महत्त्वपूर्ण विधा हो । कविता विधाले ग्रहण गरेको आकार-प्रकार, विषयवस्तु र संरचनाका आधारमा कविताको सीमितता र विस्तृतताको निर्धारण हुन्छ । कविताले बोक्न सक्ने क्षेत्रलाई नै कविताको आयाम भनिन्छ । कविता स्वतन्त्र रूपमा लघुतम, लघुतर र लघु कवितादेखि वृहत् तथा वृहतम कवितासम्मका प्रबन्धात्मक वा अप्रबन्धात्मक जुनसुकै रूपका हुन सक्छन् । कविताको सबैभन्दा सानो र छोटो रूप मुक्तक हो भने सबैभन्दा ठूलो रूप महाकाव्य हो । त्यसैले कविता लघुतम रूपका मुक्तकदेखि वृहद् रूपका महाकाव्य नै क्रमशः उत्तरोत्तर रूपमा विकास हुँदै जाँदा आयामिक विस्तार भई अप्रबन्धात्मक र प्रबन्धात्मक स्वरूप ग्रहण गर्न सक्छन् । यिनै प्रबन्धताका आधारमा कवितालाई मुक्त र बद्ध गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । मुक्त वा अप्रबन्धात्मक कवितामा लघु कविताहरू पर्दछन् भने बद्ध वा प्रबन्धात्मक कवितामा खण्डकाव्य र महाकाव्य पर्दछन् । अब यहाँ प्रबन्धताका आधारमा कवितालाई यसरी चिनाउन सकिन्छ :-

*३.३.३.१. मुक्त/अप्रबन्धात्मक कविता :*

कुनै पनि प्रबन्धात्मक स्वरूप ग्रहण नगरेका स्वतन्त्र काव्यात्मक रचनालाई मुक्त/अप्रबन्धात्मक कविता भनिन्छ । मुक्त कवितामा लघुतम, लघुतर र लघु कविताहरू पर्दछन् । यस्ता कविताका आ-आफ्नै सीमा हुन्छन् । यस्ता मुक्त कवितामा एक सिर्जनात्मक मनोदशाको अभिव्यक्ति हुन्छ । मुक्त कविता भन्नाले आख्यानात्मक कविता भन्ने बुझिन्छ । श्लोक संख्या र वर्णित विषयवस्तुका आधारमा अप्रबन्धात्मक कवितालाई विभिन्न भेद-उपभेदमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । पूर्वीय आचार्य अभिनवगुप्तले यसका बारेमा विशद् चर्चा गरेका छन् ( अभिनवगुप्त, २०२१:३५३-५५) । फुटकर कविताका विभिन्न भेदहरू नै मुक्त कविताका स्वरूप हुन् ।

सूक्ष्म रूपले अध्ययन गर्दा कविताको लघुरूप अन्तर्गत पनि विभिन्न उपभेदहरू पाउन सकिन्छ । त्यसलाई नै मुक्त वा अप्रबन्धात्मक कविताका रूपमा स्वीकार्न सकिन्छ । लघुतम, लघुतर र लघुरूप मुक्त कविताका तीन भेदहरू हुन् ।

*लघुतम कविता :*

दुई पंक्तिदेखि सात पंक्तिसम्म रचिएका अनुभूतिको सानो झिल्कोलाई लघुकविता भनिन्छ । मुक्तक, गीत, गजल आदि यसका उदाहरणहरू हुन् । यस्ता कवितामा जीवनको एक क्षणको छरितो र चोटिलो भावाभिव्यक्ति हुन्छ । न्यूनतम सन्तुष्टिका लागि यस्ता लघु आयामका कविताले कमसेकम दुईवटा फन्का मारेकै हुनुपर्दछ । यसमा क्षणिक अनुभूतिको रागात्मकताको झल्को स्पष्ट रूपले आएको हुन्छ । अनुभूति र संरचना नछुट्टिनु यसको वैशिष्ट्य हो । यसमा रहेको कवित्व ज्यादै खिरिलो र चोटिलो हुन्छ । कालिक दृष्टिले हेर्दा यस्ता लघुतम कविता १/२ मिनेटमै व्यक्त गर्न सकिने हुन्छन् । मुक्तक, सूक्ति, हाइकू आदि कविताका लघुतम रूप हुन् ।

*लघुतर कविता :*

लघुतम रूपभन्दा केही फराकिलो अनुभूतिको प्रवाहलाई अभिव्यक्त गर्ने कविताको रूपलाई लघुतर कविता भनिन्छ । यस्ता कविता ७/८ पंक्तिदेखि बीस पंक्ति सम्मका हुन्छन् । विभिन्न पत्रपत्रिकामा छापिने विभिन्न गीत र गजल यसका उदाहरणहरू हुन् । लघुतम र लघु कविताको बीचको क्षेत्र नै लघुतर कविताको स्थान हो । लघुतम कविताको दाँजोमा लघुतर कविता संरचनात्मक हिसाबले फुकेको अनुभव हुन्छ । भावसघनता, संरचनात्मक सूक्ष्मता, बोधगम्यता जस्ता वैशिष्ट्य लघुतर कवितामा पाउन सकिन्छ । कालिक हिसाबले यस्ता कविता तीन-चार मिनेटमै वाचन गर्न सकिने हुन्छ । वास्तविक जीवनका तरलतम भावनालाई अति सूक्ष्मताका साथ व्यक्त गर्न सकिन्छ । यस्ता कवितामा सूक्ष्म आख्यानात्मक प्रस्तुति पनि हुन सक्छ ।

*लघुकविता :*

कविताको लघु एकाइ नै फुटकर कविता हो । यस्ता फुटकर कविता लघुतम र लघुतर कविताभन्दा केही फराकिला हुन्छन् । मुक्तक भन्दा अपेक्षाकृत विस्तारित कविताको रूपलाई फुटकर कविता भनिन्छ । यसको आफ्नै सीमा हुन्छ र यसमा कविको एक सृजनात्मक मनोदशाको भावाभिव्यक्ति प्रस्तुत हुन्छ । यो बीस-बाइस हरफदेखि सयौं हरफसम्ममा आबद्ध भएको हुन्छ । कथानक, पात्र, देशकाल, प्रयोजन मध्ये कुनै एक न एक पक्षको प्रधानता यस्ता कवितामा हुने गर्दछ । फुटकर कविता भावधाराका हिसाबले धेरै हुन सक्छन् । रतिरागात्मक, प्रकृतिवर्णन, हाँस्यव्यंग्य,

कारुणिकता आदि यसका विषयवस्तु हुन सक्छन् । यस्ता कवितामा वस्तुताभन्दा भावकै सबलता रहेको हुन्छ । यस्ता कविता कुनै पनि समय, ठाउँ र परिस्थितिमध्ये जुनैलाई पनि विशेष महत्त्वका साथ लेख्न सकिन्छ । देवकोटाको **भिखारी** र **प्रश्नोत्तर,** पौड्यालको **सत्यसन्देश** र **हिमाल**, घिमिरेको **कालीगण्डकी** र **वैशाख** आदि लघु कविताका ज्वलन्त उदाहरण हुन् ।

संरचनाका हिसाबले लघुकविता अत्यन्त लचिलो भई ठूलो क्षेत्र ओगट्न सक्ने कविता हो । आजभोलिका प्रचलित फुटकर कविता नै लघुकविता हुन् । पूर्वीय, पश्चिमी र नेपाली साहित्य परम्परामा लघुकविताको स्थान महत्त्वपूर्ण रहँदै आएको देखिन्छ । संस्कृत वैदिक कविता परम्परामा देखिएका सूक्त, स्तोत्रपाठहरू लघु कविता नमुना हुन् । कुनैपनि देवदेवीको स्तुतिका रूपमा यस्ता फुटकर कविताहरू प्रशस्त देखिन्छन् । युग्मक-कुलक र कलापक दुईदेखि पाँच श्लोकसम्मका कविता श्रेणीमा पनि लघु कवितालाई समावेश गर्न सकिने बताइएको छ (त्रिपाठी, २०५४:४३) । वास्तवमा आजको फुटकर कविताको प्रारूप संस्कृत परम्परामा मुख्यतः वैदिक सूक्त स्तोत्रमै फेला पार्न सकिन्छ । मुक्तक र युग्मक, विशेषक र कलापक, कुलक तथा तारावली-भुवनावली-रत्नावली आदिलाई फुटकर कविताका रूपमा लिन सकिन्छ । यसरी मुक्त वा अप्रबन्धात्मक कवितामा पनि पाँच उपभेद फेला पार्न सकिने देखिन्छ ।

ईशाको नवौं शताब्दीतिरका आनन्दवर्धनले पद्य काव्यलाई मुक्तक र प्रबन्धकाव्यका रूपमा विभाजन गरेको पाइन्छ । उनले प्रबन्धकाव्यका लागि सर्गबद्धताको आवश्यकताको चर्चा गरेका छन् (अभिनवगुप्त, २०२१:३५३-५५) । अभिनवगुप्तले श्लोकसंख्या र वर्णित विषयका आधारमा कवितालाई आफ्ना पूर्ववर्ती आचार्यले भन्दा वेग्लै किसिमले विभाजन गरेका छन् । ती हुन् मुक्तक, युग्मक, विशेषक, कलापक र कुलक । यी मध्ये दुई हरफे काव्यरचनालाई युग्मक, तीन श्लोकी काव्यरचनालाई विशेषक, चारश्लोकी काव्यरचनालाई कलापक, पाँचश्लोकी काव्यरचनालाई कुलक भनेका छन् (पूर्ववत् ..........) । यी पाँच प्रकारका कवितालाई फुटकर कविताभित्र समावेश गरी अध्ययन गर्न सकिन्छ । यी सबैलाई उनले कविताको अप्रबन्धात्मक भेदका रूपमा लिएका छन् ।

### *३.३.३.२. बद्ध/प्रबन्धात्मक कविता :*

कुनैपनि विषयवस्तुको क्रमबद्ध वर्णन गरी काव्यात्मक कृतिको स्वरूप ग्रहण गर्ने काव्यलाई बद्ध वा प्रबन्धात्मक काव्य भनिन्छ । कुनै पनि आख्यानमा बाँधिएको कविता नै बद्ध कविता हो प्रबन्ध काव्य हुनका लागि कथानक र पात्र हुनुपर्दछ । स-साना कविताले क्रमशः उत्तरोत्तर भाव ग्रहण गर्दै कथानक, पात्र, परिवेश, प्रयोजन आदिको विशेष भूमिका रही कविताको मझौला रूपदेखि ठूलो महाकाव्यात्मक स्वरूप ग्रहण गर्ने कवितात्मक कृतिलाई प्रबन्धात्मक कविता भनिन्छ । यस्ता

कवितामा आयामिक विस्तार, अनेकौं वृतान्तको वर्णन, प्रकृतिचित्रण, जीवनदर्शन आदिको व्यवस्था हुन्छ । यस्ता बद्धात्मक कवितामा पर्यायबन्धदेखि वृहत् महाकाव्यसम्मका प्रबन्धात्मक कृतिहरू पर्दछन् । त्यसैले कुनै पनि कविताले आयाम विस्तार गर्दै जाँदा कृतिगत स्वरूप ग्रहण गर्छ, त्यस्ता कविता नै प्रबन्धात्मक कविता हुन् । तीनमा सर्गबद्धताको आवश्यकता पर्दछ ।

*खण्डकाव्य :*

खण्डकाव्य कविताको मझौला रूप अन्तर्गत पर्दछ । खण्ड र काव्य दुई शब्दका बीच समास भई खण्डकाव्य शब्दको निर्माण भएको छ । खण्डकाव्य शब्दको शाब्दिक अर्थ कुनै काव्यको एक अशं वा भाव भन्ने लाग्छ । तर खण्डकाव्य भन्नाले आफैंमा पूर्ण जीवनजगत्को एउटा खण्डलाई प्रस्तुत गरिएको कविताको मझौला रूप भन्ने बुझिन्छ । कुनै न कुनै एक घटनाको वर्णन गरिएको कवितालाई खण्डकाव्य भनिन्छ । यसमा कुनै एक विषयको वर्णन गरिएको हुन्छ । आनन्दवर्धनले खण्डकाव्यलाई खण्डकथा भन्ने संज्ञा दिएका छन् (ध्वन्यालोक, २०४२:१८३) । खण्डकाव्यमा एक देश (कुनै प्रसिद्ध कथाको एक भाग) को मात्र वर्णन गरिएको हुन्छ भन्ने धारण विश्वनाथको देखिन्छ (साहित्यदर्पण, १९९२:२२६) । खण्डकाव्य सानो जीवनको एक पक्षको चित्रण गरिएको मझौला रूप हो । खण्डकाव्य महाकाव्य र फुटकर कविता बीचको रचना हो । यसमा चार पुरुषार्थमध्ये कुनै एक र नौ रसमध्ये कुनै एक रसको प्रयोग हुनु आवश्यक मानिन्छ । आकारप्रकार, विषयवस्तुगत आयाम, संरचना र आख्यान जस्ता कुराहरूले खण्डकाव्यलाई फुटकर कवितादेखि भिन्न तुल्याउँछन् । खण्डकाव्यमा आख्यान र अनुभूतिको सन्तुलित अभिव्यक्ति हुन्छ । खण्डकाव्यमा निश्चित प्रबन्धविधान हुन्छ । खण्डकाव्य भिन्न - भिन्न सर्गमा पनि हुन सक्छ र सर्गविहीन पनि हुन सक्छ । खण्डकाव्यमा आख्यान खण्डात्मक हुन्छ । वास्तवमा कुनै एक विषयको अभिव्यक्ति प्रदान गर्ने प्रबन्धात्मक लघुकाव्य नै खण्डकाव्य हो भन्न सकिन्छ । खण्डकाव्यभित्र गीतिकाव्य, व्यंग्यकाव्य, शोककाव्य आदि जस्ता उपभेदहरू पनि पाउन सकिन्छ । लेखनाथको **ऋतु-विचार,** लक्ष्मीप्रसादको **मुनामदन**, सिद्धिचरणको **उर्वशी**, समको **आगो र पानी** आदि खण्डकाव्यका उदाहरणहरू हुन् ।

*महाकाव्य :*

सर्गबद्धरूपमा लेखिएको ठूलो काव्य नै महाकाव्य हो । जीवनजगत्का सम्पूर्ण विषयलाई समावेश गरी चार पुरुषार्थ प्राप्ति र नौ रसको प्रयोग तथा सर्गबद्धसमेत भएको प्रबन्धात्मक काव्यलाई महाकाव्य भनिन्छ । कविताको वृहद् रूप महाकाव्य हो । यसमा आख्यान अपेक्षित हुन्छ । यसले जीवनजगत्को व्यापक चित्रण गर्दछ । यसमा सर्गयोजना र अनुभूतिको व्यापक प्रस्तुतीकरण

हुन्छ । अतः संरचनात्मक आयामका दृष्टिले पनि यो काव्यरूप वृहद् नै हुन्छ । यसमा विलक्षण र विशाल आकार हुन्छ । यो अनेकौसर्गमा विभाजित महान् कवितात्मक कृति हो । कुनै न कुनै एउटा रस प्रमुख हुन्छ । विशिष्ट खालका नायक-नायिका हुन्छन् । यो विभिन्न छन्दमा बाँधिएको हुन्छ । यसमा प्रकृतिवर्णन गरिएको हुन्छ । कविताको सबैभन्दा वृहद् रूप महाकाव्य हो । यसमा लेखकीय कथन, आख्यानीकृत कथन र नाटकीकृत कथन ढाँचालाई समेत स्विकार्दै जीवन-जगतका बारेमा वर्णन गरिन्छ । पूर्वमा **रामायण** र **महाभारत** तथा पश्चिममा **इलियड** र **ओडिसी** यसका उदाहरण हुन् । नेपाली साहित्यमा **शाकुन्तल, सुलोचना, आदर्शराघव, चिसो-चूल्हो, तरुण-तपसी, नरसिंह अवतार** आदि महाकाव्यका रूपमा प्रकाशित भएका देखिन्छन् ।

कविता ठूलो आयाम बोकेको प्रमुख साहित्यिक विधा हो । पूर्व, पश्चिम र नेपाली साहित्यमा समेत कविताको लघुरूप अप्रबन्धात्मक फुटकर कविताले आफ्नो स्थान सुरक्षित गरेको देखिन्छ । संस्कृतका सूक्ति, स्तोत्र, ऋचा र विभिन्न सुभाषित साहित्य, अंग्रेजी साहित्यका विभिन्न लामा-लामा कविता तथा नेपालीमा लेखिएका लोकधाराद्वारा विकसित स्फुटकर यी सबै लघुकविताले आफ्नो अस्तित्व खोजेको पाइन्छ । लोकधाराको गीति परम्परालाई नेपाली लघुकविताको प्रारूप मान्न सकिन्छ । विभिन्न संस्कार गीत, प्रेमगीत, भजन, बालुन, चुट्का, वीरस्तुति आदिको श्रृङ्खला पार गर्दै माध्यमिककालीन गजल परम्परालाई हृदयङ्गम गर्दै वर्तमान स्फुटकर कविताले आफ्नो जग राम्रोसंग बसालेको देखिन्छ । यसरी आज छापाखानाको उदय, समस्यापूर्ति सम्बन्धी कवि गोष्ठी, कविताप्रकाशन आदिबाट अघि बढेको आधुनिक फुटकर कविताले नवीनतम विद्युतीय प्रविधिहरूको समेत सहयोग पाएर समृद्धितर्फ आफ्नो यात्रा बढाइरहेको देखिन्छ ।

### *३.४. कविताका प्रमुख तत्त्वहरू :*

साहित्यको हार्दिक भावनाप्रधान गद्यपद्यमय लयात्मक अभिव्यक्तिको रूप कवितामा अत्यावश्यक पर्ने सामग्रीहरू नै कविताका तत्त्व हुन् । साहित्यका अन्य विधाजस्तै कविता विधाका केही आफ्नै केही मौलिक तत्त्वहरू हुन्छन् । कविताका अधारभूत कथ्यसामग्री, भाषिक संरचनागत कौशल, भावनात्मकता तथा कलात्मकताजस्ता कुरा नै आवश्यक तत्त्व हुन् । कवितालाई मुख्यतः हार्दिकता, संरचनागत शैली र लय आदिले सिंगारेको हुन्छ । त्यसैले कवितालाई सिंगार्ने भाव, भाषा, रूप, लय, विम्ब, अलङ्कार नै कविताका प्रमुख तत्त्व हुन् । वस्तुतः कल्पना, भाव र बुद्धिलाई कविताका आन्तरिक तत्त्व एवं रीति, गुण, औचित्य र अलङ्कारलाई बाह्य तत्त्व मानिन्छ । भाव र कलालाई कविताको केन्द्रीय तत्त्व र कल्पना, बुद्धि र शैलीलाई परिधीय तत्त्व मानिन्छ । कवितामा रूप तत्त्व र वस्तु तत्त्व गरी दुई प्रकारका तत्त्व हुन्छन् । शीर्षकदेखि अक्षर, पद, पदावली, वाक्य,

अनुच्छेद, श्लोक, परिच्छेद र सर्ग आदि सबै रूप तत्त्व अन्तर्गत पर्दछन् भने रूपबाट जे कुरा अभिव्यक्त हुन्छ त्यो वस्तु तत्त्व हो । वस्तु तत्त्व वास्तवमै जीवनजगत्संग सम्बन्धित हुन्छ । कविता बन्नका लागि रूप र वस्तु तत्त्वको विशिष्ट भाषिक संगठन प्रक्रिया अत्यन्त आवश्यक हुन्छ । कविताको आधारभूत तत्त्व रूप, वस्तु र रूपवस्तुको संगठन नै हुन् । यी तीनैवटा तत्त्वबाट मात्र कवित्व जन्मिन्छ । कविताका ती प्रमुख तत्त्वहरूमा शीर्षक, संरचना, भाव (रस) विधान, लयविधान, विम्ब र अलङ्कारविधान, भाषाशैली, कथनपद्धति, व्यञ्जना (ध्वनि) आदि पर्दछन् । अब यहाँ यिनै कविताका तत्त्वहरूको चर्चा गरिन्छ ।

### *३.४.१. शीर्षक :*

शीर्षक कविताको सारपूर्ण भाव वा विचारको सूचक हो । यसलाई कविताको टाउको पनि भन्न सकिन्छ । कविताको कथ्यको औचित्यपूर्ण नामाकरण नै शीर्षक हो, जसमा विषयवस्तुको उचित प्रतिनिधित्व हुने गर्दछ । शीर्षकले वर्ण्य विषयका बीच तादात्म्य कायम राख्दछ । कविताको शीर्षक र केन्द्रीय कथ्यका बीच सिधा र साङ्केतिक सम्बन्ध हुनु पर्दछ । शीर्षक अभिधात्मक र प्रतीकात्मक जुनसुकै पनि हुन सक्दछ । शीर्षक कौतूहल जागृत गर्ने खालको हुनुपर्दछ । शीर्षक र विषयवस्तुका बीचमा अन्तः संगति नभएमा शीर्षक सार्थक हुन सक्दैन । त्यसैले सरल, सहज र स्पष्ट शीर्षक नै कविताका लागि अपेक्षित हुन्छ ।

### *३.४.२. संरचना :*

कविताको सम्पूर्ण बनोट र बुनोट प्रक्रियालाई संरचना भनिन्छ । बनोट कविताको बाह्य संरचनासंग सम्बन्धित हुन्छ । बुनोटचाहिँ कविताको आन्तरिक संरचनासंग सम्बन्धित हुन्छ । यसरी कविताको संरचना बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य संरचनाले कविताको हरफ, अनुच्छेद, परिच्छेद, सर्ग, अध्याय आदिलाई बुझाउँछ भने आन्तरिक संरचनाले केन्द्रीय कथ्य, भावविधान, छन्द भित्रको अन्तर्लयलाई बुझाउँछ । बाह्य संरचनाबाट व्यक्त हुने भावसंग आन्तरिक संरचना जोडिएको हुन्छ । कविताको आन्तरिक संरचना वृत्तात्मक, चक्रात्मक, स्वतन्त्रीय, खण्डीय आदि हुन सक्दछन् । संरचना कविको निजी विशेषता भएकाले यो प्रत्येक कविपिच्छे फरक फरक हुन्छ । संरचनातत्त्व विना कुनै पनि रचना निर्माण हुन नसक्ने भएकाले संरचनालाई कविताको अनिवार्य र महत्त्वपूर्ण तत्त्वका रूपमा स्विकार्ने गरिन्छ ।

*३.४.३. विषयवस्तु :*

कविता रचनाका लागि चयन गरिने वस्तुलाई नै विषयवस्तु भनिन्छ । कविले आफ्ना रचनामा सम्पूर्ण जीवनजगत्का विविध विषयवस्तु ग्रहण गरी कविताको सिर्जना गर्दछ । जीवनजगत्का यावत् विषयमा कविता लेख्न सकिने हुँदा कवितामा विषयगत विविधता हुन्छ । कविले सत्य, सत्यांश वा सत्याभास जुनसुकै विषयवस्तु चयन गरी कविता लेख्न सक्छ । कविलाई आफ्नो जीवन भोगाइका क्रममा जुन वस्तुले अभिप्रेरित गर्छ त्यही उत्प्रेरक वस्तु नै कविताको विषयवस्तु हुन सक्छ । कविले यसैमा आफ्नो जीवनदर्शन समेटेको हुन्छ । विषयवस्तु आफैंमा सुन्दर, कलापूर्ण, उपयुक्त र प्रभावपूर्ण हुन सक्नुपर्दछ ।

*३.४.४. रस-भाव विधान :*

कविताको शब्दावलीमा रहेको अन्तर्निहित शक्तिलाई भाव भनिन्छ । यसलाई केन्द्रीय कथ्य पनि भन्ने गरिन्छ । केन्द्रीय कथ्यसंग सम्बन्धित सामग्रीको प्रशोधन गरी साधरणीकरण गरेर जुन एक प्रकारको प्रभावपूर्ण कौशल झल्किन्छ त्यो नै वास्तवमा कविताको भाव हो । भावलाई काव्यको आत्मा नै मानिएको पाइन्छ (विश्वनाथ, १९९२:२३) । त्यसैले कविताको आत्मतत्त्व नै भाव हो । भाव विना कविताको कल्पनासम्म पनि गर्न सकिन्न । कवितामा भावलाई कवितारूपी शरीरको मेरुदण्डका रूपमा लिइन्छ । मानवीय जीवनजगत्का सम्पूर्ण अनुभवलाई रागात्मक भावमा परिणत गरेर संवेद्य, मार्मिक र कलापूर्ण तुल्याउनु नै भावसंयोजन हो । शब्द र अर्थले कवितामा चमत्कारी भावको सृजना गर्न सक्नुपर्छ । यस्तो भाव वक्रात्मक, व्यञ्जनात्मक र ध्वन्यात्मक बन्न सक्नु नै यसको वैशिष्ट्य हो । पूर्वीय साहित्यमा वस्तु, नेता र रस (भाव) काव्यका अङ्ग मानिन्छन् । वस्तुमा भाव निहित हुने हुनाले पनि कवितामा भाव अनिवार्य हुनुपर्दछ । पूर्वीय साहित्यमा वर्णित रस नै आधुनिक साहित्यमा भाव हो भन्ने बुझिन्छ । मानिसका जीवनमा घट्ने संवेगात्मक अवस्था हर्ष, विस्मात, प्रीति, उत्साह, क्रोध, भय आदि नै भाव हुन् ।

भाव शब्द **भू** धातुमा **घञ्** प्रत्यय लागेर बन्दछ । भाव भन्नाले मूर्त वा अमूर्त वस्तुलाई निश्चित नियममा राख्नु भन्ने बुझिन्छ । कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव पैदा हुन्छ । जीवनजगतका यावत् विषयवस्तुबाट कवितामा एक प्रकारको मनोदशा उत्पन्न भई त्यसबाट भावको निर्माण हुन्छ । मूर्त र अमूर्त गरी भाव दुई प्रकारका हुन्छन् । अमूर्त भाव अन्तर्मनमा सुषुप्त अवस्थामा हुन्छ । त्यसमा उद्दीपन तत्त्वको घर्षण भएपछि त्यो गतिशील बन्न पुग्छ र पछि विभिन्न विम्ब, अलङ्कार आदिका माध्यमबाट मूर्त

हुन पुग्दछ । जसरी आत्माबिना मानव शरीर मूर्दासमान हुन्छ त्यसरी नै भाव विनाको कविता शब्दजाल मात्रै हुनजान्छ । त्यसैले भावलाई कविताको अनिवार्य र प्रमुख प्राणतत्त्वका रूपमा लिने गरिन्छ ।

*३.४.५. लयविधान :*

कवितामा आउने सुमधुर सांगीतिक अलङ्कार नै लय हो । लय कविताको मुख्य र प्रमुख तत्त्व हो किनकि लयले नै कवितालाई अन्य विधा भन्दा छुट्टै विधाका रूपमा स्थापित गरेको छ । **लय** शब्द **ली** धातुमा **अच्** प्रत्यय लागेर बन्दछ । लयको सामान्य अर्थ हो एकाग्रता वा तल्लीनता । लय भनेको शब्दको आरोह-अवरोह हो । लयले कवितालाई श्रुतिसुमधुर साहित्य बनाउँछ । आन्तरिक र बाह्य गरी लय दुई प्रकारको हुन्छ । विभिन्न पदावलीहरूको अनुप्रासमय पुनरावृत्तिद्वारा उत्पन्न हुने अलङ्कारलाई आन्तरिक लय भनिन्छ भने छन्दका लघु गुरु मात्रा, गणविधान आदिलाई बाह्य लयका रूपमा लिन सकिन्छ । बाह्य भन्दा आन्तरिक लय सबल भएको कविता नै बढी सजीव र प्रभावकारी हुन सक्छ । छन्दले लयलाई नियमबद्ध बनाउँछ । छन्द कविताको बाह्य तत्त्व हो । छन्द र लय बीच सुमधुर सम्बन्ध छ । छन्दबिना कविता रचना हुन सक्छ तर लय बिना कविता रचना हुन सक्दैन । छन्दले पद्यरचनालाई गति, यति र मात्राको क्रम मिलाई लय सिर्जना गर्छ । संगीत शास्त्रमा लयलाई द्रुत, मध्य र बिलम्बित गरी तीन भागमा वर्गीकरण गरेको पाइन्छ । पद्य कवितामा पाउ, श्लोक, छन्दका माध्यमद्वारा लय सिर्जना हुन्छ भने गद्य कवितामा वर्ण र शब्दको अनुप्रासिक पुनरावृत्तिबाट लय सिर्जना हुन्छ । कविता मूलतः वाचन र श्रवण गरिने विधा भएकाले कवितामा लय अनिवार्य तत्त्व हो ।

*३.४.६. सौन्दर्य विधान :*

विम्ब शब्द **बी** धातुमा **वन्** प्रत्यय लागेर बनेको हो । शब्दका प्रतिच्छायाका रूपमा अर्थको प्रतीति गराउन तत्त्व नै विम्ब हो । विम्बलाई प्रतिविम्ब, प्रतिमा वा प्रतीक पनि भनिन्छ । कुनै वस्तुप्रति लाक्षणिक अर्थ प्रदान गर्न विम्बको प्रयोग गरिन्छ । भाषामा प्रयोग गरिने प्रायः सम्पूर्ण शब्दहरू विम्बात्मक नै हुन्छन् । विम्ब जीवनजगतका सन्दर्भमा टिपिएका सामग्रीहरू हुन् । विम्ब प्रयोगबाट कविता सुन्दर र मनोहर बन्दछ । विम्बले कवितामा आलङ्कारिक चमत्कृतिद्वारा सौन्दर्य प्रदान गर्दछ ।

प्रतीक पनि कविताको आवश्यक तत्त्व हो । प्रतीकमय भाषाले मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा प्रस्तुत गर्दछ । शब्द र अर्थको नवीन सन्दर्भलाई व्यक्त गर्दछ । प्रतीक सामान्य

अर्थमा प्रयोग नभई व्यंग्यमा भर पर्दछ । प्रतीकले कवितामा कविको मानसिक भावलाई जीवन्त बनाउँछ । साधारणतया कवितामा प्रतीकको प्रयोग गर्दा व्यंग्यात्मक प्रस्तुति भई काव्यमा अझै सशक्तता थप्ने भएकाले प्रतीकको प्रयोग पनि कवितामा आवश्यक देखिन्छ ।

अलङ्कार कविताको रूपतात्त्विक विधान हो । अलङ्कार भनेको भाषिक अर्थको गहना हो । अलङ्कार शब्द **अलम्+कृ+घञ्** बाट बनेको हो । कविताको बाह्य गहनालाई अलङ्कार भनिन्छ । जसरी कटक, कुण्डल, हार आदिले शरीरको शोभा बढाउँछ त्यस्तै गरी कविताको सौन्दर्य बढाउने तत्त्व अलङ्कार पनि हो । कवितामा शब्दालङ्कार र र्थालङ्कारको प्रयोग हुन्छ । शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने सौन्दर्यको भावलाई शब्दालङ्कार भनिन्छ । शब्दको अर्थमा आधारित भई चमत्कृति पैदा हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । शब्दालङ्कारमा शब्दगत चमत्कृति पैदा हुन्छ भने अर्थालङ्कारमा अर्थगत चमत्कृति पैदा हुन्छ । शब्दालङ्कारमा यमक, अनुप्रासादि पर्दछन् भने अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा आदि पर्दछन् ।

*भाषाशैली :*

कवितामा भावलाई वहन गर्ने तत्त्व भाषा हो । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो । कविता सामान्य भाषामा नलेखी स्तरीय र विशिष्ट भाषामा लेखिन्छ । भाषाशैली भन्नु अभिव्यक्तिको प्रकार हो । भाषाशैलीले कवितालाई लयात्मक, रागात्मक र गेयात्मक बनाउँछ । कविता भाषिक कला हो । भाषा कवितामा सरल, जटिल, सामान्य र स्तरीय हुने गर्दछ । शैली कविताको निर्माण पक्ष हो । शैलीमा भाव, लयलाई संयोजन गर्ने कुराहरू पर्दछन् । वर्ण, पद, पदावली, लालित्य र कविताको मूल प्रस्तुति कुन रूपमा गर्ने भन्ने कुरा यस शैलीभित्र पर्दछ । कविताको भाषा अभिधेयार्थ भन्दा बढी लक्ष्यार्थ वा व्यंग्यार्थ हुन्छ । कवितामा प्रस्तुत विषयवस्तु अनुसारको भाषाशैली चयन गरिनुपर्दछ । जसले गर्दा कवितामा मिठास उत्पन्न हुने गर्दछ । कवितामा प्रचलित शब्दको प्रयोग गरिएमा जटिल शैली हुन्छ । कविताको शैली व्यक्ति पिच्छे फरक फरक हुन्छ । त्यसैले कवितामा सरल, जटिल, उच्च, मध्यम, निम्न, आलङ्कारिक, वर्णनात्मक, नाटकीय आदि शैलीको प्रयोग हुन सक्छ । भाषाशैलीद्वारा नै कविताले मूर्त रूप प्राप्त गर्दछ । त्यसैले भावाभिव्यक्तिका लागि कवितामा आवश्यक तत्त्व नै भाषाशैली हो ।

*३.४.८. कथनपद्धति :*

कथनपद्धतिलाई दृष्टिबिन्दु पनि भन्न सकिन्छ । वस्तुगत र भावात्मक कथन नै कविता भएकाले कवितामा विभिन्न कथनलाई घुम्ती, मोड र योगको रूपमा लिएर निश्चि स्वरूपमा प्रस्तुत गर्नुपर्छ । यसरी प्रस्तुत गर्ने क्रममा सिधा कथन कविप्रौढोक्ति हो भने कथ्यलाई आख्यानमा बदल्ने कथन आख्यानीकृत कथन हो । जसलाई कविनिबद्धप्रौढोक्ति पनि भन्न सकिन्छ । आख्यानीकृत कथनमा दृश्य, चित्र, संवाद, मनोवाद आदि संयोजन गरिएको कथन नाटकीकृत कथन हो । यिनै तीनवटा कथनभित्र कविले भावलाई रागात्मक बनाएर अनुभूतिको तीव्रतामा प्रस्तुत गर्दछ । त्यसँगरी कविताको वर्ण्य विषय आत्मपरक भए प्रथमपुरुष र वस्तुपरक भए तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । कतिपय लामा कवितामा आख्यानीकृत र नाटकीकृत पद्धतिको प्रयोग भएपनि मूलतः फुटकर कविताका सन्दर्भमा चाँहि लेखकीय कथनको प्रयोग नै बढी विश्वसनीय देखिन्छ । खण्डकाव्यमा आख्यानीकृत कवि कथन वैकल्पिक रूपमा रहन सक्छ भने महाकाव्यमा आख्यानीकृत कथन पद्धति अनिवार्य हुन्छ ।

*३.४.९. व्यञ्जनाशक्ति/ध्वनि :*

कवितामा अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा पछिको तेस्रो अप्रस्तुत वक्रोक्तिमय भाव झल्काउने शब्दशक्तिलाई व्यञ्जना भनिन्छ । आ-आफ्नो अर्थलाई बुझाएर यी दुई अविधा र लक्षणा शक्तिले विश्राम लिइसकेपछि जुन शक्तिले अनौठो अर्थलाई बुझाउँछ त्यो नै वास्तवमा ध्वनि हो । अर्थात षोडशीसुन्दरीहरूको सुन्दर अङ्ग मुख, नाक, कानका अतिरिक्त एउटा छुट्टै लावण्यको अस्तित्व हुन्छ त्यस्तै महाकविको वाणीमा वाच्यार्थको अतिरिक्त व्यञ्जना शक्तिद्वारा एउटा अर्को अनौठो व्यंग्य अर्थको बोध हुन्छ, त्यसलाई ध्वनि भन्दछन् । वक्ता, श्रोता वा पाठकका मौलिक कल्पना अथवा क्षमता अनुसार व्यञ्जनाशक्तिद्वारा विभिन्न अर्थ बुझाउन सकिन्छ । शब्दको वाच्यार्थ र लक्ष्यार्थ भन्दा पर पुगेर व्यङ्ग्यार्थ भई ध्वनिमय बन्दै अप्रस्तुत अर्थको प्रकाश व्यञ्जना शक्तिले गर्ने हुनाले व्यञ्जना भनेको ध्वनि हो । व्यञ्जना शाब्दिक र आर्थिक दुबै दृष्टिमा विशिष्ट हुन्छ । यस्तो विशिष्ट अर्थलाई व्यंग्यार्थबोधक भनिन्छ र व्यग्यार्थले प्रतीकार्थ भन्दा माथिल्लो अर्थ प्रदान गर्दछ । तसर्थ कवितामा उत्कृष्ट शब्दका निम्ति व्यञ्जना अपरिहार्य मानिन्छ । व्यञ्जनाले कविताको कलात्मक मूल्य बढाउँछ । काव्य सौन्दर्य सिर्जना गर्नपनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शब्दगत मितव्ययिता हुनु व्यञ्जनाको महत्त्वपूर्ण वैशिष्ट्य हो यस्तो अवस्थामा थोरै शब्द प्रयोग गरेर धेरै कुराको अभिव्यक्ति दिन सकिन्छ । उत्तम कविताका लागि व्यञ्जनालाई अपेक्षित तत्त्वका रूपमा स्वीकार्न सकिन्छ ।

### *३.५. नेपाली कवितामा छन्दप्रयोगको महत्त्व :*

विश्वका हरेक साहित्यमा झैं हाम्रो नेपाली साहित्यमा पनि कविता सबैभन्दा प्राचीन र उन्नत विधा हो । विभिन्न गीतिगाथाका रूपमा टुसाएको यो विधा लामो समयसम्म मौखिक परम्परामा रहेको पाइन्छ । नेपाली भाषामा कविता लेखनको आरम्भ संभवतः वि.सं. १८२६ बाट भएको हो । आजसम्मका विभिन्न खोज र अनुसन्धानका आधारमा नेपाली साहित्यका प्रथम कवि सुवानन्ददास हुन् । उनले मुक्त लयमा पृथ्वीनारायण शाहको वीरवन्दनाबाट कविता लेखनको सुरुवात गरेका हुन् । यिनी पछिका अर्का कवि शक्तिवल्लभ अर्याल हुन् । उनले **तनहुँ भकुन्डो** शीर्षकमा दुई श्लोके कविता लेखेका छन् । संभवतः उनी नै नेपाली कविताका प्रथम छन्दप्रयोगकर्ता हुन् । उनले स्वागता छन्दमा कविता लेखेका छन् । यसपछि विद्यारण्यकेशरी, उदयानन्द अर्याल, वसन्त शर्मा लुईंटेल, रघुनाथ पोखरेल, यदुनाथ पोखरेल आदि कविहरूले विविध छन्दको प्रयोग गरी नेपाली कवितालाई श्रुतिसुमधुर र सौन्दर्यपूर्ण बनाएका छन् । तर सफल छन्दको आधारशीला भने भानुभक्तको **रामायण** महाकाव्यबाट हुन्छ ।

आदिकवि भानुभक्त आचार्य सम्म आइपुग्दा छन्दबद्ध कविता लेखन परम्पराले उच्च स्थान प्राप्त गर्न सफल देखिन्छ । उनी उपजाति, वशन्ततिलका, शिखरिणी, शार्दूलविक्रीडित जस्ता छन्दको प्रयोग गरी नेपाली कवितामा छन्दप्रयोगलाई उत्कर्षमा पुऱ्याउन सफल छन् । श्रृङ्गारिक धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट गीत, गजल र कवितामा विभिन्न छन्दको प्रयोग गर्न सफल देखिन्छन् । शास्त्रीयतावादी कवि लेखनाथ पौड्यालले वार्णिक र मात्रिक छन्द प्रयोगमा निक्कै सफलता हाँसिल गरेका छन् । उनी शिखरिणी जस्तो कठिन छन्दमा **तरुण-तपसी** जस्तो ठूलो काव्य रचना गरी छन्दका सफल प्रयोक्ताका रूपमा उभिएका छन् । शम्भुप्रसाद ढुंगेल, महानन्द सापकोटा, धरणीधर कोएराला, वालकृष्ण सम, सोमनाथ सिग्द्याल जस्ता विभिन्न कविले पनि छन्दोबद्ध कविता परम्परालाई आ-आफ्ने ढंगले उत्कर्षमा पुऱ्याउने काम गरेका छन् । त्यसपछि स्वच्छन्दतावादी कवि महाकवि लक्ष्मीप्रसाद देवकोटाले वर्णमात्रिक, मात्रिक, लोकछन्द र मुक्त छन्दको सफल प्रयोग गरेका छन् । उनको **शाकुन्तल** महाकाव्य छन्दप्रयोगशील काव्यको बेजोड नमूना नै मानिन्छ । त्यसपछि रिमालले मुक्त छन्दमा कविता लेख्ने परिपाटीको आरम्भ गरे । यस परम्पराको अनुसरण भूपी शेरचन, मोहन कोइराला, ईश्वर बल्लभ, वैरागी काइँला जस्ता प्रतिभाहरूले गरेको पाइन्छ । मात्रिक छन्द परम्परालाई पौड्याल, देवकोटा, सिद्धिचरण र कञ्चन पुडासैनी आदिले अघाडि बढाएको पाइन्छ । यसैगरी माधव घिमिरे, भरतराज पन्त, देवज्ञराज न्यौपाने, बासुदेव त्रिपाठी, रामप्रसाद ज्ञवाली जस्ता कविले शास्त्रीय वर्णमात्रिक छन्दको सकुशल प्रयोग गरेर छन्द नेपाली कवितामा पनि आवश्यकीय

तत्त्व हो भन्ने कुराको पुष्टि गरिदिए । यसरी सुवानन्ददासदेखि हालसम्मका कविहरूले वर्णमात्रिक, मात्रिक, वार्णिक र मुक्त छन्द गरी चार प्रकारका छन्द प्रयोग गरेको पाइन्छ ।

*वर्णमात्रिक छन्द :*

वर्ण र मात्राको प्रयोगद्वारा वर्णमात्रिक छन्दको निर्माण हुन्छ । वर्ण र मात्रा दुबैलाई समान विचार गरेर लेखिने कवितालाई वर्णमात्रिक कविता भनिन्छ । यसमा लघु, गुरु, गण, गति, यति आदिको ख्याल गरिन्छ । वर्णमात्रिक छन्दका उदाहरणहरू अनुष्टुप्, उपजाति, स्वागता, शिखरिणी, स्रग्धरा आदि हुन् । नेपाली कवितामा पनि यी छन्दहरूको कुशल प्रयोग गरिएको छ ।

*मात्रिक छन्द :*

मात्रालाई प्रमुख आधार मानेर लेखिने छन्दलाई मात्रिक छन्द भनिन्छ । यसमा वर्णको वास्ता त्यति गरिंदैन । तर पनि मात्राको नियममा रहनुपर्दछ । लघुमात्रालाई एकमात्रा र गुरु अक्षरलाई दुईमात्रा भनी मात्रिक छन्दमा कविता लेखिन्छ । आर्या, दोहा, ललित, चौपाइं, आदि मात्रिक छन्दका नाम हुन् ।

*वार्णिक छन्द :*

वर्ण वा अक्षरलाई प्रमुख आधार बनाएर लेखिने कवितालाई वार्णिक भनिन्छ । यस छन्दमा लघुगुरु वर्णयोजना आवश्यकता पर्दैन । नेपाली वनपाखामा घाँसदाउरा गर्दा, गोठालो जाँदा, मेलापात जाँदा गाइने हुनाले वार्णिक छन्दलाई लोकलयका नामले पनि चिन्ने गरिन्छ । झ्याउरे, भजन, सवाई आदिलाई वार्णिक छन्दका रूपमा लिन सकिन्छ ।

*मुक्त छन्द :*

कुनै पनि शास्त्रीय बन्धनमा नबाँधिएको स्वतन्त्र छन्दलाई मुक्त छन्द भनिन्छ । गद्य कविता मुक्त छन्दमा नै लेखिन्छ । मुक्त छन्दलाई आधुनिक छन्द पनि भनिन्छ । भित्री लयले गर्दा सांगीतिक वैभव र झंकार मुक्त छन्दमा प्राप्त गर्न सकिन्छ ।

## ***३.६ कविता र गीतको सम्बन्ध :***

कविता र गीत कलात्मक तथा रागात्मक भाषिक अभिव्यक्तिद्वारा प्रस्तुत गरिएने विधा हुन् । यी गीत र कविता दुबै गेयात्मक र लयात्मक हुन्छन् । कविता र गीत श्रव्यकाव्य अन्तर्गत पर्ने विधा हुन् । गायन र श्रवणका दृष्टिले यी दुबै विधा समान देखिन्छन् । यी दुबैका भाषिक माध्यम,

लयविधान, भावविधान, सौन्दर्यविधान जस्ता काव्यात्मक तत्त्वहरू पनि समान देखिन्छन् । मूलतः यी कविता र गीत दुबै विधामा भाषा, भाव र लयको त्रिवेणी पाइन्छन् । यी तीनवटा तत्त्वहरूद्वारा नै कविता र गीतले सिर्जनात्मक निखार प्राप्त गर्दछन् । गीत र कविताका आन्तरिक आँतमा कवितत्त्व निश्चित रहेको हुन्छ । त्यसैले कविता र गीतको निकटतम सम्बन्ध रहेको छ भन्न सकिन्छ ।

गीत तत्सम शब्द हो । यो गै धातुमा कृत् प्रत्यय लागेर बनेको छ (बराल; २०६०:१२) । गेयात्मक कुनै पनि रचना विशेषलाई गीत भनिन्छ । जीवनको भोगाइका क्रममा प्राप्त भाव र अनुभूतिको गेयात्मक प्रस्तुति नै गीत हो । विना संगीतको गीत अपुरो र अधुरो नै रहने गर्दछ । त्यसैले गीतमा कवित्व भएर पनि साँगीतिक अलङ्कारपूर्ण लयले उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ । कविताले गीतिस्वरूप ग्रहण गर्न सर्वप्रथमः स्वर व्यञ्जन वर्णको संख्या र वितरण, आवृत्ति, गति, यति, लय आदिको आवश्यकता पर्दछ । गीतमा लयात्मक ध्वनि, गुच्छ र संरचना हुनु आवश्यक मानिन्छ । गीतकारले आफूभित्र प्रबाहित सांगीतिक स्वरूप मात्रा अनुसार हार्दिकता थप्दै रमणीयता थप्नुपर्दछ । श्रुति मधुर भाषिक र साङ्गीतिक सौन्दर्यको सिर्जना गीतले गर्नुपर्दछ । मानवीय ललित भाव वा हार्दिक भावना कलात्मक माध्यमद्वारा नै गीतको स्फूरण हुने गर्दछ । वास्तवमा गीत भन्नाले भावात्मक र रागात्मक अभिव्यक्ति नै हो भन्न सकिन्छ । कविता साहित्यिक पक्षसंग र गीत सांगीतिक पक्षसंग झुकाव राख्ने विधा हुन् । यसरी गीतलाई संगीतपूर्ण कवित्वका रूपमा वर्णन गर्न सकिन्छ (त्रिपाठी; २०५४:२५) ।

गीतले पूर्णता पाउन संगीतको मेल आवश्य हुन्छ । गीतका पदपदावलीहरू स्वयं गेय हुन्छन् (जोशी; २०४०:२०१) । गीतमा रहेको भाषिक संगीतको पूर्ण सञ्चारका लागि प्रायः संगीतका साथै कण्ठ वा गलाको आवश्यकता पर्दछ । गीतलाई भाषिक माध्यमद्वारा अभिव्यक्त गर्नुपर्ने भएकाले कण्ठमार्फत नै अरूसामु प्रस्तुत गर्न सकिन्छ । गायनले नै गीतको मधुर र परिपूर्ण रूपमा सौन्दर्य भर्न सक्दछ । केवल मधुर गलाले मात्र गीतलाई सांगीतिकता प्रदान गर्दछ । वास्तवमा भाव प्रधान्यमा अन्तर्निहित लयले नै गीत माधुर्यको योग हुँदा कर्णप्रिय बन्न पुग्छ । त्यसैले कुशल कविहरू कवितालाई लेख्य र पाठ्य वस्तु मात्र नठानी कविताको प्रभावकारी वाचनतर्फ पनि ध्यान दिने गरेको पाइन्छ । यो नियम छन्दोबद्ध कवितामा मात्र लागू नभई मुक्त लयकै कविताको वाचनका सन्दर्भमा पनि महत्त्वपूर्ण मानिन्छन् ।

कविता भन्दा गीत नै प्राचीन र प्रमाणिक विधा हो । त्यसैले गीत नै कविताको प्रारूप हो भन्न सकिन्छ । गीत नै विश्वका सबै साहित्यमा पाइने कविता परम्पराको प्रमुख स्रोत मान्न सकिन्छ । लोकगीत, लोकगाथा र विभिन्न गाथाचक्रबाटै प्राचीन मुक्त कविता र संगठनात्मक काव्य जन्मिएका मानिन्छ । लोकगीतका तुलनामा शिष्ट गीतहरूमा भावव्यञ्जजनाको चासो अपेक्षाकृत

बढी हुने गर्दछ । तर गीतमा संगीत नै प्रमुख अभिष्ट हो । यसरी कविता र गीतका बीच सामान्यतः घनिष्ट सम्बन्ध रहने गरेको पाइन्छ । गीतको भाषाशैलीले भाषिक संगीतको सिर्जनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । गीतका भाषाले सांगीतिक ध्वनिमा जोड दिई स्वर र व्यञ्जन वर्णका संरचना, वितरणक्रम, आवृत्ति, अनुप्रासमयता तथा चरण र श्लोकका संरचनामा ध्यान दिइएको पाइन्छ । गीति भाषामा लयात्मक संरचनाका लागि सुकोमल पदपदावली विन्यासलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । गीतले अंगाल्ने भाषाशैलीमा लयात्मकता, श्रुतिमधुरता जस्ता गुणको अतिरिक्त गेयात्मकताको ज्यादै खाँचो पर्दछ । गीतको भाषामा श्रुतिविम्बात्मकता र भाव विम्बात्मकताको सामञ्जस्य अवश्य ठानिन्छ । त्यसैले गीतको भाषाशैली अत्यधिक श्रुतिसंवेद्य हुनुपर्ने ठानिन्छ ।

संगीतभन्दा भावको प्रधान्य नभई कविता बन्दैन । भावको प्रधानतामा तरगिंत हुने भाषिक संगीतले गीति कविताको सृजना गर्दछ । यसलाई पूरै गीत चाहिँ भन्न मिल्दैन । महाकवि लक्ष्मीप्रसाद देवकोटाका कतिपय राम्रा गीत पनि छन् । उनको गीति चेतनाको मुख्य सिद्धि गीति कवितामा नै पाइन्छ । देवकोटाका प्रसिद्ध गीति कवितामा **मुनामदन** र **कुञ्जिनी**लाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । यसैगरी कवि माधवप्रसाद घिमिरेका कवितामा पनि प्रशस्तै गीति गुणहरू फेला पार्न सकिन्छ । उनका **मालती मङ्गले र विषकन्या** आदि गीति शैलीका खण्डकाव्यात्मक कृतिहरू हुन् । त्यसैले गीत र कवितालाई एक आपसमा छुट्याउनै सकिँदैन भन्न सकिन्छ । त्यसैले गीत र कविताको घनिष्ट सम्बन्ध छ भन्न सकिन्छ । नेपाली साहित्यमा पनि गीति कविताको ऐतिहासिक परम्परा प्राचिन, उन्नत र उर्वर रहेको देखिन्छ । त्यस सिर्जना-पत्रमा फुटकर कविता लेखनका क्रममा केही लोकलयका झ्याउरे गीति कविता र अन्य लामा छोटा लयमा लेखिएका गीति कविता भएकाले यहाँ कविता र गीतको सम्बन्ध स्पष्ट पार्न खोजिएको हो । यस गीति कविताले पनि आफ्नो पहिचान दिएर स्थान निर्धारण गर्न सक्छ भन्ने मेरो धारणा छ ।

# चतुर्थ - परिच्छेद

## नेपाली कविताको परम्परा

नेपाली कविताको परम्परालाई मूलतः दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । एघारौं देखि उन्नाइसौं शताब्दीपूर्वको समयावधिलाई पृष्ठभूमिकालका रूपमा र त्यसपछिको समयावधिलाई शिष्ट धाराको संज्ञा दिन सकिन्छ । पृष्ठभूमिकाललाई मौखिक लोक धारा पनि भन्ने गरिन्छ । एघारौं देखि तेह्रौं शताब्दी बिचमा लोककवितात्मक सामग्री हालसम्म पनि प्राप्त भएका छैनन् । उन्नाइसौं शताब्दीको दोस्रो चरणदेखि हालसम्म नेपाली कविता परम्पराले लगभग अढाई वर्ष पार गरिसकेको छ । कविताको यस लेख्य काललाई शिष्ट धारा भन्ने उपाधि दिन सकिन्छ । विभिन्न परम्परा र आधुनिकताको दोसाँधबाट बग्ने क्रममा नेपाली कविता पूर्वीय काव्य परम्परालाई मात्र होइन पाश्चात्य कविता परम्पराका नयाँ-नयाँ बान्कीहरूलाई समेत आत्मसात गर्न सफल भएको देखिन्छ ।

नेपाली कविता लेखनको परम्परा नेपाल एकीकरण अभियानसंगै भएको पाइनछ । तथापि यस पूर्वका लोकगीत र लोककविताको श्रृङ्खलाले नेपाली कविता परम्राको पृष्ठभूमिको काम गरेको छ । अध्ययनलाई सुगम र सरल बनाउनका लागि जुनसुकै साहित्यको ऐतिहासिक परम्परालाई पनि विभिन्न कालखण्डमा विभाजन गर्न सकिन्छ । कालखण्डमा त्रिखण्डी विभाजनलाई विशेष महत्त्व दिने गरिन्छ । नेपाली साहित्यको कविता विधाको ऐतिहासिक परम्परालाई पनि अध्ययनगत सहजता र सरलताका दृष्टिले मूलतः प्रथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन कालखण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ४.१ प्राथमिककाल (वि.सं. १८२६ - १९४०):

वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको समयावधिलाई नेपाली कविता विधाको प्राथमिक काल मानिएको छ । नेपाली कविताको प्राथमिक काललाई लेखोटकालका रूपमा चिनिन्छ । विभिन्न लोकसाहित्यिक विधाहरूबाट आधार बीज ग्रहण गरी पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियान संगै नेपाली कविताको लेखोट रूप जन्मन पुगेको देखिन्छ । पृथ्वीनारायण शाहकै विषयममा सुवानन्ददासले वि.सं. १८२६ मा कविताको सिर्जैना गरेपछि सुरु भएको प्राथमिक काल मोतीराम भट्टको उदयसम्म विस्तारित भएको देखिन्छ । नेपाली कविताको प्राथमिक काल त्यसबेलाका कविताहरूले बहन गरेका भावधाराका आधारमा दुई भागमा विभाजित देखिन्छन् । वि.सं. १८७२ पूर्व वीर धाराको बाहुल्य रहेको थियो भने १८७२ मा सुगौली सन्धि भएपछि भक्तिधाराले आफ्नो बर्चश्व

कायम गर्न सफल भएको देखिन्छ । अतः प्राथमिककाललाई पनि दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ - क) पूर्वप्राथमिककाल, ख) उत्तरप्राथमिककाल ।

### *४.१.१ पूर्वप्राथमिक काल (**वि.सं. १८२६-१८७२**) :*

नेपाल एकीकरण अभियानसंगै नेपाली कविता सिर्जना गर्ने परम्परा बस्यो । तत्कालीन राजनीतिक परिवेश र कविहरूको स्वभाव अनुकूल नेपाली काव्यपरम्परा वीरभावनाबाट अभिप्रेरित भएर विकसित भयो । यसरी नेपाली साहित्यको वीर धाराका नामले पूर्वप्राथमिक काललाई चिन्ने गरिन्छ । यही नै नेपाली कविताको प्राथमिक कालको पहिलो धारा हो । नेपाली कवितामा वीर धाराको थालनी १८२६ सालतिर भएको मानिन्छ । कवि सुवानन्ददासको **पृथ्वीनारायण शाह** नामक कविता नै नेपाली कविता परम्पराको प्रथम सिर्जना हो । यो धारा १८७२ सालको सुगौली सन्धि सम्म रह्यो । यो समय युद्ध र राज्यविस्तारको अवधि भएकाले वीरता मुख्य भाव बन्न गएको हो । नेपाल एकीकरणका सन्दर्भमा भएका वीरतापूर्ण कार्य र साहसिक योद्धाहरूको वर्णन यस चरणका अधिकाशं कवितामा पाइने हुँदा नै यस चरणको नाम वीर काल र मुख्य प्रवृत्ति वीरधारा मानिएको हो ।

यसैगरी वीरधाराका उल्लेखनीय कवि र तिनका कृतिहरूमा सुवानन्ददासको **पृथ्वीनारायण शाह** (१८२६), शत्तिलवल्लभ अर्यालको **तनहुँ भकुन्डो** (१८३९), उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** ( १८७०) र **कुलवर्णन कविता** (१८८७), सुन्दरानन्द बाँडाको **आशानदी,** राधाबल्लभ अर्ज्यालको **साँढ्याका कवित्,** गुमानी पन्तको **धन्य गोर्खाली राजा** (१८६७-७३), यदुनाथ पोखेलको **गोर्षा सेना वर्णन** (१८९०) र **स्तुति पद्य १, २, ३,** (१८९८) आदि देखा पर्दछन् ।

यस धाराका कवितामा वीर भावनाको प्रबलता, युद्ध वर्णन, शासक स्तुति, वीरवन्दना, राष्ट्रिय भावना, राजभक्ति र देशभक्तिको भावना सशक्त रूपमा प्रकट भएको पाइन्छ । वीरकालिन कवितामा लोक लय र शास्त्रीय छन्दको प्रयोग भएको पाइन्छ भने भाषिक शिल्प शैलीमा परिष्कार भने देखिँदैन । वीरता र देशभक्ति यस कालको प्रमुख प्रवृत्ति हो । समग्रमा यस धाराका केन्द्रीय प्रतिभाका रूपमा उदयानन्द अर्याल स्थापित भएका छन् ।

### *४.१.२ उत्तरप्राथमिक काल (वि.सं. १८७३-१९४०) :*

वि.सं. १८७३ देखि १९४० सम्मको समयाबधिलाई नेपाली कविताको इतिहासमा भक्तिकाल भनिन्छ । यो अवधि सुगौली सन्धिदेखि मोतीराम भट्टको उदयसम्म फैलिएको छ । वि.सं १८७२ मा नेपाल राज्यको सीमा विस्तार रोकियो । नेपालीहरूको वीरताको जोश पनि सेलाउँदै गयो । त्यसैले

कविहरूको मोड पनि भगवान भक्तितिर मोडियो । परिणामस्वरूप नेपाली कविता नै वीर वन्दनाबाट ईश्वरको भक्तिभाव तर्फ स्थापित भयो । यस अवधिमा कविहरूले ईश्वरका साकार रूप र निराकार रूपको वर्णन गर्न थाले । यसरी नेपाली कविता परम्पराको भक्तिकाल पनि मूलतः दुई हाँगामा बाँडियो । अ) सगुण भक्तिधारा, आ) निर्गुण भक्तिधारा ।

*सगुण भक्तिधारा :*

साकार परब्रह्मःपरमात्माको भक्तिभावसंग सम्बन्धित धारा नै सगुण भक्तिधारा हो । यस धारालाई पनि मुख्यतः कृष्णभक्तिधारा र रामभक्तिधारा भनी दुई उपधारामा वर्गीकरण गर्न सकिन्छ ।

*कृष्ण भक्तिधारा :*

यस धाराका कविका आस्थाका केन्द्र भगवान श्रीकृष्ण हुन् । श्रीकृष्णका लीलाको वर्णनमा आधारित धारालाई कृष्णभक्तिधारा भनिन्छ । यस धारामा कृष्णसंग सम्बन्धित विषयवस्तुलाई आधार मानिएको छ । यस धारामा कलम चलाउने केही प्रमुख प्रतिभा र कृतिहरूमा इन्दिरसको **गोपिका स्तुति** (१८८४), बसन्त शर्मा लुइँटेलको **कृष्णचरित्र** (१८८४) र **समुन्द्रलहरी** (१९०१), विरण्य केशरी अर्ज्यालका **युगल गीत** र **द्रौपदी स्तुति,** वीरशाली पन्तको **सरस प्रेमावली,** हिरण्यकेशरी विद्यापतिको **राघबाह्रमासा** (१८८६), **सातराग** (१८८८), **गीतावाणी** र **सात-नायिका** (१८८८), पतञ्जली गजुर्‍यालका **बोल गोपालवाणी, हरिभक्तमाला, जैमिनी भारत** आदि पर्दछन् । यस धाराका केन्द्रीय प्रतिभा चाँहि बसन्त शर्मा लुइटेल नै हुन् ।

*रामभक्तिधारा :*

यस धाराका कविहरूका आस्थाका केन्द्र भगवान श्रीराम हुन् । भगवान श्रीरामको जीवनसंग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरू यस धारामा पर्दछन् । यस धारामा कलम चलाउने प्रमुख प्रतिभा र कृतिहरूमा रघुनाथ पोखेलको **सुन्दरकाण्ड,** र आदिकवि भानुभक्त अर्यालका **भक्तमाला** (१९१०), **प्रश्नोत्तरमाला** (१९१०), **रामायण** (१९१०), **बधूशिक्षा** (१९१३) , **रामगीता** (१९२५) आदि पर्दछन् । यस धाराका केन्द्रीय प्रतिभा भानुभक्त हुन् । यिनको रामायणले भाषिक एकीकरण गरेको छ ।

*निर्गुण भक्तिधारा :*

ईश्वरको साकार र निराकार रूपको उपासना गर्ने धारालाई निर्गुण भक्तिधारा भनिन्छ । सन्तपरम्परासंग सम्बन्धित व्यक्तिहरूबाट यस धाराको आरम्भ गरिएको पाइन्छ । निर्गुण धारा प्रथमिक कालीन नेपाली कवितको अन्तिम धारा हो । यस धाराका कविहरूमा जातीय विभेद, अन्याय

र अत्याचार, कर्मकाण्डीय प्रवृत्तिको बिरोध गरी मानवतावादी अवधारणा स्थापना गर्ने लक्ष्य रहेको देखिन्छ । मूर्तिपूजा र अवतारदर्शन परम्पराबाट मुक्ति प्रदान गर्नु यस धाराको उद्धेश्य हो । यस धारामा कलम चलाउने प्रमुख प्रतिभा र तिनका रचनाहरूमा सन्त शशिधरका **वैराग्याम्बर, बाणोपनिषद्,** अगमदिलदासको **सोह्र निर्गुण कविता,** अखण्डदिलदासको **पाँच निर्गुण भजन** ज्ञानदिलदासका **उदयलहरी** (१९३४), र **केही भजनसंग्रहहरू** आदि हुन् । यस धाराका केन्द्रीय प्रतिभाका रूपमा ज्ञानदिलदास देखिन्छन् । यसैगरी अन्य भक्तिधाराका कविहरूमा पतञ्जली गजुर्‍याल, हरिदास आदिलाई पनि लिन सकिन्छ । निर्गुण भक्तिधाराको प्रमुख प्रवृत्ति नै आध्यात्मिकता हो ।

प्रथमिक कालका मुख्य प्रवृत्तिहरूमा लेख्य कविताको प्रयोगको थालनी हुनु, शिल्प, शैली र विधागत संरचनामा प्रथमिक प्रयोग, मौलिकता एवं अनुवादको साँध तथा रूपान्तरण तर्फको झुकाव आदि पर्दछन् । यस कालका कविताले नेपाली वातावरणको खोजी गरेको देखिन्छ । लोक र शास्त्रीय परम्पराको अनुसरणमा फुटकर कविता देखि प्रबन्ध काव्य सम्मको विकास भएको यस कालमा शैली, प्रस्तुति, विचार आदिमा विविधता आउन थालेको देखिन्छ । यस कालका प्रमुख विशेषताहरूमा वीरभाव र वीर वन्दनायुक्त सिर्जना, लोकलय र शास्त्रीय छन्दको प्रयोग, भक्तिभावका कविताको रचना, ईश्वरको साकार निराकार रूपको वर्णन, अनुवादित ग्रन्थमा आधारित सिर्जना, प्राय मिश्रित र अपरिष्कृत भाषाशैलीको प्रयोग र लहरी कविता लेखन आदि पर्दछन् ।

**४.२ माध्यमिककाल (वि.सं. १९४१ - १९७४) :**

वि.सं. १९४१ देखि १९७४ को अबधि नेपाली कविताको माध्यामिक काल हो । १९४१ मा मोतीराम भट्टले वनारसबाट भानुभक्तीय रामायणको बालकाण्ड छपाएद पछि नेपाली कविताले मुद्रण युगको आरम्भ गर्‍यो । १९५८ सालदेखि **गोर्खापत्र**, १९७३ देखि **सुन्दरी**, र १९६५ सालको **माधवी**को प्रकाशनले पनि यस अवधिको विकासलाई सघाउ पुर्‍याए । यस कालको केन्द्रीय प्रवृत्ति श्रृंगारिकता हो । यसका नायक मोतीराम भट्ट हुन् । अन्य धाराको पनि धेरथोर प्रयोग हुदैं गयो । १९७४ को **सूक्तिसिन्धु** श्रृंगारिक प्रवित्तिको प्रतिनिधि र निचोडमूलक संग्रह हो । यस अवधिको अवधिको अर्को महत्त्वपूर्ण उपलब्धि कवि समूहको संगठन र कवितात्मक वातावरणले पाएको प्रश्रय हो भन्न सकिन्छ । मोतीमण्डलीको सक्रियतामा समस्यापूर्ति कविता परम्पराको प्रचलन तथा वि.सं. १९६२ मा प्रकाशित **कविता कल्पद्रुम** नामक सामूहिक कविता संग्रहले यस युगलाई प्रयाप्त सहयोग पुर्‍याएका छन् । मोतीराम भट्ट लिखित **पीकदूत, मनोद्वेग प्रवाह** जस्ता कृतिहरू लगाएत फारसी छन्दहरूको लयगत नयाँ आयामको प्रयोगले गजल, मुक्तक र फुटकर कविता लेखनतर्फ कविहरूलाई अभिप्रेरित

गरेको छ । माध्यामिक काललाई पनि पूर्व माध्यमिक काल (१९४१-१९६३) र उत्तर माध्यमिक काल (१९६३-७४) का रूपमा वर्गीकरण गर्न सकिन्छ । मोतीराम भट्टको **मनोद्वेग प्रवाह, पीकदूत, गजेन्द्र मोक्ष** जस्ता पूस्तकाकार कृति लगाएत अन्य गीत, गजल, जीवनी, नाटक, समीक्षा आदि माध्यमिक कालका उपलब्धिहरू हुन् । सवाई र रहरी लोक साहित्यिक परम्पराले लिखित रूप पनि यसै युगमा प्राप्त गरेको हो । लेखनाथ जस्ता कविहरूले श्रृंगारिकतालाई तोड्दै नव युगको आमन्त्रण पनि माध्यमिक कालको अन्त्यमा गरेका हुन् । मोतीराम बाहेक यस कालका अन्य कविहरू राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, सम्भुप्रसाद ढुङ्गेल, शिखरनाथ सुवेदी, दधिराम मरासिनी, तीर्थ राज पाण्डे, सामेनाथ सिग्देल, हाजिरमान राई, चक्रपाणि चालिसे आदि हुन् । यस कालका काव्य प्रवृत्तिमा कल्पना, भावुकता, मौलिक सिर्जनात्मक प्रतिभाका साथै सौन्दर्यचेत आदि विविधता पाइए पनि कविताले त्यति स्तर प्राप्त गर्न सकेको देखिदैन । तर पनि कविताको लघुरूप फुटकर कविता देखि लामो कविता वा मझौला काव्यका प्रारूपहरू निर्माण भएका छन् । श्रृंगारिक धाराको प्रवलता, छन्दकविता लेखन, मिश्रित भाषा र लयको प्रयोग आदि जस्ता प्रवृत्ति पाउन सकिन्छ । समग्रमा श्रृंगारिक भावधारामा केन्द्रित, भक्तिभावना, नैतिक चेतना र उपदेशात्मकता, अनुदित ग्रन्थमा केन्द्रित सिर्जना, मोतीमण्डलीको विकास र विस्तार, परिष्कारोन्मुख भाषाशैलीको प्रयोग, उर्दू फारसी शैलीको अनुकरण र शास्त्रीय छन्दप्रयोगमा कुशलता आदिलाई यस कालका मुख्य प्रवृत्तिका रूपमा लिन सकिन्छ ।

**४.३ आधुनिककाल (वि.सं. १९७५ - हालसम्म) :**

वि.सं. १९७५ देखि हालसम्मको समयावधि नेपाली कविताको आधुनिककाल हो । यस काललाई पनि मोटामोटी रूपमा १९७५-२०१६ को समयावधिलाई पूवार्धकाल भनिन्छ भने २०१७ देखि हालसम्मको विकास उत्तरार्धकाल हो । आधुनिक नेपाली साहित्यको पूवार्धकालकाई नेपाली भाषाको नवनिर्माणकाल पनि भनिन्छ । यसै अवधिमा नेपाली कविताले पूर्वीय काव्य परम्पराको मान्यतालाई छुने प्रयास गरेको अनुभव हुन्छ । यो अवधि खासगरी आधुनिक बङ्गाली र हिन्दीका शास्त्रीय कविता धाराबाट प्रेरित र प्रभावित भएको पाइन्छ । आधुनिक नेपाली कविताको पूवार्धकालमा मूलतः परिष्कारवादी धारा र स्वच्छन्दतावादी धारा क्रमिक रूपमा विकसित भएका देखिन्छन् । उत्तरार्धमा चाँहि प्रयोगवादी धारा समसामयिक धारा क्रमिक रूपमा अस्तित्त्व मा आएका छन् ।

वि.सं. १९७५ सालबाट आरम्भ भएको नेपाली कविताको आधुनिक काल वर्तमान समयसम्म फैलिएको छ । माध्यमिक कालदेखि नै आफ्नो सिर्जनशीलताको प्रदर्शन गर्दै आएका कविशिरोमणि

लेखनाथ पौड्यालले आफ्नो प्रतिभालाई देखाउन थालेपछि नेपाली कविताले निकै लामो फट्को मार्दै आधुनिक कालमा प्रवेश गरेको हो । भाव र भाषामा नवीनताले प्रवेश गरेपछि नेपाली कविता जगत्मा आधुनिकता झल्किएको पाइन्छ । परिष्कारवादी धाराबाटै नेपाली कविताको आधुनिकाल आरम्भ भई वि.सं. १९९१ सालमा **शारदा** पत्रिकाको प्रकाशन पश्चात अझ दरिलो बनेका देखिन्छ । १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटा जस्ता विशिष्ट प्रतिभाशाली व्यक्तिले पाश्चात्य साहित्यमा देखा परेको स्वच्छन्दतावादी धारालाई नेपाली साहित्यमा प्रवेश गराएपछि आधुनिकताले अझै दरिलो पाइला टेकेको प्रतीत हुन्छ । १९७५ सालदेखि हालसम्म आइपुग्दा आधुनिक नेपाली कवितामा विभिन्न धारा र प्रवृत्तिहरूले प्रवेश गरेको देखिन्छ । तसर्थ यिनै प्रवृत्तिगत धाराका आधारमा आधुनिक नेपाली कवितालाई चार भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

*४.३.१ परिष्कारवादी धारा (१९७५-१९९०) :*

आधुनिक कालको पूवार्धको प्रथम चरणको मुख्य प्राप्ति भनेको परिष्कारवादी कविता धारा हो । **सूक्तिसिन्धु**को प्रकाशन पछि देवकोटाको उदयसम्मको समयलाई नेपाली कविताको परिष्कारवादी धाराका रूपमा लिइन्छ । यस कालमा परिष्कारवादी सिद्धान्त अनुसार कविता परिष्कृत, बौद्धिक र नियमबद्ध बनेको छ । यस कालमा लेखनाथ पौड्याको **सत्यकलि संवाद, लालित्य भाग १ र २, ऋतुविचार** जस्ता कलात्मक कृतिहरू प्रकाशन भएका छन् । यसैगरी कुलचन्द्र गौतमका **अलङ्कार चन्द्रोदय र राघवालङ्कार**, धरणीधर कोइरालाका **नैवेद्य र स्पन्दन,** महानन्द सापकोटाका **मनलहरी आहुति, अपुंगो** आदि, सोमनाथ सिग्द्यालको **आदर्शराघव,** माधव देवकोटाको **रुरु गौरव,** वालकृष्ण समको **आगो र पानी, चिसो चूल्हो,** चक्रपाणि चालिसेको **चक्र कविता तरङ्गिणी** जस्ता कवि प्रतिभाहरूका सिर्जनात्मक रचनाहरू प्रकाशित भएको देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् ।

यस धारामा श्रृंगारिकताको परित्याग भई पूर्वीय शास्त्रीय सिद्धान्त बौद्धिक र पाण्डित्यपूर्ण कविता रचना भएका छन् । कविताको लघु रूप फुटकर कवितादेखि वृहत रूप महाकाव्य सम्मका रचनाहरू यस धारामा आएका छन् । यस धाराका रचनाहरूमा पूर्वीय काव्य चिन्तनको प्रभाव देख्न सकिन्छ । यस धाराका उपलब्धिहरू भाषाशैली र शिल्प, अलंकार, कथनपद्धति, छन्द, भावमा परिपाक, प्राकृतिक सौन्दर्य, सामाजिक नैतिक चेतना आदि हुन् । लेख्य व्याकरणको अनुशासन निर्वाह, सामाजिक परिवर्तनको चेतना, आध्यात्मिक परिष्कार, हिन्दू नव जागरण र राष्ट्रिय चेतना पनि यस चरणका विशेषता हुन् । परिष्कारवादी धाराका नायक लेखनाथ पौड्याल हुन् भने समको

पनि यसमा उल्लेखनीय योगदान रहेको छ । समको प्रवेशपछि यस धाराले पश्चिमी बौद्धिक र काव्यात्मक मूल्य पनि ग्रहण गरेको हो भन्न सकिन्छ ।

*४.३.२ स्वच्छन्दतावादी-प्रगतिवादी धारा (१९९१-२०१६) :*

**शारदा** (१९९१) पत्रिकाको प्रकाशनपछि आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको सुरुवात भएको मानिन्छ । आधुनिक कालको पूवार्धको दोस्रो चरणको समयावधि १९९२ देखि २०१६ सम्म कायम रहेको देखिन्छ । यस चरणको मुख्य प्रवृत्ति स्वच्छन्दतावाद हो । यस धारालाई नेपाली साहित्यमा प्रवेश गराउने काम लक्ष्मीप्रसाद र सिद्धिचरणले गरेका हुन् । त्यसैले स्वच्छन्दतावादको सहप्रर्वतकका रूपमा यी दुबैको नाम लिइन्छ । हिन्दी बङ्गाली साहित्यको छायावाद र रहस्यवादका रूपमा परिचित अंग्रेजीको रोमान्टिक धारा नेपालीमा स्वच्छन्दतावाद नाम लिएर प्रवेश गरेको देखिन्छ । यो स्वच्छन्दतावादी धारालाई पनि शुद्ध स्वच्छन्दतावादी धारा (१९९१-२००३) र स्वच्छन्दतावादी प्रगतिवादी धारा (२००४-२०१६) गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

स्वच्छन्दतावादी धारामा कलम चलाउने उल्लेख्य प्रतिभाका रूपमा देवकोटालाई लिन सकिन्छ । उनका **मुनामदन, राजकुमार प्रभाकर, कुञ्जिनी, शाकुन्तल, सुलोचना** काव्यकृतिहरू प्रकाशित भएका छन् । यस धारामा कलम चलाउने अन्य प्रतिभाहरूमा सिद्धिचरण श्रेष्ठ, युद्ध प्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, म.वि.वि. शाह, विजय मल्ल, भूपि शेरचन आदि हुन् । आंशिक रूपमा बङ्गाली र हिन्दी साहित्य परम्परामा चलेको छायावादी र रहस्यवादी नवीन प्रवृत्तिबाट प्रेरित शुद्ध स्वच्छन्दतावादी प्रवृत्ति मूल रूपमा अंग्रेजी साहित्यको रोमान्टिक धाराबाट प्रेरित र प्रभावित छ । नेपाली कवितामा मुक्त छन्द स्वरूप र गद्य कविताको प्रवृत्ति यसै धारा अन्तर्गत विकसित भएको हो । साथै यस धाराले फुटकर कवितालाई व्यपकता पनि प्रदान गऱ्यो ।

स्वच्छन्दतावादी धाराको अर्को मुख्य प्रवृत्ति प्रगतिवादतर्फ उन्मुख स्वच्छन्दतावादी धारा हो । १९९७ सालको सहिद पर्व र २००७ सालको परिवर्तनले यस प्रवृत्तिलाई बढी प्रेरित गरेको छ । व्यापक सामाजिक, राजनीतिक, आर्थिक सचेतता, मार्क्सवादी दर्शनको प्रभाव, राष्ट्रिय प्रजातान्त्रिक चेतना, शोषण उत्पीडनबाट मुक्ति, वर्गद्वन्द्वको धारणाबाट अभिप्रेरित यस धारामा संक्रमणकालीन नेपाली समाजका विसङ्गतीहरू प्रति व्यंग्य चेत पनि प्रखर मात्रामा पाइन्छ । यस धाराका कविताहरूमा क्रान्तिकारी भाव र विद्रोही चेतना मुखरित भएको पाइन्छ । यिनीहरूले राजनीतिक जागरणका साथै युगिन विसंगति र विकृतिप्रति पनि व्यंग्य र विद्रोह व्यक्त गरेका छन् । सहज र

स्वतः स्फूर्त भाषाशैली र लय, अनुप्रास, साङ्गीतिकताको गहनता जस्ता वैशिष्ट्य यस धारामा पाउन सकिन्छ ।

*४.३.३ प्रयोगवादी धारा (२०१७-२०२९) :*

नेपाली कविताका क्षेत्रमा २०१६ सालपछि देखा परेको नवीन चिन्तन र शिल्पलाई प्रयोगवाद भनिन्छ । यो धारा पञ्चायती व्यवस्थाको आरम्भ २०१७ देखि २०२९ सम्म फैलिएको छ । परम्परित मान्यतामा प्रश्नचिन्ह खडा गरी पाश्चात्य नवीन मान्यतासंग पौंठा जोडेको देखिन्छ । कवि मोहन कोइरालाले **रूपरेखा** (२०१७) पत्रिकामा **घाइते युग** नामक कविता लेखी प्रयोगवादी धाराको सुरु गरेका हुन् । यो धारा युरोप अमेरिकामा १९ शताब्दीको अन्तिम चरणदेखि २० शताब्दीको अनेक धारा र प्रवृत्तिहरूको प्रभाव र प्रेरणा साथ विकसित भएको धारणा हो । प्रतीकवाद, अतियथार्तवाद, अस्तित्त्व वाद र विसंगतिवाद जस्ता आधुनिक चिन्तनबाट प्रभावित यो धारा अचेतन लेखन, अमूर्त लेखन र स्वचालित लेखन प्रविधिको उपज हो । यस धाराले समसमयिक हिन्दी र बङ्गाली प्रयोगवादी प्रवृत्तिलाई निकट पुर्‍याई अन्तराष्ट्रिय जगतका आयामलाई समेत समेटेको छ । क्लिष्टता र दुरुहताले यस प्रवृत्तिलाई कमजोर बनाइरहेका छन् र तेस्रो आयाममार्फत पनि प्रयोगवादी प्रवृत्तिलाई सबल बनाएको पाइन्छ । मोहन कोइराला बाहेक अन्य कविहरूमा ईश्वर भल्लभ, द्वारिका श्रेष्ठ, वैरागी काइला, जगदीश समशेर, कृष्ण भक्त श्रेष्ठ, पारिजात, तुलसी दिवस, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, कुन्दन शर्मा आदि हुन् । परम्परित कविताका तुलनामा प्रयोगवादी कविता क्लिष्ट, दुरुह, दुर्बोद्य र जटिल बन्दै गए । यस धारामा बौद्धिक, अमूर्त र प्रतिकात्मक अभिव्यक्ति दिएको पाइन्छ । यस चरणका कविहरूले युगीन जीवनका निस्सारता, अर्थहिनता, कुण्ठित विसङ्गति आदिको चित्रण गरेका छन् । कविहरूले अतियथार्थवादी अस्तित्त्व वादी, विसङ्गतिवादी, फ्रायडवादी, मार्क्सवादी चिन्तनको प्रस्तुति गरेका छन् । अवचेतन मनका अनुभूतिलाई चेतन प्रवाहमा प्रस्तुत गरी कविताका लघु रूप फुटकर देखि महाकाव्य सम्मको लामो सिर्जना गरेको पाइन्छ । यस चरणका कविहरूले नवीन भाषाको खोजी गरी विविध शैलीको प्रयोग गरेका छन् । मोहन कोइराला यस धाराका केन्द्रीय प्रतिभा हुन् ।

*४.३.४ समसामयिक धारा (२०३०-वर्तमानसम्म) :*

नेपाली कवितामा देखा परेको २०३० सालदेखि हालसम्म विस्तारित धारालाई समसामयिक धाराका रूपमा चिनिन्छ । २०३० बाट नेपाली कविताको समसामयिक धाराको आरम्भ भएको हो । प्रयोगवादी असम्प्रेष्यताबाट पाठकलाई सुबोद्य साहित्य लेखनतर्फ यस धाराका कविहरू प्रयत्नशील रहेका देखिन्छन् । आफ्ना मनभित्र रहेका भावना, विचार र अनुभूतिलाई स्वभाविक र सुबोद्य

किसिमबाट अभिव्यक्ति गर्ने चाहना समसामयिक धाराका कविहरूमा पाइन्छ । यस धारामा सडक कविता क्रान्ति (२०३६), तरलतावाद (२०४०), राल्फा (२०२३), अस्वीकृत जमात (२०२५), अमलेख (२०२६), बुटपालिस (२०३१), जनआन्दोलन कविता (२०४६), छन्द बचाउँ अभियान (२०५३), संरक्षण कविता आन्दोलन (२०५३) कविताका क्षेत्रमा नवीन मान्यतालाई प्रवेश गराउन सफल भए । यस धारामा कविता सिर्जना गर्ने कविहरूले समसामयिक राष्ट्रिय परिवेश र अन्तराष्ट्रिय परिवेशलाई मूल रूपमा ग्रहण गरेको देखिन्छ ।

नेपाली कविताको यस समसामयिक धाराले नेपाली कविताको प्रयोगवादी सम्प्रेषण संकट, दूरूह र जटिलताबाट मुक्ति दिलाएको देखिन्छ । यस अवधिको मुलभूत प्राप्ति भनेको जीवनका जल्दाबल्दा, समसामयिक, राजनीतिक आदि संन्दर्भका राष्ट्रिय प्रश्न र आशिंक मात्रामा अन्तराष्ट्रियता तर्फको सचेतता हो । सडक कविता क्रान्ति  र विभिन्न भागमा कविता यात्राको आयोजनाले पनि नेपाली समाजका समसामयिक भोगाइलाई अभिव्यक्ति दिएको पाइन्छ । युवालेखन वा नवलेखनका रूपमा कविताका भाषाशैली, भाव, चिन्तन, लय तथा विम्ब प्रतीक, कथनपद्धति र संरचनामा नयाँपन दिदैं समसामयिक विकासोन्मुख नेपाली समाजमा देखा परेका विकृति, विसङ्गति तथा मूल्यविचलनप्रति आक्रोश र व्यंग्य पाइन्छ । यस धारालाई वृहत् मानवीय तात्पर्यमा नवप्रगतिवादका नामले पनि चिन्न सकिन्छ ।

यसै समसामयिक धाराकै अवधिमा तरलतावाद (२०४०) पनि एउटा चर्चित अभियानका रूपमा देखा परेको हो । वस्तुगत तरलता, प्रभावशालीता तथा घनत्व, अज्यामितीय संरचना, अमूर्त साङ्गीतिकता, पारदर्शिता आदि यसका घोषित मान्यता रहे पनि हाल यो चर्चाहीन रहेको छ । कविताको समसामयिक धाराका केही प्रमुख प्रतिभाहरूमा हरिभक्त कटुवाल, शैलेन्द्र साकार, हरि अधिकारी, अविनाश श्रेष्ठ, मञ्जु काँचुली, मीनबहादुर विष्ट, विनोद अश्रुमाली, विमल कोइराला, अशेष मल्ल, दिनेश अधिकारी, जीवन आचार्य, फडिन्द्र नेपाल, कृष्णविलास पौड्याल आदिको नाम लिन सकिन्छ ।

कवितामा अत्याधुनिकता र नवीनताको खोजी, तार्किकता, बौद्धिकता, विद्रोहात्मकता, भाव, विषय र शैलीगत विविधता, समग्र अर्थ, गद्यात्मकताको बहुलता, विम्बप्रतीकको प्रयोगाधिक्य नै समसामयिक धाराका हालसम्मका परिचायक विशेषताहरू हुन् । यस धाराका अझै नवीन प्रवृत्ति र विशेषता थपिने प्रशस्तै सम्भावना रहेको छ ।

## ४.४ केही प्रतिनिधि कवि र कविता :

यस जगतमा धेरै प्रबुद्ध प्रतिभाहरू छन् । ती सबै मध्ये शीर्षस्थ प्रतिभा नै कवि हुन् । यी कविहरूद्वारा एउटा न एउटा ऐतिहासिक मोड परिवर्तन भएको पाइन्छ । हाम्रा हृदयका निष्क्रिय भावहरूलाई जीवन्तता प्रदान गर्ने काम यीनै कविहरूले आ-आफ्ना काव्यात्मक कृतिहरूद्वारा गरेका हुन्छन् । यी पूर्ववर्ती कविहरूको प्रेरणा स्वरूप मैले पनि यो **कविता कुसुमाञ्जली** कविता संग्रहको सिर्जना गरेको हुँ । त्यसैले यहाँ केही कवितात्मक इतिहासको मोड परिवर्तन गर्ने विशिष्ट कविहरू र तिनीहरूका केही फुटकर कविताको सामान्य चिनारी गर्ने प्रयास गरिएको छ । नेपाली कविताको प्रथमिक कालदेखि हालसम्मका केही प्रसिद्ध कवि र तिनका उत्कृष्ट कविताहरूको समीक्षा यसरी गर्न सकिन्छ ।

### *४.४.१ भानुभक्त र प्रश्नोत्तर कविता*

आदिकवि भानुभक्त आचार्य (१८७१-१९२५) प्रथमिक कालीन भक्तिधाराका केन्द्रीय प्रतिभा हुन् । यिनको कवित्व शक्तिको उच्च मूल्याङ्कन गरी १९४८ सालमा आदिकविको उपाधिले सम्मानित गरिएको हो । यिनले फुटकर कविता देखि महाकाव्य सम्मका काव्य सिर्जना गरेका छन् । यिनले **रामायण, भक्तमाला, प्रश्नौत्तरमाला, बधूशिक्षा, रामगीता र अन्य केही फुटकर कविता** सिर्जना गरेका छन् । यिनको रामायणलाई नेपाली भाषा कै अद्वितीय काव्यकृति मानिन्छ । यिनको रामायण महाकाव्यको विशेषता नै भत्तिभाव हो । यो भक्तिभाव रामभक्तिमा केन्द्रित छ । यिनका **प्रश्नोत्तर, भक्तमाला र रामगीता**मा अध्यात्मवादी भाव पाइन्छ । **बधूशिक्षा**मा लोकोपकार, उपदेश र आदर्शको भाव पाइन्छ । फुटकर कविता सिर्जनामा चाँहि सामाजिक, प्रशासनिक व्यंग्यचेत पाइन्छ । समष्टिमा भन्नुपर्दा यिनका सफुटकर कवितामा भक्तिपरकता, औपदेशिकता, आध्यात्मिक सुधारात्मकता र व्यंग्यात्मकता पाइन्छ । यिनका कवितामा देशप्रेम, भाषाप्रेम र राष्ट्रिय भावना पाइन्छ । यिनले प्रकृतिको मनोरम चित्रण पनि गरेका छन् । मूलतः यिनी शास्त्रीय छन्दको सफल प्रयोक्ता र नीतिवादी कवि हुन् ।

**प्रश्नोत्तर** कविता प्रश्न र उत्तरका शैलीमा लेखिएको उपदेशमूलक नैतिक कविता हो । यस कविताको पहिलो पदमा प्रश्न र दोस्रो पदमा उत्तर दिइएको छ । यस कविताको विषयवस्तु सामाजिक र नैतिक क्षेत्रबाट साभार गरिएको छ । यो व्यवहारवादी नैतिक कविता हो । यस कवितामा शिक्षालाई महत्वपूर्ण वस्तुका रूपमा चित्रण गरिएको छ । कविले ठूला-ठूला तृष्णा भएकालाई भन्दा गरिब तर सन्तोषीलाई धनी ठानेका छन् । कुनैपनि इलम नगर्ने अल्छिलाई मरेतुल्य ठानेका छन् । ममतारूपी पाशालाई त्यागनुपर्ने, पापकर्म गर्न नहुने, शास्त्र अध्ययन गर्न पर्ने जस्ता

नीतिवादी दृष्टान्तहरू प्रस्तुत गरेका छन् । पापीहरूको संगत गर्नु हुन्न । आवश्यक परेको बेलामा बोल्न नसक्ने व्यक्तिलाई लाटो भन्नुपर्दछ । सत्कार्य गरेर कीर्ति फिँजाउनु पर्दछ । आमा बराबरको सुख दिने वस्तु नै विद्या हो भन्ने कुरा व्यक्त गरेका छन् । यस कविताले समाजमा सदाचारी र नैतिकवादी बन्नु पर्छ भन्ने भाव व्यक्त गरेको छ ।

यस कवितामा उपजाति छन्द र वसन्ततिलका छन्दको प्रयोग गरिएको छ । यसमा समान ध्वनिको समानुपातिक वितरण गरी संगीतिकता थपिएको छ । अन्त्यानुप्रासको कुशल संयोजन गरिएको छ । यो कवितामा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको छ । यसमा उपमा र दृष्टान्त अलङ्कारको सुन्दर प्रयोग पाइन्छ । यस कवितामा नैतिक र औपदेशिक भाव व्यक्त गर्न विभिन्न क्षेत्रबाट विम्बप्रतीकको चयन गरिएको छ । यस कविताको भाषाशैली सरल, सहज र स्वभाबिक छ ।

*४.४.२ मोतीराम भट्ट (१९२३-१९५३) र 'मलाई हिजोसम्म ..............*

साहित्यिक व्यक्तित्वको मुख्य पक्ष कवि व्यक्तित्व हो । माध्यमिक कालीन श्रृंगारिक धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । उनले आफ्नो व्यक्तित्वको पहिचान आफ्ना सम्पूर्ण कृतिद्वारा गरेका छन् । नेपाली साहित्यलाई प्राथमिककालीन लेखोट परम्पराबाट अघाडि बढाई माध्यमिक कालीन मुद्रण युगमा प्रवेश गराउने उल्लेख्य कार्य यिनै प्रतिभाबाट भएको देखिन्छ । नेपाली साहित्यलाई माध्यमिक कालमा प्रवेश गराई परम्परित वीर भक्तिधाराका सट्टामा श्रृंगारिक धाराको सुरुवात यिनले नै गरेका हुन् । यिनी आफैं लेख्थे र साथीहरूलाई भेला गराएर पनि लेखाउँथे । यिनले वनारस र कामाडौंमा समस्यापूर्तिको मण्डली नै खोलेका थिए । यिनी कवि, पत्रकार, समालोचक, नाटककार, लेखक, अनुवादक, प्रकाशक आदि बहुपक्षमा खुबी देखाएका प्रतिभा हुन् । यिनी युगीन परिस्थिति बुझेर कलम चलाउने व्यक्तित्व हुन् । यिनले गीत, गजल र फुटकर कवितादेखि खण्डकाव्यसम्म रचना गरेका छन् । यिनका प्रमुख काव्यात्मक कृतिमा **पीकदूत, पञ्चक-प्रपञ्च, तीजको कथा, प्रह्लाद भक्तिकथा, उषाचरित, श्लोक संग्रह, मनोद्वेग प्रवाह, मोतीरामका गजलहरू** आदि हुन् ।

मोतीराम भट्टका कवितामा श्रृंगार, भक्ति, हास्य र राष्ट्रभक्ति पाइन्छन् । फारसी शैली, शब्दालङ्कार र अर्थालङ्कारको समुचित विन्यास, कोमल भाव र सशक्त विम्बले उनको कवितामा उचाइ थपेका छन् । यिनका कवितामा श्रृंगारिकताको अतिरिक्त धार्मिक, पौराणिक, नैतिक, औपदेशिक प्रवृत्ति पनि सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । यिनका कवितामा भाषाप्रेम, जातिप्रेम, प्रकृतिप्रेम, राष्ट्रप्रेम जस्ता विचारहरू व्यक्त भएका हुन्छन् । यिनले समाजमा रहेका विभिन्न विकृति र विसंगतिलाई टपक्क टिपेर व्यंग्यात्मक अभिव्यक्ति प्रदान गरेका छन् । यिनले

उर्दूफारसी साहित्यमा प्रचलित गजल लेखन परम्परालाई नेपाली साहित्यमा पनि प्रवेश गराए । यिनका कवितामा लयात्मकता र संगीतात्मकताको राम्रो संयोग पाइन्छ । यिनले लोकछन्द र लोकलयलाई शास्त्रीय छन्दका ढाँचामा समायोजन गरी कवितालाई लयात्मक र संगीतात्मक बनाएका छन् । भावानुकूल उपमा, रूपक, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोग गरी कवितालाई श्रृगांरिक बनाएका छन् । यिनले अन्त्यानुप्रासको सफल प्रयोग गरेका छन् । नेपाली साहित्यका युगप्रवर्तक मोतीराम भट्ट श्रृगांरिक धाराका केन्द्रीय प्रतिभा हुन् ।

**मलाई हिजो सम्म क्या-क्या छकाए** मोतीराम भट्टद्वारा विरचित गजल हो । यो गजल **संगीत चन्द्रोदय** मा संग्रहित छ । अनेक वहाना गरी धोका दिने प्रेमीले आफूलाई भेट्न आउँदा प्रेमीकाले दिएको अभिव्यक्तिलाई मुख्य विषयवस्तुको रूपमा लिई यो गजल रचना भएको छ । यो गजल दुई-दुई पंक्तिमा पाँच श्लोकमा रचिएको छ । यो संस्कृतको सोमराजी छन्दमा रचना गरिएको र फारसी शैलीमा लेखिएको उत्कृष्ट गजल हो । यस गजलमा एउटी युवतीले युवकप्रति निश्छल प्रेम गरेको र युवकको मन उसै खोसेर नलाने करा गर्दै युवकले आफूलाई भित्री मनले प्रेम नगरेको गुनासो गरेकी छिन् । गजलको अन्तिम बहरमा मोती शब्द परेकाले यस कविताको युवक स्वयं मोतीराम बनेका छन् भने उनले आफ्नो प्रेयसीको रूपमा युवतीको कल्पना गरी प्रेममा युवतीले युवकप्रति गर्न सक्ने शंका-उपशंका र मायाको भाव व्यक्त गरेका छन् । यसमा कविताको पहिलो हरफलाई शीर्षक र दोस्रो हरफलाई विस्तारका रूपमा प्रस्तुत गरिएको छ ।

निश्छल र निस्कपट प्रेमलाई अङ्गीकार गर्नुपर्ने र त्यही प्रेमबाट मात्र हार्दिक प्रेममा सफलता मिल्ने कुरामा गजलकार विश्वस्त देखिन्छन् । प्रत्येक फूलको रस चुसेर नयाँ नयाँ फूलको खोजीमा निरन्तर लागिरहने भ्रमरलाई प्रतीकात्मक रूपमा उपस्थित गराई भमरारूपी पुरुषले फूलरूपी सुन्दरीलाई चहार्दै हिड्ने काम नगर्न आह्वान गरेका छन् । उनले एउटै फूलमा हार्दिक प्रेम गर्न अनुरोध गरेका छन् । नारीले प्रत्येक भ्रमरको चोट सहन सक्दैनन् र आइपरेको खण्डमा भ्रमरलाई त्यागी दिन पनि सक्छन् भन्ने  धारणा उनको छ । श्रृंगारिक भावमा रचित यस गजमा सहज र सरल भाषाशैलीको प्रयोग गरी कवितालाई सुमधुर र कर्णप्रिय बनाएको छ ।

### *४.४.३ लेखनाथ पौड्याल र पिँजराको सुगा*

लेखनाथ पौड्याल (१९४१-२०२२) आधुनिक नेपाली कविताका सबैभन्दा पुराना कवि हुन् । यिनी माध्यमिक धारा र आधुनिक कविता धाराका संयोजक विन्दु हुन् । भाव, भाषा र छन्दमा उच्च परिष्कार गरी परिष्कारवादी कविताको सिर्जना गर्नु कवि पौड्यालको कवितात्मक विशेषता हो । सामाजिक सुधारको चाहना राख्नु, नैतिकताको वकालत गर्नु, आध्यात्मिक दर्शनलाई जनमानसमा

पुऱ्याउनु, मानवतावादी चिन्तन व्यक्त गर्नु जस्ता विशेषता उनका कवितामा भेटिन्छन् । त्यसैले उनका कवितामा प्रकृतिको पर्यवेक्षण, नीतिचेतना र सामाजिक व्यंग्यको पनि यथोचित प्रयोग गरिएको पाइन्छ । पौराणिकता, भक्तिभावको पुर्नव्याख्या, आध्यात्मिक चेतना, आदर्शीकृत सामाजिक जागरणका आवाजहरू उनका कवितामा घन्किएका हुन्छन् ।

कवि शिरोमणि लेखनाथ पौड्यालका कवितामा पूर्वीय दर्शनको अमिट छाप परेको पाइन्छ । अनित्यता, क्षणिकता, भौतिक जीवनको निस्सारता तथा परमात्मा तत्त्वको प्राप्ति जस्ता वेदान्त दर्शनका मूलभूत पक्षहरूको चर्चा गरेको पाइन्छ । आजको भौतिकवादी विलासी भोगी समाजलाई आध्यात्मिक उपचारको आवश्यकता काम उनका कवितामा हुन्छन् । यिनले शिल्प चमत्कारका दृष्टिले विशिष्ट कवितको रचना गरेका छन् । उनका कवितामा वर्णमात्रिक छन्दको अतिरिक्त मात्रा छन्दको लयात्मक रन्को आएको देखिन्छ । तत्सम, तत्भव र झर्रा शब्दको समुचित विन्यासबाट निर्मित परिष्कारवादी धारा प्रवाहित गर्न सक्नु उनको अर्को वैशिष्ट्य हो । त्यस्तै सहज, सरल, सरस, स्वभाविक र परिमार्जित भाषाशैलीको प्रयोग यिनको सबै कवितामा पाइने भाषाशैलीगत विशेषता हो । परिष्कारवादी धारालाई नेपाली साहित्यमा ल्याई प्रवाहमय बनाउनुमा यिनको ठूलो योगदान रहेको छ । त्यसैगरी हलन्त बहिष्कारवादी मान्यतासंग सम्बन्धित भई व्यकरण सम्मत भाषामा कविता रचना गरी भाषा, लय र अलंकारको समुचित विन्यास गर्नु पनि यिनको अर्को योगदान हो भन्न सकिन्छ । यिनकै कविताका माध्यमबाट नेपाली कविताले आधुनिक युगमा प्रवेश गरेको हो ।

**पिँजडाको सुगा** लेखनाथ पौड्यालको उत्कृष्ट कविता कोटिमा पर्छ । यो कविता व्यञ्जानको तहमा पनि ज्यादै उत्कृष्ट रहेको छ । यो कविता वि.सं. १९७४ मा प्रकाशित भएको हो । एकैसाथ अविधा र व्यञ्जना अर्थ प्रदान गर्न सफल यस कविताले पिँजडामा थुनिएको चराको अर्न्तवेदना प्रकट गरेको छ भने एकतन्त्री बन्धनमा बाँधिएका नेपाली जनताको मुक्तिको चाहनालाई प्रतीकात्मक रूपमा व्यक्त गरेको छ । वनपाखामा स्वतन्त्र र उन्मुक्त रूपले घुम्ने तथा आकाशमा स्वछन्द ढंगमा उड्ने सुगालाई पिँजडामा बस्दा भोग्नुपर्ने सबै यातना र पीडालाई कविले यस कवितामा म पात्रका नामद्वारा प्रस्तुत गरेका छन् ।

अविधा तहमा लगाइएको अर्थमा सुगाको पीडाबोध पाइन्छ भने व्यञ्जना तहमा पनि तीनवटा अर्थ विश्लेषकहरूले लगाएका छन् । पहिलो अर्थमा गाउँमा बसेका स्वयं कवि लेखनाथ पौड्याल काठमाडौं आएपछि सहरभित्रको सामन्ती संस्कारमा बाँधिनुपर्दा आफूलाई सुगा र काठमाडौंलाई पिँजडाजस्तो ठानेका छन् । दोस्रो अर्थमा जुनदिनमा यो कविता रचना भयो त्यसबेला देशमा राणाशासन थियो, यिनीहरूको बिरोध कसैले पनि गर्न पाउँदैन थिए । त्यसैले आŠनो असन्तुष्टि प्रतीकात्मक भाषामा स्वतन्त्रता प्राप्तिको चाहना कविले गरेका छन् । तेस्रो अर्थ

आध्यात्मिक चेतनासंग सम्बन्धित रहेको छ । देशको पिँजडामा थुनिएको आत्मा भौतिक चाहनाको अशान्तिले भौतिक समाजमा रूमलिएको छ । जीवन भोगाई नै आत्मरूपी चराले भोगेको वचन हो भन्ने अर्थ कवि पौड्यालले व्यक्त गरेका छन् ।

पिँजडामा बाँधिएको आत्मकथन पद्धतिमा अतीतको सम्झना र वर्तमानको पीडा भोगाई व्यक्त गर्दै अरुको बन्धनबाट मुक्ति चाहने जनइच्छा कविताले व्यक्त्याएको छ । यो कविता प्रतीकात्मक अर्थमा मानिसको त्यो निर्दयता, दुष्टता र क्रुरता जस्ता प्रकृतिलाई स्पष्ट पार्न सफल छ । संभवतः यो कविताको सन्देश पनि यही हो । मात्रिक छन्दमा संरचित यस कवितामा अन्त्यानुप्रास मिलेका २३ वटा पद्य रहेका छन् । यो कविता उपमा, रूपक, स्मरण आदि अलंकारद्वारा कलात्मक बनेको छ । यो कविता पज्झटिका मात्रिक छन्दमा रचना गरिएको ज्यादै राम्रो कविता हो ।

### *४.४.४ लक्ष्मीप्रसाद देवकोटा र शून्यमा शून्य सरी*

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) स्वच्छन्दतावादी कवि हुन् । यिनले परिष्कारवादी धाराको अनुशासन बिपरित स्वच्छन्दतावादी धाराको आधारशीला खडा गरेर नेपाली कवितालाई पल्लवित तुल्याएका छन् । यिनी स्वच्छन्दतावादी प्रगतिवादी धाराका केन्द्रीय प्रतिभा हुन् । पाश्चात्य साहित्यमा देखा परेको स्वच्छन्दतावादी धारालाई नेपाली कवितामा यिनले नै प्रवेश गराए । यिनलाई स्वच्छन्दतावादी धाराका सम्बर्धक र विस्तारकका रूपमा चिन्न सकिन्छ । यिनले कविताका फुटकरदेखि महाकाव्य सम्मको अनन्त यात्रा गरेका छन् । अत्याधिक रूपमा रहेको सिर्जनशीलतालाई व्यक्त गर्ने क्रममा द्रुततर आशुकवित्व लेखनलाई देवकोटा आत्मसात गर्दछन् । यिनका कवितामा हार्दिक पक्षको अभिव्यक्ति आवधिक रूपमा पाइन्छ भने वस्तुताको मात्रा ज्यादै न्यून रहने गर्छ । उनका कवितामा प्रकृति, जीवनजगत, राष्ट्रप्रेम, सुधारको चाहना, विश्ववोध, रहस्यवादिता, स्वतन्त्रता, मानवता, समानताका आवाजहरूलाई व्यापक रूपमा समेटिएको पाइन्छ । यिनको प्रधान विशेषता भन्नु भावको स्वतः स्फूर्त अभिव्यक्ति हो । यिनी कृतिमता भन्दा नैसर्गिक र बौद्धिकता भन्दा हार्दिकताले भरिएका कविता रचनामा बढी रमाउँछन् । कविताका माध्यमद्वारा प्रकृतिलाई मानवीकरण गरी जीवन्त चित्रण गर्न उनी सक्षम छन् ।

महाकवि देवकोटा गद्यपद्यमा समान रूपले कविता रचना गर्ने बहुमुखी प्रतिभा हुन् । यिनले कविताको भाषालाई नयाँ संस्कार दिएर प्रभावशाली बनाएका छन् । यिनको भाषाशैली बेजोड खालको छ । यिनले कवितामा अटुट लयका साथै शास्त्रीय र लोकछन्दलाई ज्यादै लोकप्रिय बनाएका छन् । यिनी कवितामा भावानुकूल विम्ब, प्रतीक र अलंकारको प्रयोग गरी कवितालाई स्वःस्फूर्त रूपमा प्रस्तुत गर्छन् । उनले नेपाली कविता यात्रामा स्वच्छन्दतावादी प्रवृत्तिको प्रवर्तन र विकास

गरी स्वच्छन्दतावादी - प्रगतिवादी धाराका पनि उनी सर्वोच्च प्रतिभा बने । यसैले उनी नेपाली कविता साहित्यको संख्यात्मक र गुणात्मक विकास गरेर महाकवि बनेका हुन् ।

महाकवि देवकोटाको **शून्यमा शून्य सरी** भन्ने कविता जीवनका अन्तिम घडीमा लेखिएको उत्कृष्ट कविता हो । यस कवितामा स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैली अपनाइएको छ । यो कविता देवकोटाको स्वतः स्फूर्त कारुणिक तथा ईश्वरीय तत्त्वको खोजी गरिएको दार्शनिक कविता हो । यो देवकोटाको अन्तिम कविता पनि हो । यस कवितामा अध्यात्मिक चिन्तन र ईश्वरीय सत्ताको साश्वता सम्बन्धी दृष्टिकोण सारिएको छ । यस कवितामा कविले अन्तिम तत्त्व ईश्वर नै हो भन्ने धारणा व्यक्त गरेका छन् । यसमा ईश्वरीय आस्था खुव रसिक ढङ्गमा प्रस्तुत गरिएको छ ।

यस कवितामा उनले संसाररूपी सुःख सम्पन्नता जति पाए पनि वास्तवमा त्यो केही होइन । हाम्रो शरीर नाशवान् छ, यो चोला अनित्य छ भन्ने भाव व्यक्त गरेका छन् । यो संसार निशासमान भएको हुनाले कविले ज्ञान प्राप्त गर्न नसकेको गुनासो पोखेका छन् । उनलाई यो विश्व नै मरुभूमितुल्य भएको छ । बुढेसकालमा वा अन्त्य अवस्थामा आएर जीवनलाई बुझ्न बाध्य भएको भाव व्यक्त भएको छ । यत्रो लामो जीवनमा न भक्ति गरियो न त ज्ञान प्राप्त गरियो न त विवेक नै भरियो । मानव जीवनको एक साथी आखिर श्रीकृष्ण परमात्मा नै रहेछन् भन्ने कुरा व्यक्त गरेका छन् । मैले सबै संस्कार गुमाए र अन्तमा शून्यमा नै बिलाए भनी अन्त्यावस्थामा ईश्वरीय आरधना र क्षमायाचना गरिएको भाव व्यक्त गरिएको छ । मानिसले स्वर्गरूपी संसारमा जन्मिएर जीवनयापन गरे पनि अन्त्यमा यो अनित्य चोला खरानी बनेरै जाने हो भन्ने अभिव्यक्ति यस कवितामा प्रस्तुत गरिएको छ ।

यसरी जीवनको दयनीय र दूरावस्थाको जीवन्त चित्रण यस कवितामा गरिएको छ । यस कवितामा दार्शनिक चिन्तनका साथै ईश्वरीय तत्त्वको खोजी गरिएको छ । भावानुकूलका विम्बालङ्कार युक्त भाषाशैलीका माध्यमद्वारा यो कविता अझ तीब्र संवेद्य बनेको छ । यो शास्त्रीय छन्द उपजातिमा लेखिएको सुन्दर कविता हो । कविले वर्णको समानुपातिक वितरणद्वारा गेयात्मक र लयात्मक बनाएका छन् । कविता वाचन गर्दा सांगीतिक झङ्कार प्रत्येक पद्यमा हुन्छ । यो कवितामा उपमा, रूपक र समरण अलङ्कार प्रयोग गरी कलात्मक बनाइएको छ । यो अन्त्यानुप्रासमय भाषाशैलीमा लेखिएको कविता हो । समग्रमा यो कविता सरल, सरस र स्वभाविक देखिन्छ ।

### *४.४.५ माधवप्रसाद घिमिरे र यही हो मेरो मिथिला*

कविवर माधवप्रसाद घिमिरे (१९७६) स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैलीका सशक्त कवि हुन् । उनी कवि र गीतकारका रूपमा परिचित छन् । उनले कविताका फुटकर रूपदेखि

प्रशस्त खण्डकाव्य र गीतहरू रचना गरेका छन् । यिनका कवितामा देवकोटाको जस्तो भाव र लेखनाथको जस्तो शैलीको मिश्रण पाइन्छ । छन्दमा आबद्ध कविता सिर्जना गरी घिमिरे अहिले स्वच्छन्दतावादी भावधारालाई अघाडि बढाइरहेका छन् । यिनका कवितामा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको विन्यास पाइन्छ । त्यसैगरी ग्रमीण सभ्यताको रमणीयतातर्फ अभिमुख भई प्रकृति चित्रण गर्नु र लोकसंस्कृतिलाई आफ्ना कृतिमा समेट्नमा उनको सर्वज्ञता देखिन्छ । स्तन्त्रता, समानता, भातृत्व र विश्वबन्धुत्वको भावनाले ओतप्रोत यिनका कवितामा प्रबल रूपमा देशभक्तिको भावना पनि पाइन्छ । यिनले मूलतः वर्णमात्रिक र लोकलयमा आधारित भएर कविता सिर्जना गर्दछन् । वर्णमात्रिक छन्दको कुशल विन्यास गर्नु र लालित्य पदपदावलीको विन्यास गर्नु यिनको विशेषता हो । यिनले कविताका साथै राम्रा-राम्रा गीत पनि लेखेका छन् । त्यस्तै यिनले गीतिनाटक र बालकविताको पनि रचना गरेका छन् । यिनी बौद्धिकता भन्दा सरस, सहज र हार्दिक अभिव्यक्ति प्रदान गर्न सक्षम छन् । यिनले शास्त्रीय छन्दका साथैं विभिन्न लोकलयमा गीत तथा कविता रचना गरेका छन् । यिनी अनुप्रास मिलाएर कविता लेख्छन् । यिनी उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा आदि अलङ्कारलाई कुशलताका साथ नेपाली कवितामा प्रयोग गर्छन् । यिनी सरल शब्दावलीमा गहन भाव पोख्ने कवि हुन् । यिनले प्रकृतिलाई मानवीकरण गरी कविताको रचना गरेका छन् । त्यसैले नेपाली कविताको इतिहासमा यिनको स्थान अत्यन्त उर्वर रूपमा रहेको छ ।

यही हो मेरो मिथिला कवितामा मिथिला क्षेत्रको परिचय गराइएको छ । मिथिला क्षेत्र एकातिर धार्मिक र ऐतिहासिक पक्षले गौरवशाली छ भने अर्कातर्फ कृषियोग्य उर्वर भूमि र सांस्कृतिक महत्वले गौरवशाली रहेको छ । त्यसैले यी दुबैको संयोजन प्रस्तुत गर्नु नै यस कविताको मुख्य पक्ष हो । गीति लयमा लेखिएको यस कवितामा जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक, आर्थिक र ऐतिहासिक पक्षको महिमा गाइएको छ । मिथिला क्षेत्र राजर्षी जनकको राज्य मात्र नभएर सीताको जन्मथलो, भगवान रामचन्द्रको विवाह भएको पवित्र क्षेत्र पनि हो । यसै स्थलको परिचय साथै महत्त्व यस कवितामा प्रस्तुत गरिएको छ ।

मिथिला क्षेत्र उर्बर भूमि भएका कारणले कृषि उत्पादन र व्यवसायमा पनि प्रख्यात छ । धानकी मञ्जरी जस्ती सीताको बाल्यकाल यहीं बित्यो । धानसंगै वयली खेल्दै बढेकी सीताको चारित्रिक सुवास धानजस्तै चारैतिर फैलिदै गयो । अयोध्याका राजकुमार रामलक्ष्मण मिथिला क्षेत्रमा आइपुगे । राजा जनकको सर्त अनुसार रामचन्द्रले शिबधनु उठाएर भाँचिदिएपछि सीताको विवाह रामसंग भयो । राजा जनकले आफ्ना छोरीहरू लक्ष्मण संग उर्मिलाको, भरतसंग माण्डवीको र शत्रुघ्नसंग श्रुतिकीर्तिको विवाह गरिदिए । यस खुशीयालीमा जनकपुरवासीहरू हर्षले रमाए ।

किसानहरूले खेतका खला-खलामा धाननाँच नाचेर खुशियाली मनाए भन्ने आशय व्यक्त गरिएको छ ।

जनकपुरको महिमा गाइएको प्रस्तुत गीतिकविता कलात्मक आभाले भरिएको छ । गीतिलयमा आबद्ध यो कविता पन्ध्रहरफमा फैलिएको छ । कविले सरल र सुकोमल पदपदावलीको प्रयोग गरी कवितालाई उत्कृष्ट र गेयात्मक बनाएका छन् । अन्त्यानुप्रासयुक्त भाषाशैलीले कवितामा मीठास थपेको छ । तत्भव र झर्रा नेपाली शब्दको प्रयोगले कविता रुचिपूर्ण बनेको छ । उपमा, रूपक अलङ्कारको प्रयोगले कविताको स्तरीयतामा बृद्धि आएको छ ।

*४.४.६ मोहन कोइराला र फर्सीको जरा*

मोहन कोइराला (१९८३-२०६४) प्रयोगवादी धाराका केन्द्रीय प्रतिभा हुन् । उनको कवित्व शक्ति प्रारभमा स्वच्छन्दतावाद-प्रगतिवादबाट थालिई अमूर्त प्रयोग हुदैं प्रयोगवातिर ढल्किएको पाइन्छ । उनका सिर्जनामा प्रकृतिप्रेम, मानवीय प्रेम प्रणय, विरह,वेदनाका साथै सामाजिक विसङ्गति र विकृतितर्फ तीव्र व्यंग्यबोध भएको पाइन्छ । उनका कवितामा प्रकृतिवादी, अतियथार्थवादी, विसङ्गतिवादी र अस्तित्त्ववादी प्रवृत्ति पाइन्छन् । अत्यन्त झिनो आख्यान, खजमजिएको संरचना, गुजुल्टिको चिन्तन र असंगत भाषाबाट अमूर्त शैलीमा उनका कविता सिर्जना भएका छन् । यिनका कविता सुरूतिर कलात्मक, श्रुतिमधुर र सम्प्रेष्य थिए भने पछिका कवितामा शुष्क र परम्पराभन्दा इतरको भाषिक प्रयोग पनि पाइन्छ । यिनका कविता बौद्धिक पाठकले मात्र बुझ्दछन् । उनी रतिराग र अचेतन लेखनतर्फ अगाडि बढेका कवि हुन् ।

**फर्सीको जरा** कविता कोइरालाको गद्यशैलीमा लेखिएको उत्कृष्ट कविता हो । यो अस्तित्त्ववादी सिद्धान्तमा केद्रित छ । यहाँ फर्सीले मानिसलाई र जराले आजका मानिसको अस्तित्त्वलाई संकेत गरेको छ । वर्तमान समयमा मानिसको अस्तित्त्व संकटमा परेको छ । कमजोर फर्सीको बिरुवा जस्तै आफ्ना जरा पृथ्वीमा फैलाएर अनेक कष्ट सहेर आफ्नो अस्तित्त्व बचावट गर्न प्रयत्न गरे झैं मानिस पनि संघर्षरत भई स्व-अस्तित्त्वको खोजी गरिरहेको भाव यसमा छ । धन, दौलत, मानप्रतिष्ठा, आर्जन गरेर पनि विभिन्न रोग र शस्त्रास्त्रको भय आदिका कारण निरिह चल्लाझैं चिलको झम्टाई कुरिरहेको छ । मानिस जुनसुकै समयमा पनि अर्थात भूत, भविष्य र वर्तमानलाई नाघेर पनि आफू र आफ्नो मूल्य मान्यता र अस्तित्त्व जोगाउन प्रयत्नरत छ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । सामान्य ठाउँमा उम्रने र ठूलो हुँदै गएपछि आकाश ताक्ने र समाप्त हुने फर्सीको आधारमा कवि मानव जीवनको निस्सारता र विसङ्गत जीवनको सन्दर्भलाई प्रतीकात्मक ढंगद्वारा स्पष्ट पार्दछन् ।

फर्सीको जरा शीर्षक प्रतीकात्मक अर्थमा  सार्थक देखिन्छ । यस कवितामा प्रशस्तै विम्ब र प्रतीकको प्रयोग गरी कवितालाई सौन्दर्यपूर्ण बनाइएको छ । यो कविता मुक्त लयमा रचना गरिएको छ । विभिन्न हरफमा संरचित छ । आदि, मध्य र अन्त्यमा आएका अनुप्रसमय भाषाशैलीको संयोजनले कविता उत्कृष्ट बन्न पुगेको छ । यस कवितामा अतिशयोक्ति, उपमा, विरोधाभाष र रूपक अलङ्कार आदिको संयोजन गरिएको छ । सरल, सरस र कोमल पदपदावीको प्रयोग भएको यो कविता कवि कोइरालाको उत्कृष्ट प्रयोगवादी कविता हो ।

*४.४.७ भरतराज पन्त र मेघबिजुली विवाह*

कवि भरतराज पन्त (१९८६-२०६५) परिष्कारवादी कविता धाराका सशक्त प्रतिभा हुन् । पूर्वीय काव्यशास्त्रको अनुसरण गरी अनुशासित रूपमा कलम चलाउने पन्तका कविताहरू परिष्कृत र परिमार्जित किसिमका हुने गर्दछन् । यिनका कविताहरूले आशा-निराशा, संगति-विसंगति, दुःख-सुख, विजय-पराजय, समता-विषमता आदि विविध पक्षलाई उठाएका हुन्छन् । यिनले फुटकरदेखि खण्डकाव्य र महाकाव्यको रचना गरेका छन् । यिनी मूलतः आदर्शवादी र मानवतावादी कवि भए पनि यिनका कवितामा बौद्धिकता र हार्दिकताले पनि प्रसय पाएको हुन्छ । विभिन्न रस, भाव, श्रृंगार र करुणालाई मार्मिक अभिव्यक्ति दिई प्रगतिशील चेतना प्रकट गर्नु र प्रकृतिको वस्तुपरक चित्रणमा रमाउनु पनि कवि पन्तका प्रवृत्तिहरू हुन् । कवि भरतराज पन्त शब्दका पारखी कवि हुन् । उनी शास्त्रीय छन्द र अलङ्कारलाई सहज रूपमा प्रयोग गर्न सक्छन् । त्यस्तै सबैखाले अलङ्कारलाई पनि प्रयोग गरेका छन् । छन्द र अलङ्कार प्रयोग गर्नु यिनको अर्को विशेषता हो । यिनी भाव अनुसार मधु, ओजपूर्ण र प्राञ्जल भाषाको प्रयोग गर्न निकै सिपालु छन् । यिनले प्रकृतिको मानवीकरण गरी विविध विम्ब र प्रतीकको प्रयोग गरेका छन् ।

**मेघबिजुली विवाह** कविता मेघलाई बेहुलो र बिजुलीलाई बेहुलीका रूपमा कल्पना गरी लेखिएको उत्कृष्ट कविता हो । यो कविता शिखरिणी छन्दको श्लोकमा लेखिएको छ । यसले नेपाली सांस्कृतिक प्रचलनको विवाह प्रथालाई चित्रण गरेको छ । मेघ बिजुलीको विवाह हुनु अनौठो संगम हो । यही विवाहको रमझमलाई  मानवीकरण गरेर लेखिएको कविता हो यो । प्रकृतिको आनन्दमय वर्णनबाट कविता शुभारम्भ गरिएको छ । यस कवितामा वर्ष ऋतुमा सम्पन्न हुँदै गरेको यस विवाहमा सारा प्रवृत्तिलाई नै मानवीकरण गरिएको छ । जसअनुसार कविले विवाहका लागि आवश्यक पर्ने सामग्रीहरू प्रकृतिबाटै प्राप्त गर्ने कुराको सुन्दर पाराले चित्रण गरेका छन् ।

असारे लगनमा आकाशमा मेघ बिजुलीको विवाह भयो । उक्त विवाहमा बाँसका झ्याङहरूमा झिम्झिम् झ्याली बजेका छन् । हरियो दोसल्ला भिरेर अग्ला डाँडाले शास्त्रीय

नियमअनुसार पुरेतको काम गरेका छन् । मौरीको भुनभुनावरमा हावा लाग्दा हल्लिएको वन विवाह मण्डप बनेको छ । शैल श्रेणीहरू मण्डपमा राखिने केराका थाम बने । कुहिरोले सुन्दर चँदुवाको काम गऱ्यो । हरियो पृथ्वी तन्ना बन्यो । चहुर मखमलीमय गलैंचा बने । हिमालचुली रातो पगरी बने । बकुल्लाका ताँती जन्ती बने । रातका जुनकिरीहरूले सिताराको काम गरे । इन्द्रेणी बहुरङ्गी बस्त्र भएको छ । पश्चिमाचलमा पुगेको सूर्यको किरण रातो खास्टो भयो । निशाको अन्धकारमय निलो चुल्ठो पर्दा भयो । त्यस समयमा दुलहीको पयरमा बज्ने कल्लीका रूपमा रुखका पातहरू छमछम बज्न थाले । यही समयमा बिजुलीरूपी नवबधु पलक भरमा शरमले लुकेकी छिन् । जगतका सबै प्राणीलाई अन्नको भोज खुवाएको हो । बाजाले घनघन गरेर सलामी दिएपछि मेघले शरद्को रस लिन दुलहीलाई लिएर गएको घटनालाई विषयवस्तु बनाएर यो कविताको रचना गरिएको छ ।

**मेघबिजुली विवाह** कविता पद्यलयात्मक कविता हो । यो लयबद्ध रूपमा अन्त्यानुप्रासको सफल संयोजन गरी शिखरिणी छन्दमा रचिएको उत्कृष्ट पद्य कविता हो । प्रकृतिका अनेक विम्ब, उपमा, रूपक जस्ता अलङ्कारको सफल प्रयोग, प्रकृतिचित्रण, भावोचित पद्यको शैलीशिल्पले यसलाई विशिष्टता दिएको छ । प्रकृतिलाई मानवीकरण गरिएको यस कवितामा वर्षा ऋतुमा देखिने मेघलाई दुलाहा र बिजुलीलाई दुलहीका रूपमा चित्रण गरिएको छ । मेघ र बिजुलीको विवाह पश्चात् जल वर्षिन गई पृथ्वी हराभरा हुने र सबै प्राणी बाँच्ने कुरा एकातिर छ भने दुलाहा र दुलहीको मीलनबीच नयाँ सृष्टि सुरुवात हुने कुरालाई प्रतीकात्मक रूपमा देखाइएको छ । यो कविता प्रकृतिलाई मानवीकरण गरिएको कविता हो ।

# पञ्चम - परिच्छेद

## 'कविता - कुसुमाञ्जली' कविताको मूलपाठ र विवेचना

### ५.१'कविता - कुसुमाञ्जली' कविता संग्रहको मूलपाठः

### ५.१.१ छन्दोबद्ध कविता

#### क. शारदा-वन्दना

स्फटिक्को त्यो माला करकमलमा नित्य रहने
अहा/ साह्रै राम्रा करयुगलमा वादन लिने ॥
सुधा बर्साउँदै करकमलमा पुस्तक लिई
बसेकी छ्यौ देवी कविहृदयमा काव्यरसिली ॥
॥१॥

बजाएरै वीणा मृदुल-गतिमा गान भर हे/
उदाउँदै देवी सकलदिलमा ज्योति छर हे/
बजेको वीणाको मधुर स्वरले मोदित बनी
रसाउँदै आयो जनहृदयमा नौ रस बनी ॥
॥२॥

शरच्चन्द्रै जस्ती जगतभरमा झल्लमल गरी
प्रिया हे/ ब्रह्माकी छर मनुजमा काव्यलहरी ॥
लिएकी छ्यौ माला मणिमय सुधा पुस्तक मुमा/
सुधा वर्साऊ हे, जगतजननी काव्यमहिमा ॥
॥३॥

बदामे आँखाका युगलतटमा गाजल धरी
टीका-टालालाई स्मितवदनको आकृति गरी ॥
सदा फुल्ने सेतो कमलदलको आसन गरी
बसे हुन्थ्यो देवी/ हृदयतलमा शासन गरी ॥

॥४॥

दिऊन् विद्या देवी हरबखत आइकन सदा
        सबै अन्धा हुन्थे नजर यिनले दिव्य नदिदा ॥
अँधेरामा बत्ती झलमल गरी बालन मुमा/
        विधाताकी प्यारी/भर हृदयभरमा ज्ञानमहिमा ॥

॥५॥

अँध्याराको शत्रु सहजसित यो नष्ट गर हे/
        स्वरादेवी अम्बे जगतजननी ज्ञान भर हे/
सदा देऊ विद्या जगतभरिको दीपसरिको
        हटाऊ कल्याणी/करुणदिलले अन्धतम यो ॥

॥६॥

## ख. शरदशोभा

आयो नौलो शरदऋतु यो मेघ सारा बिलायो
ल्यायो नौलो लहर जगमा अन्न ऐश्वर्य छायो ॥
पुष्पच्छायाछवि सकलमा ठाँटियो एकचोटी
ल्यायो क्यारे गहन रमिता धानको रास बोकी ॥
॥१॥

आयो हाम्रो शरदऋतु यो फूलको रास बोकी
आई चन्द्रे अवनितलमा जूनको रास पोखी ॥
नौलो आभा नवलहरका मूलधारा पलाए
खोला-नालाहरु सब घटे भेल सारा हराए ॥
॥२॥

रम्या धर्ती सकलमनमा शान्ति ल्याई खुलेकी
यै पहाडी सुमन वनमा कान्ति छाई फुलेकी ॥
हेर्दा हेर्दै शरदसुषमा फैलियो कुञ्ज-कुञ्ज
डुल्छन् मौरी मधुरस लिई पुष्पका पुञ्ज-पुञ्ज ॥
॥३॥

त्यै मौकामा भ्रमरगणले गीत गाइरहेका
मौरी आई मधुसुमनमा भुन्भुनाइरहेका ॥
झुल्छन् बाला लहलह गरी नाँच्दछन् आली माथि
हेर्दै नाच्छे शरदवनिता फूलका डालीमाथि ॥
॥४॥

घुम्टो ओडी मुसुमुसु गरी मुस्कुराइरहेकी
रैछ्यौ क्यारे अमरपुरकी सुन्दरी झैं रमेकी ॥
बास्ना आयो मगमग गरी प्रीति जाग्यो मलाई
बात् मारुँ कि ? अब म पनि यो मन् तिमी मै भुलाई ॥
॥५॥

## ग. गङ्गा - महिमा

गंगा तिमी पर्वतबाट झर्छ्यौं
खोला र नाला बनी प्राण भर्छ्यौं ॥
सक्छ्यौ तिमी फाँट सिंचाइ गर्न
खाद्यान्न- दाना जगमाथि भर्न ॥१॥

सक्छ्यौ तिमी विद्युत शक्ति भर्न
झलल्ल बत्ती बनी कान्ति छर्न ॥
सबै तमो नाश गरी हटाऊ
यो विश्वमा ज्योति छरी सजाऊ ॥२॥

गंगे भवानी भववल्लभा हौ
त्रिलोक-गामी त्रिपदि तिमि हौ ॥
दयावती देवी / समस्त माता
गंगा तिमी नै जनभाग्य-दाता ॥३॥

प्यारी तिमी छ्यौ जगदीश्वरैकी
होला त्यसैले शिरमा बसेकी ॥
गंगे तिमी विश्वविधायिका हौ
कुमार-माता जननी तिमी हौ ॥४॥

विभिन्न व्याधीहरु फाल्नलाई
सक्छ्यौ तिमी पाप पखाल्नलाई ॥
सफा छ यो निर्मल रुप तिम्रो
गंगा तिमी कल्मष नाश हाम्रो ॥५॥

## घ. पशुपति - स्तोत्र

सकलजगतमाता पार्वतीको पियारो
अखिल-भुवनलाई गर्न सक्ने सुसारो ॥
पशुपतिजगदीश शम्भु हे राष्ट्रदेव/
दिनदिन म त बिन्ती गर्छु हे सर्वदेव ॥
॥१॥

कपुरधवल युक्त श्वेत यो रूप जस्को
त्रिपुर-विजय गर्ने सर्व शक्ति उसैको ॥
जय पशुपति भन्दै गर्दछु ध्यान-गान
भवशिव अब देऊ सर्वदा वेद ज्ञान ॥
॥२॥

भजमन शिवशम्भो शङ्कर/विश्वरुप/
पशुपति भगवान् हे सर्वशक्ति स्वरुप/
हृदयतल बिचैमा राख्दछौ नित्य आई
स्मृतिरस भरिदेऊ दीपज्योति जगाई ॥
॥३॥

वितत भुजगमाला कण्ठमा लाएका छौ
जनहृदय बिचैमा सर्वदा छाएका छौ ॥
गरल र धतुरो यो खाएर लट्ठ पर्ने
भवशिव तिमीलाई नित्य गर्छौं नमस्ते ॥
॥४॥

घरिघरि छल गर्दै भेष यो फेरि हेर्ने
मदनदमन गर्ने पूर्णशक्ति उसैको ॥
मनुजहरु सबैको पाप सन्ताप हर्ने
पशुपति शिवलाई नित्य गर्छौं नमस्ते ॥
॥५॥

## ङ. सेतीनदी

जुनेली रातैमा चहकपनले शोभित भई
        उदाएको चन्द्रै सरि जगतमा कल्कल गरी ॥
धरागामी धारा धवलरुपमा कञ्चन बनी
        छचल्किंदै बग्छ्यौ गतियति मिलाईकन तिमी ॥
॥१॥

शरच्चन्द्र ज्योत्स्ना सहित सलिला शुभ्रसकला
        सुधाधारा जस्तै प्रबल गतिमा बग्न सफला ॥
तिमी हौ के सेती / शिव अलकमा चाँदनि छरी
        बहेकी गंगा लौ भगिरथ प्रिया भागिरथी यी ॥
॥२॥

लजाएरै होला लुकिछिपि तिमी पत्थरमुनि
        पतालिंदै बग्छ्यौ तरलगतिमा शीतल बनी ॥
उचा माछापुच्छ्रे हिमशिखरकी दिव्य महिला
        अहा / कस्ती राम्री शुचितम नदी शुक्लसलिला ॥
॥३॥

तिमी नै हौ सेती परमशुचिता निर्मलजला
        धराधामा धारी जलसकलकी सृष्टि सफला ॥
कसोरी बुझ्नू हो जडहृदयका जालहरुले
        अज्ञानी प्राणी यी सकलजनका अल्प मतिले ॥
॥४॥

कृशाङ्गी हे / श्वेता सलल बग हे निर्झर सरी
सबै जीवात्माका रसहृदयमा जागृत गरी ॥
लजाएकी कस्तो गगनतलकी चाँदनीसरी
बिचैमा अल्पिन्छ्यौ किन जलधिकी श्वेतलहरी ॥
॥५॥

आकासैमा बस्छ्यौ अवनितलको मध्य थलमा
धरा भित्रै पस्छ्यौ प्रमथशिवको केशदलमा ॥
भनिद्यौ हे सेती नगरपोखरेली जलपरी
मनैलाई हाम्रो किन हरण गर्छ्यौं नि यसरी ॥
॥६॥

## च. हिमाल - महिमा

बेहानीको रविकिरण झैं झुल्किने यो हिमाल
देखें मैले शिरसगरमा पुग्न खोज्ने हिमाल ॥
सङ्लो पानी सकल झरना बग्ने हाम्रो हिमाल
साह्रै राम्रो शितलकणको केन्द्र नै हो हिमाल ॥
॥१॥

यै छायामा सब मनुजले सभ्य संस्कार पाए
यै नेपाली मधुर रसले तिर्सना यो मिटाए ॥
नैपालीका हिमशिखरमा जून आएर छाए
नौलो आभा प्रतिदिन यहाँ पाई सारा रमाए ॥
॥२॥

मीठो बोली बिहगहरुले वेदका गान तुल्य
गाई बस्छन् प्रतिदिन यहाँ गीत राम्रा अमूल्य ॥
मीठो गाना निखिल झरना झर्दछन् बेग हाली
बस्छौं हामी हिमशिखर यो शीरमाथि उचाली ॥
॥३॥

कोशी काली बबइ अरु ती सिन्धुका हुन् मुहान
छन् नेपाली हिमशिखरमा शैल सारा महान ॥
डाँफे चौंरी वनचहुरमा नित्य हाँसिरहेका
नेपालीले हिममधुरिमा नित्य साँचिरहेका ॥
॥४॥

मीठो बोली मधुरमहिमा प्राणीमा हुन्छ हेर
हाम्रो माया पिरति मनमा मुस्कुराउँछ धेर ॥
यै नेपाली शितल वनमा देवताको निवास
छोडी जान्छ मधुरपनले कस्तुरीले सुवास ॥
॥५॥

## छ. वसन्तशोभा

वसन्त आयो फूल मुस्कुरायो
जताततै सुन्दरता फिजायो ॥
कोकील तानै भरी गान गर्छे
माधुर्य धर्तीभर नित्य छर्छे ॥१॥

हराभरा बन्दछ विश्व सारा
बहन्छ वायु अनि नीरधारा ॥
धर्ती सुरम्या सुरसुन्दरी झैं
श्रृंगार गर्छे जगतै भरी नै ॥२॥

बैशाखमा पुस्प फुलेछ धेर
वसन्तका बीच घुमेर हेर ॥
उद्यानमा पुस्प फुलेर हाँस्दा
रमाइलो लाग्दछ प्रेम साँच्दा ॥३॥

कुहूकुहू कोयली कण्ठ खोल्छे
सुधामयी तान भरेर बोल्छे ॥
कुनै परीझैं रसराग भर्छे
गाएर गाना मनलाइ हर्छे ॥४॥

बस्छन् सबै यी वनमौरी आज
भुन्भुन् गराई मधुमास साथ ॥
आएर बस्दा भ्रमराहरु ती
झुकाइदिन्छन् वनपुष्प माथ ॥५॥

गुराँस यो फुल्दछ लेकमाथि
त्यै फूलमाथि भ्रमराहरु ती ॥
घुमेर हिड्छन् बनी पुञ्ज-पुञ्ज
लताहरुमा वन कुञ्ज-कुञ्ज ॥६॥

## ज. नेपाल - महिमा

हिमाली ठूला ती शिखरतलका वस्तिहरुमा
सुगन्धी हावा यो मधुरस लिँदै बग्दछ जहाँ ॥
त्यहाँ राम्रा श्रेणी हिमशिखरमा टल्किरहने
बिहानीको झुल्को रविकिरणको झल्किरहने ॥
॥१॥

सधैं नेपालीका जग-विपिनका पल्लवलता
सुहाएको कस्तो वनकुसुमका सुन्दर छटा ॥
सुनौला डाफें औं मयुरहरुले मस्तगतिमा
बढाएका छन् रे अवनितलको खूब महिमा ॥
॥२॥

यहाँ रोशी-कोशी-अरुण-बबई गण्डक नदी
बगे मेची-काली हिमनदनदी पावन वनी ॥
हिमाली ह्यूँ पग्ले अनि दिनदिनै कल्कल गरी
बगेका छन् मोती अवनीतलमा शीतल छरी ॥
॥३॥

बहू भाषा-भाषी-बसनहरु छन् सर्वजनका
भजन च्यौसी भैलो विविध जनका सर्वमनका ॥
सजाएरै बाँचौ मिलिजुलि सधैं वस्तिभरका
अहो / नेपाली हो उठ न उठ हे / देशभरका ॥
॥४॥

हिमाली पाखामा हिमशिखरका वस्तिहरुमा
तराईका फाँट त्यस बगरका बेंशीहरुमा ॥
बसेका छौं हामी मनुजहरु यी बान्धव सरी
मिलेरै बाँचौं हे / अझ सगरमाथा शिर गरी ॥
॥५॥

## झ. वर्षाको विछोड

वर्षाका दिनमा रुझें अब म ता यो दुःख सन्तापले
        ज्यादै शोक भयो मलाइ अब ता ती प्यारीको आसले ॥
आसैआसमहा बिते गइगए ती दिन औं रात यो
        पाउँनै अति कष्ट भो अब हेर तिम्रा सबै साथ पो ॥

॥१॥

आसैमा पनि छैन सास अब यो बाँच्नै नसक्ने भयो
        तिम्रै नै प्रिय साथ आसभरमा मेरो जुनी यो गयो ॥
बुझ्ने मन् पनि छैन केही अब ता यो देह ढल्ने भयो
        ग्रीस्मैका वन झैं डढेर अब ता यो प्राण जल्ने भयो ॥

॥२॥

चम्कन्छन् बिजुली समस्त जगमा सन्त्रासको साथमा
        गर्जन्छन् सब मेघ बेग बलले सम्पूर्ण आकासमा ॥
त्यो बेला मनमा चले सब कुरा यो विश्वको मेलमा
        एक्लै बाँच्न मलाई कष्ट अति भो वर्षादको भेलमा ॥

॥३॥

रिम्झिम् पानी परी समस्त जगमा खोला र नाला बढे
        सब्का प्रीति बढे बढेन कहिल्यै तिम्रै बिछोडमा परें ॥
आशैमा जुनि बित्न गो नि अब ता आँउछ्यौ तिमी लौ यता
        देऊ दृष्टि मलाई हे प्रियतमा पर्खेर बस्छु म ता ॥

॥४॥

## ञ. वाग्मती - महिमा

शैलशिवपुरीबाट ध्वनि कल्कल यो गरी
सफा स्वच्छ भई बग्छिन् वाग्मती यी सधैं भरी॥
जल सुन्दरले गर्दा भन्दछन् सुन्दरीजल
बन्छ मनुष्यको चोला स्नान गर्दा समुज्ज्वल ॥

(१)

वन ठूलो छ छन् वृक्ष अनगिन्ती यहाँ भरी
सबैतिर बसेका छन् वन जन्तु सबैथरी ॥
लतापुष्प-वनच्छाया स्वच्छशीतलता अनि
स्वर्गका वागभैं गर्दै हाँस्दछे प्रकृति पनि ॥

(२)

नाच्दछन् वनका पंछी हास्तछन् मस्त भैकन
विश्वमा तुलना गर्दा लाग्छ सुन्दर यो वन ॥
नदीका बेगले गर्दा बगेका वालुवाकण
जस्तै डुलिहिडीदिन्छन् नदीमा पंछीका गण ॥

(३)

धरतीका यी सबै प्राणी पाल्नु छ हित गर्नु छ
मल-कल्मष नाशेर सिन्धुमा पुगि मिल्नु छ ॥
आजसम्म बचाएर धर्तीका जीव यी सब
पाल्ने काम गरिन् यिन्ले बाँच्ने हुन् कसरी अब ॥

(४)

अभै तल सधैं बग्छिन् सुन्दरी वाग्मती नदी
गया उत्तरको नाम कहिन्छ विष्णुको पदी ॥
नाम गोकर्ण यो तीर्थ ख्यातिप्राप्त छ यो भनी
मानेको छ ठुलो क्षेत्र धर्मवैदिकले पनि ॥

(५)

धमार्थकाममोक्षादि चतुर्वर्गादिको अनि
आरोग्य-सुखसौभाग्य धनधान्य सबै पनि ॥
देवपितृ र मान्छेको श्राद्धतर्पण कार्यले
पाइन्छ भन्दछन् वेद-पुराण-इतिहासले ॥

(६)

अझ दक्षिण आशामा गौरीघाट पुगीकन
स्नान गर्दा सुखी हुन्छन् धर्तीका सब यी जना ॥
केही तल अझै जाँदा पुण्यधाम पवित्रको
पाशुपत पुराधाम नामले नै कहिन्छ यो ॥

(७)

भोले-पशुपतिबाबा विश्वनाथ महेश्वर/
शिवजीको ठुलो धाम साथमा शुभमन्दिर ॥
चोखो पशुपति क्षेत्र आर्यघाट तटै मुनि
पुगेकी छिन् सुधा छर्दै धर्तीकी जान्हवी पनि ॥

(८)

स्नान गरी सधैं साधु माला लिएर भज्दछन्
मुक्ति प्राप्त गरी-छाड्ने वाचामा मन धर्दछन् ॥
पश्चमुखी ईशानैको गरेमा रूप दर्शन
हुन्छ भन्छन् सबै वेद-स्मृतिले मानबर्धन ॥

(९)

भन्दछन् सिद्ध मान्छेले ध्यान गान र वादन
भक्तिभाव सदा राख्दै गरेमा लोक पावन ॥
शम्भो पशुपतिबाबा जगन्नाथ महेश्वर/
गौरीप्रिय-महादेव गिरीश शशिशेखर/

(१०)

विश्वनाथ सदा शम्भो साम्भव जगदीश्वर
उच्चारण सबै नाम भक्तले गर्ने गर ॥
शिव छन् यी सदा शम्भो भवानीश-जगद्गुरु

सृष्टि-स्थिति-लयादिको गर्ने काम गरे सुरु ॥

(११)

शिवजीका सबै नाम हुन् ती कल्याण कारक
दुःख सन्ताप यी सारा पापकर्म निवारक ॥
अफै तल गएदेखि भेटिन्छिन् वाग्मती पनि
मनोहरा नदी बग्दै मिसिन्छिन् भेट भो भनी ॥

(१२)

दुई नदी भई भेट मिसिदै बग्दछन् जहाँ
शंखमूल पुराधाम अन्त पाइन्छ रे कहाँ ?
कुम्भेश्वर महादेव शिवको धाम हो भनी
शास्त्रका आडमा भन्छन् सारा मनुष्यले पनि ॥

(१३)

सालीनदी शिरैबाट बगेकी छिन् मणिमती
सबै पाप पखाछिन् ती हाम्रा शरीरका जती ॥
ठूलो मेला यहाँ लाग्छ माघमास सधैं भरी
नदीका तटमा आई स्नान गर्छन सबै थरी ॥

(१४)

गर्दा स्नान सदा मिल्छ सुखैश्वर्य सबै भनी
बस्छन् कोही निराहार एकमासावधी पनि ॥
दिदी-बैनी दुबै मिल्छन् आएर शंखमूलमा
कुम्भेश्वर महादेव शिवको पुण्य-धाममा ॥

(१५)

## ट. काली गण्डकी

माछा र पुच्छ्रे हिमशैलदेखि
सातैवटा सागरलाई भेटी ॥
नेपालकी श्यामल गण्डकी हे/
प्रबाहमा बग्न सिपालु छ्यौ के ?
॥१॥

श्रीविष्णुका दिव्य समस्त लीला
देख्छौं यहिं सुन्दर रूप-शीला ॥
यै गण्डकीको तट बीच-बीच
बिहार गर्दै म पुँगू नगीच ॥
॥२॥

चट्टानमा मूर्ति कुंदेर बस्छ्यौ
कि के तिमी प्राण बनेर पस्छ्यौ ॥
नेपालकी गण्डकी पुण्यधामा
उद्धार हाम्रो गर लौ न आमा ॥
॥३॥

अहा/ छ कस्तो रसिलो बहार
हिरा र मोती सुन झैं जुहार ॥
बग्छिन् सधैं यी अति बेग हाली
समुद्र सारा शिरमा उचाली ॥
॥४॥

प्रभातमा नित्य उठेर आई
यै गण्डकीको तटबीच धाई ॥
श्रद्धालु ती भक्त सबै नुहाई
गर्छन् तपस्या अति नै रमाई ॥

॥५॥

गर्छन् तपस्या सब देव आई
नाँच्छन् सबै किन्नर गीतगाई ॥
यै गण्डकीको अति शीत पानी
पिएर बाँच्ने जनजिन्दगानी ॥

॥६॥

झलल्ल बत्ती दहबाट बाल्दै
हे गण्डकी लौ बग बेग हाल्दै ॥
यो देशकी पुण्य पवित्र धामा
हाम्रा सबै कल्मष नाश आमा ॥

॥७॥

छ्यौ दैवले रक्षित कृष्ण गंगा
पवित्र पारी मनलाई चङ्गा ॥
काली लगाऊ सबलाइ पार
गर्छौं नि बिन्ती शत बारबार ॥

॥८॥

त्यो कागवेनी हिमशैलपार
सलल्ल बग्छ्यौ प्रति बारबार
श्रीमुक्तिक्षेत्र शिरमा छ तिम्रो
काली / तिमी पाप पखाल हाम्रो ॥

॥९॥

## ठ. आमा

आमा तिमी जन्म दिने मलाई
पाल्यौ र पोस्यौ हृदयै खुलाई ॥
सम्पूर्ण आनन्द सुधामयी यी
बात्सल्यदायी धरती भरिकी ॥
॥१॥

आमा सबैकी सुखतोषदाता
समुन्द्रपानी सरिको छ नाता ॥
मातृत्व सारा परिपूर्ण गर्छ्यौ
सन्तानको स्नेह गरेर बस्छ्यौ ॥
॥२॥

दिन्छिन् यिनै शीतलसाथ छायाँ
सन्तान आफ्ना सबको छ माया ॥
आमा तिमी हौ ममताकी खानी
बस्छ्यौ नि बाला प्रिय ठानि-ठानी ॥
॥३॥
न झेल गर्छिन न त भो विवाद ॥
गर्दै नगर्ने यिनी भेदभाव
संसारमा हाँस्न सिकाइदिन्छिन्
विश्वासमा बाँच्न सिकाइदिन्छिन् ॥
॥४॥

मातृत्व कहिल्यै पनि रित्तिंदैन
बात्सल्य कहिल्यैपनि सिद्धिदैन ॥
मधुर भाषा करुणाकी खानी
छोरा र छोरीहरुकी ती रानी ॥
॥५॥

## ङ. चण्डेश्वरी स्तुति

आधारभूतजननी सुखतोषदाते/

चण्डेश्वरी भगवती सवदेवमाते/

त्रैलोक्यपालक प्रिया धन भाग्य दातृ

विद्याविवेक भर हे/ गणदेव मातृ ॥

॥१॥

आमा तिमी सुखदिने परमाद्य-शक्ति

देऊ तिमी भगवती स्मृतिज्ञानशक्ति ॥

मिल्दैन ज्ञान कहिल्यै सुततुल्य ठान

मातृत्व देऊ जननी/ भर ज्योतिज्ञान ॥

॥२॥

देवादिदेवभववल्लभ-शक्तिमाते

सम्पूर्णलोक सबकी जनभाग्यदाते ॥

आएँ यहाँ अब म ता तिमी दृष्टि देऊ

चण्डेश्वरी भगवती स्मृतिज्ञान देऊ ॥

॥३॥

सकलनिगममाता दीप पूरा जलाई

झलमल गरी बल्ने दिव्य त्यो रूपलाई ॥

बुधजनहरु पूजा गर्छन् ध्यान-गान

स्मृतिरस भरिदेऊ चण्डिका दिव्यज्ञान ॥

॥४॥

परमगुणवती हे/ चण्डिका पुण्यधामा

अनुपम गुण देऊ भज्दछु हेर आमा ॥

धपधपगरि बल्ने रुपलाइ सजाई

स्मृतिरसभर आमा अन्धलाइ हटाई ॥

॥५॥

## ढ. चन्द्रोदय वर्णन

अब सकल कलाकी षोडशी रुपलाई
टहटह गरी लाग्ने रातमा जूनछाई ॥
सरसहृदय पार्दै चाँदनी झल्मलाई
शशि शरदनिशाकी झल्मलाएर आई ॥
॥१॥

अवनितल सबैमा चन्द्रिका नित्य आई
सरस अमृतधारा रातभर्मा बहाई ॥
अनुपम हितकारी सृष्टिलाई जगाई
कुमुददल खिलाइ हाँस्दछे यो रमाई ॥
॥२॥

कनकमय प्रभाको जून छाएर हाँस्छे
गगनतल बिचैमा चन्द्रिका प्रेम गाँस्छे ॥
टहटह जुन छर्दै धर्तीमा साँझ पर्छ
उदधि चपल हुन्छ चन्द्रले ज्योति छर्छ ॥
॥३॥

अमृतमय शिखाले अन्धलाई हटाई
धपधपगरी बल्ने रूपलाई सजाई ॥
जब जब शशि आई साँझमा मुस्कुराई
तब तब खुस हुन्छन् प्राणी सारा रमाई ॥
॥४॥

हिमकर-किरणैको रूपलाई सजाई
शिव-अलक बीचैमा बस्दछे चट्ट आई ॥
अमृतमय सुनौलो धारलाई बहाई

जगतजगमगाइ चाँदनी आभ्र आई ॥

॥५॥

शशधर शशिको त्यो दाग नै मेटियो रे
निशि पनि दिन जस्तै तेजिलो भेटियो रे ॥
भनिकन सब आजै विश्वमा भन्न थाले
तिमिरगण सबै ती दूर भै भागिहाले ॥

॥६॥

प्रतिपददिनबाटै चम्किदै ज्योति छछ्र्यौ
सरल प्रकृतिछाया साँझमा ल्याई बस्छ्यौ ॥
प्रतिपददिनबाटै क्षीण हुन्छ्यौ कि के हो
भनन अब तिमी लौ चाँदनी आज के भो ?

॥७॥

## ण. सूर्योदय वर्णन

नवग्रहगणनेता सूर्य प्रातः उदाए
अवनितल सबैमा तेजिलो घाम छाए ॥
जब जब रवि प्रातः मस्कुराएर आए
टहटह जुन छर्ने चन्द्रले छुट्टी पाए ॥
॥१॥

दिवसमणि सबैको सूर्य त्यो ज्योति छर्दै
अरुणमय बनेरै प्रातमा झुल्किदिन्छन् ॥
प्रतिदिन रवि बेहानै दीप झैं आउँदा पो
तिमिरगण सबै नै दूरमा मिल्किदिन्छन् ॥
॥२॥

तुहिनशिखरमाथि सूर्यका रश्मि लामा
परपर गरिसर्छन् शैलका टाकुरामा ॥
वनतरुलतिकाको बीचमा छन् निकुञ्ज
क्षितिजतिर सबैमा फैलियो रश्मिपुञ्ज ॥
॥३॥

झलमलगरि आभा सूर्यको आज छाई
कमलदल खिलेछन् पोखरी नै सजाई ॥
मधुर प्रकृति हाँस्छे रापिलो घाम पाई
सकलजन सबै नै हाँस्नथाले रमाई ॥
॥४॥

## त. सबै नेपाली

हुतात्मा सबै ती प्रचण्ड प्रतापी ।
सबै वीर हाम्रा हिडे वक्ष थापी ॥
॥१॥

बगर लेकबासी पहाडी हिमाली ।
तराई भरीका सबै यी नेपाली ॥
॥२॥

कसैको कहिल्यै यहाँ छैन भेद ।
कसैले कसैमा नराखे विभेद ॥
॥३॥

बहुजात-जाती फुलै यी फुलाऊँ
धराधामलाई सुनौलो बनाऊँ ॥
॥४॥

सुनौलो सुबासै फिँजाएर घेरौं ।
मुहोडा मुमाको हसाएर फेरौ ॥
॥५॥

सबैको सदा होस् सधैं उन्नती यो ।
पुकारौं सबैले स्वतन्त्र मुलुक् यो ॥
॥६॥

## थ. प्राकृत पोखरा

धर्ती नेपालमा धेरै प्रकृतिहरुका छटा
छताछुल्ल भएका छन् हिमगौरवका कथा ॥
वनपाखा-पखेरा ती नदिनालाहरु अनि
गुफा तालतलैया ती सबै हिमाल यी पनि ॥
॥१॥

माछापुच्छ्रे हिमालैमा बिहानी घामले छुँदा
देखिएका कति राम्रा हिमसौन्दर्यका छटा ॥
फेवाताल बिचैमा त्यो छ श्वेत हिमशेखर
साँच्चै छिपी बसेछन् कि माछापुच्छ्रे यी सुन्दर ॥
॥२॥

पोखरा नगरी रम्या धर्तीका माझमा रही
लुकी-छिपी बगेकी छिन् सेती गंगा खुसी भई ॥
चन्द्रशीतलता छर्दै हिड्दछे रात्रियाममा
इन्द्रेणी रमिता हेर्दै डुल्दछे दिव्यहासमा ॥
॥३॥

हिमशैल-पखेरामा झर्ना, छाँगा सबै पनि
हेर्न छुट्ला भनी हिड्छन् यात्राका क्रममा गनी ॥
यस्तो प्रकृतिको शोभा देख्न पाइन्छ के गरी ?
भन्दै वाल-युवावर्ग भुलेका भ्रमरासरी ॥
॥४॥

जतातत‍ै डुलेका छन् ताँती ती कमिला सरी
फेवा ताल रुपा ताल तलैया तटनै भरी ॥
हर्ष उल्लासले हिड्छन् यत्र तत्र सबै जना
पोखरा नगरीभित्र देखिन्छ बास नै घना ॥

॥५॥

फिकापन कतै छैन देखिन्छ रसिलो पना
पोखराका घरै राम्रा भन्दछन् यी सबै जना ॥
बुट्टेदार सबै झ्याल ढोका र वार्दलीभरी
सिंहमर्मरका बुट्टा सुन्दरी सजिए सरी ॥

॥६॥

दूरदेश कुनाबाट घुम्दै फिर्दै सबै जन
पोखरा नगरीलाई हेर्दछन् मस्त भैकन ॥
यस्तो सुन्दरता भर्ने पाइन्थ्यो स्थान त्यो कहाँ ?
परा प्रकृति हाँसदै छे बाह्रैमास सदा जहाँ ॥

॥७॥

## द. प्रेमालाप

सुधासिन्धु जस्तै पियारो जुनी यो
मलाई त लाग्यो कटारी सरीको ॥
हेर हेर मेरा सबै प्रिय साथ
हराएर कहाँ पुगे हेर आज ?
॥१॥

सदा टाढिने कि ? प्रिया लौ यसोरी
बुझाई म हेरौं मनै यो कसोरी ॥
शरज्जूनशोभा निशाकी शशी हौ
सुधाले भरेकी शरच्चन्द्रिका हौ ॥
॥२॥

जवानी सजाई भुजा ती बढाई
बहाँ खोल बाला / नविर्सी मलाई ॥
पियारी तिमी छ्यौ म साथै छु आज
निशाकी शशी झैं नमानेर लाज ॥
॥३॥

खुलाई दिलै यो भुलें है तिमीमा
डुबुल्की म मार्छु सुगन्धी हवामा ॥
बिहानी तिमी हौ मलाई त लाग्यो
उषाको सुनौलो बनेकी दियालो ।
॥४॥

## ध. दसैंको शुभेच्छा

विजया-दशमी आयो हर्ष उल्लास भावमा
मेरा प्यारा सबै बन्धुलाई छ शुभकामना ॥
॥१॥

हर्ष होस् सबका मन्मा सुख होस् सब देहमा
सुखी होऊन् सबै भन्ने भाव व्यक्तछ वेदमा ॥
॥२॥

सबै छन् हर्षले दङ्ग मस्त भै बस्तछन् सब
दुःख नहोस् कसैलाई सुखसमृद्धि होस् अब ॥
॥३॥

वनिता-वृद्धा-बालामा आर्यसंस्कारको भर
देखिन्छ सबमा उस्तै कसैमा छैन अन्तर ॥
॥४॥

विश्वमा जन्मने प्राणी सबैमा सुख होस् सदा
दुःख सन्तापको जाल कसैमा नरहोस् कदा ॥
॥५॥

दाहिना हुन् सदा दुर्गा भवानी जगदीश्वरी
यो विश्वभरका प्राणी जगकी परमेश्वरी ॥
॥६॥

## न. झिलिमिली तिहार

रम्झम् तिहारको आज देखियो धरती भरी
झिलिमिली सजाएरै झर्छे कि स्वर्गकी परी ॥
॥१॥

सहर र सबै गाउँ भेद नदेखिने भयो
ताराहरु उदाएको नभ झैं धरती भयो ॥
॥२॥

इन्द्रेणी छाए झैं लाग्छ रजनी याममा जहाँ
दीपका पंक्ति ती देख्दा लाग्छ स्वर्गसरी यहाँ ॥
॥३॥

लुकेर चन्द्रमा साँझ चादनी छरी बेसरी
बसेको छ कि लौ आज भनौ म के कसोरी ॥
॥४॥

बलेका दीपका माला साँझमा तारका सरी
देखिन्छे धरती आज स्वर्गीयोद्यान झै गरी ॥
॥५॥

बलेका सबका बत्ती देखिन्छन् भूवनै भरी
झिल्मिल्-झिल्मिल् गरी बल्ने ताराका ताती ती सरी॥
॥६॥

कपाटमा बलेका छन् सबै नै दीपिकावली
सयपत्री सजिएका देखिन्छन् झ्याल नै भरी ॥
॥७॥

देखिन्छ स्वर्गको टुक्रा जस्तै नेपाल यो पनि
द्यौसी-भैलो सबै खेल्दै हिड्छन् चट्ट ती परी ॥
॥८॥

सन्ध्यामा श्री भवानीको पूजा-आजा गरीवरी
द्यौसे र भैलेनी आई नाँच्दछन् आँगनी भरी ॥
॥९॥

दाहिना हुन् सदा लक्ष्मी भवानी जगदीश्वरी
धनधान्य सबै यिन्ले दिऊन् है कामना भरी ॥
॥१०॥

## ५. कर्मयोगी युवा

भयो उजेलो अब रात भाग्यो
        बिहान भो लौ अब घाम लाग्यो
यो देशका वीर सबै जवान
        उठे सबै नै उठ भो विहान ।
                ॥१॥

रक्षा गरे यै प्रिय देशलाई
        सहस्रबाहू-बलले सजाई
बनाई छाती सबले विशाल
        यो देशलाई शिरले उचाल ।
                ॥२॥

यो देशका हौ तिमी नौ जवान
        युवा सबै हौ अति नै महान
एकत्व माला सबले उनेर
        बनाए यो देश सबै मिलेर ।
                ॥३॥

यो दुःखको चक्र सदैव यस्तै
        हो कालको चक्र घुमेको जस्तै
सहस्र धारा पसिना बहाऊ
        भै कर्मयोगी धरती सजाउ ।
                ॥४॥

बुझेर आऊ नव जिन्दगानी
        साँचे सधैं यो रसिलो जवानी
हे धर्तिपुत्र / तिमी हौ जवान
        आलस्य फाली बन लौ महान ।
                ॥५॥

यै धर्तिमा छौ सब लाख भाइ
भन्छिन् नि माता धरती मलाई
क्यै काम नौलो नगरी हुँदैन
सुबासना यो नछरी हुँदैन ।
॥६॥

## फ. महाकविप्रति श्रद्धाञ्जली

उदाउँछन् सदा प्रात-कालमा जसरी रवि
त्यसैगरी उदाएछन् लक्ष्मीप्रसाद यी कवि ॥
॥१॥

निबन्ध र महाकाव्य खण्डकाव्य अनन्त छन्
आख्यान जीवनी धेरै सबै विश्व प्रसिद्ध छन् ।
॥२॥

शाकुन्तल महाकाव्य ताराका बीच चन्द्र झैं
उदाएको छ है हाम्रो नेपाली वाङ्मयै भरी ॥
॥३॥

व्यास वैदिकका जस्तै भाषाका वेदव्यास हुन्
बहुमुखी कवित्वका मनिषी ब्रह्मरूप हुन् ॥
॥४॥

धर्तीमा जन्मिई जस्ले काव्यको साधना गरे
भाषालोक भरी उन्ले सेवा मानवको गरे ॥
॥५॥

यी महाकवि हुन् हाम्रा साक्षात् सरस्वती सरी
श्रद्धा सुमनका साथ अर्पन्छु अञ्जुलीभरी ॥
॥६॥

## ब. माता - पितामा श्रद्धाञ्जली

माता पद्मकुमारी हुन् मेरी ती ममता मयी
धर्म वैदिकको निष्ठा गर्थिन् यी धाममा गई ॥
॥१॥

दामोदर पिता मेरा थिए ती भाष्करै सरी
उदाएका थिए हाम्रा दाहाल वंश नै भरी ॥
॥२॥

ज्योतिषाचार्यहुन् धेरै पुराणवाचकै पनि
कूलदीपक हुन् हाम्रो दाहाल वंशकै अनि ॥
॥३॥

थियो शिक्षकको पेशा हिड्थे अध्यापनै गरी
थियो कुशलता यिन्मा ज्ञानदैवज्ञको सरी ॥
॥४॥

भन्दथे सबले हेर साना यी पण्डितै भनी
गरे देखाउने काम ठूला यी पण्डितै बनी ॥
॥५॥

यस्ता आमा र बाबाको सम्झना हृदयै भरी
श्रद्धासुमनको भाव टक्र्याउँछु अञ्जली भरी ॥
॥६॥

## ५.१.२ केही गीति - कविता

### क. प्रातस्तुति

हामी सबैको यो हृदयमा
      बास बस हे सरस्वती !
गर्छौं पुकारा ज्ञानकै निम्ति
      गर्छौं प्रणाम प्रातस्तुति ॥

शरद् शशीको जूनसरी त्यो
      बसिरहेकी ज्योति जगाई ।
ज्ञानभरियो सरस्वती !
      स्वरसुधाको धार बहाई ॥

सेतो हंस छ सेतै पहिरन्
      सेतो नै छ दिव्य मुहार ।
विद्या धनकी शक्ति तिमी हौ
      त्यसकै लागि गर्छौं पुकार ॥

कतिदिन बस्ने दुःख लुकाई
      पार लगाऊ हामीलाई ।
तिमीलाई राख्छौं दिल्मा सजाई
      बस्छौं हामी नित्य रमाई ॥

तिम्रा युगल ती चरणकमलमा
      माथ चढाई राख्ने छौं ।
अज्ञानताको पर्दा हटाऊ
      जीवनलाई नित्य सजाऊँ ॥

## ख. हाम्रो नेपाल

क्या राम्रो हाम्रो नेपाल,
सुन्दर शान्त विशाल ॥

टल्किने हाम्रा हिमाल चाँदीका ठूला पर्खाल,
यो पुण्यभूमि नेपाल सबैले माथि उचाल ...............

हाम्रा ती सारा पुर्खाली विश्वका साझा गोर्खाली,
हिड्थे शीर थापेर सगरमाथा उचाली ...................

निशामा आई चाँदनी उज्यालो यहाँ छर्दछे,
सन्ध्यामा आई इन्द्रेणी नौ रंग यहाँ भर्दछे ..............

नौ रंगी डाँफे नाचेर सौन्दर्य भर्दा क्या राम्रो,
कस्तुरी मृग आएर सुबास छर्दा क्या राम्रो .............

क्या राम्रो हाम्रो नेपाल,
सुन्दर शान्त विशाल ॥ .....................................

## ग. खुकुरीवीर

साहसी मात्र खुकुरीवीर
सक्दछ बन्नलाई,
खुकुरीवीर बनेर हिँड
नेपाली भन्नलाई .............

खुकुरी भिरी हिड्थे हाम्रा,
ती वीर गोर्खाली,
वैरीका सामु लडेका थिए,
साहसी नेपाली ...............

शत्रुका सामु खान नै नपाई,
थिए यी लडेका,
देशको सीमा फराक पार्न
थिए यी बढेका ...............

खुकुरी भिरी शत्रुलाई चिरी
स्वनाम चम्काए
विश्वका माझ शीर नै उच्च
पारेर देखाए ...................

## घ. मेरो नेपाल

स्वदेश मेरो नेपाल
सुन्दर शान्त विशाल ॥ ................

सगरमाथा विशाल विश्वको शीर हिमाल,
सबैले माथि उचालौं यो हाम्रो देश नेपाल .................

सीताको जन्मभूमि यो बुद्धको ज्ञानभूमि हो,
जन्मिथिन् यहिँ भृकुटी जन्मेथे यहिँ जनक .................

सबैले आजै बदलौं द्वन्द्वको कालो बादल,
बुद्धको ज्ञान लिएर उजेलो दीप जगाऊँ .....................

शान्तिको गीत गाएर आपसी द्वन्द्व हटाऊँ,
शान्तिलाई साथ लिएर मिलन्को नाता लगाऊँ ............

स्देश मेरो नेपाल
सुन्दर शान्त विशाल ॥ ................

## ङ. शान्तिगीत

शान्ति छर नेपाली शान्ति छर हे !
आपसमा मिलिजुली शान्ति छर हे !!

शान्ति भन्दा ठूलो कुरा अरु केही छैन,
अशान्ति यो छायो भने बाँच्न पाइदैन ..........
शान्तिदीप बालीबाली बाँच्न सिक हे,
अशान्तिलाई हटाएर हाँस्न सिक हे ..............

क्रान्तिवीर सधैं बनी रिसाउनु हुन्न,
शान्तिवीर बन्नुपर्छ जीवन यो धान्न .............
विश्व एउटै घर सम्झी शान्ति छर हे !
धर्तीमाता हसाँउन शान्ति छर हे ! ...............

शान्तिसँग बाँच्नुपर्ने मनुष्यको चोला,
बुद्धको यो धर्तीलाई नविर्सनु होला ...............
सबैजना आजै मिली बाँच्न सिक हे,
अशान्तिको पीडा हराई हाँस्न सिक हे ..........

अशान्तिको द्वन्द्व चर्के दुःख हुन्छ हेर,
शान्तिसँग बस्न पाए सुःख हुन्छ धेर ............
शान्तिछर नेपाली शान्ति छर हे,
आपसमा मिलिजुली शान्ति छर हे ..............

## च. देशको माया

पहाडमाथि चौतारीमा हिमालको छायाँ,
लाग्छ मलाई नेपालको धेरै धेरै माया .................
मायाको यो सीमा छैन अन्त्य कहिल्यै हुन्न,
निर्दयीलाई त्यो मायाले कैल्यै पनि छुन्न .............

बादलुको छायाँ जस्ता सितलु छ माया,
त्यसैले नै मैले आज यहाँ गीत गाई
बसन्तको वायु बग्ने नेपाल जति हाम्रो,
चाँदी जस्तै टल्कने त्यो हिमाल कति राम्रो ...........

सफा नदीनाला सबै झर्ना बगेका ती,
सुहाएको कति राम्रो ! सौन्दर्य नै जाती,
प्रकृति यो सुन्दरै छ सौन्दर्यको खानी,
जाँगर भए दीप बल्छ खोलाको त्यो पानी .............

असारमा सीप रोपे मंसिरमा फल्छ
कर्मठले कर्म गरे सधैं दीप बल्छ,
तराई र पहाडमा हिमालको छायाँ
लाग्छ मलाई नेपालको धेरै-धेरै माया ..................

## छ. नयाँ नेपाल

फुलबारी हो सबको साझा हाम्रो नेपाल
शान्तिको यो फूल रोपी बनाऊँ विशाल .............

शान्तिगीत सधैंभरी गाउँ है नेपाली
सगरमाथा शीरमा राखी हिडौं उचाली
गौतमबुद्ध जन्मिएथे शान्तिदीप बाली
हत्याहिंसा त्याग्नुपर्छ सबले यसपाली ...............

हिंसा गर्ने कर्तव्य यो मनुष्यको होइन
मान्छेले नै मान्छेलाई मार्नु राम्रो होइन
एकलाई अर्काले नै किन मार्नु पर्‍यो ?
शान्तिको यो फूललाई सबले सार्नु पर्‍यो .............

एउटै साझा फूलबारीमा सबै फुलिदिऊँ
अशान्ति र युद्धलाई सबै भुलिदिऊँ
बुद्धको यो देशमाथि किन कालो बादल ?
हातेमालो गरी आऊ बनाऊँ नयाँ नेपाल ...............

हिमालको गौरबलाई छातीमाथि थापी
यस देशको माटालाई शिरमाथि राखी
आजैदेखि प्रण गरौं आऊ है नेपाली
हिड्न सक्छौं अनिमात्र शीर उचाली ...................

फुलबारी हो सबको साझा हाम्रो नेपाल
शान्तिको यो फूल रोपी बनाऊँ विशाल .............

## ज. नेपाल गौरव

यो देश हाम्रो अत्यन्त राम्रो
अति नै विशाल,
उत्तरपट्टि चाँदीका खम्बा
ती हाम्रा हिमाल ॥

मेची र काली सीमाना आली
फैलेको हिमाल,
सगरमाथा शिरैमा देश
यो हाम्रो नेपाल ॥

अनेक भाषा-भाषिको देश
जलको भण्डार,
हरिया वन तराइका फाँट
अन्नको भण्डार ॥

यहाँको पानी अमृत जस्तो
कहिल्यै सुक्दैन,
ज्यान गए पनि नेपाली वीर
कहिल्यै झुक्दैन ॥

चाँदीको छाना मोतीको दाना
विश्वको शीर हो,
यै शीर नेर बसेका हामी
नेपाली वीर हो ॥

## झ. कर्मगीत

कर्म गर नेपाली कर्म गर हे !
सबैजना मिलिजुली कर्म गर हे ! ................
आपसमा आजै मिली बाँच्न सिक हे !
आलस्यलाई हटाएर हाँस्न सिक हे ..................

कर्म भन्दा ठूलो कुरो केही पाईदैन
अल्छि गरी बस्दाखेरि खान पाईदैन .............
असारमा सार मिलाई बाँच्न सिक हे !
श्रम सीप जाँगर रोपी हाँस्न सिक हे !! ...............

कर्मभीरु बन्न हुन्न त्यसै बस्न हुन्न
कर्मयोगी बन्नुपर्छ जीवनलाई धान्न ...........
पाखुरीको बल सिञ्ची श्रम गर हे !
धर्तीमाता हसाँउन कर्म गर हे ..........................

सङ्घर्षको साधन हो मनुष्यको चोला
धर्तीलाई सजाउँदा उन्नति नै होला .............
कर्म गर नेपाली कर्म गर हे !
सबै जना मिलिजुली कर्म गर हे ! ................

## ञ. कति राम्रो

उत्तरको हिमाल हाम्रो कति राम्रो
झरनाको पानी हेर्दा झनै राम्रो ।
आकाशको बादल त्यो कति राम्रो
इन्द्रेणीको रंग हेर झनै राम्रो ॥

बगैंचाका फूल हेर कति राम्रा
ती फूलका पुतली ती झनै राम्रा ।
भ्रमराको गीत सुन्दा कति राम्रो
वसन्तको हरियाली झनै राम्रो ॥

जूनकिरीका ताँती हेर कति राम्रा
आकाशका तारा हेर झनै राम्रा ।
बिहानका सूर्यकिरण कति राम्रा
पूर्णिमाको जून हेर झनै राम्रा ॥

बकुल्लाका ताँती हेर कति राम्रा
कोइलीका गीत सुन्दा झनै राम्रा ।
गौंथलीका गुँड हेर कति राम्रा
मयुरका नाँच हेर झनै राम्रा ॥

गुराँसका फूल हेर कति राम्रा
गुलाबका फुल हेर्दा झनै राम्रा ।
जाइ-जुइ-चमेली ती कति राम्रा
शरद्का सयपत्री झनै राम्रा ॥

## ट. गौरव गीत

जनक-बुद्ध-भृकुटी-सीता
यी हाम्रा पुर्ख्यौली,
हिमाली पाखा झ्याउरे भाका
नबिर्स नेपाली .......................

जनक ज्ञानी बुद्ध झैं ध्यानी
बनौं न नेपाली,
सुवास छर्दै उज्यालो भर्दै
धरती उचाली .......................

भृकुटी-सीता सती ती थिए
स्वनाम चिनाए,
सुनौलो कीर्ति यो विश्वमाझ
तिनैले फिँजाए .......................

मेची र काली सम्झेर खाली
सजाऊ यो फूल,
सगरमाथा यो हाम्रो गाथा
कसैले नभुल ..........................

खहरे खोला छहरे छाँगा
यी हाम्रा नदीका,
झ्याउरे गौरा ती पर्व गीत
धड्कन सरिका .......................

अनेक भाषा-भाषीको देश
अनेक छन् भेष,
विशाल इच्छा लिएर हिंड

बनाऊ यो देश ......................
हिमाली चोखो पानीले तिम्रो
त्यो चित्त पखाल,
कालिज मैना नौ रंगी डाँफे
चरीका बगाल ........................

शीतमा मोती छरेका ज्योति
ती चन्द्र-सूर्यले,
धरती फाँट ती आली टार
सजाए अन्नले ........................

## ठ. लोक गीत

मेरो घर हिमाली पाखामा,
गाँउछु गीत नेपाली भाकामा
पारिपट्टि वन, लौ भन गाजलु के छ तिम्रो मन ?

तिम्रो घर यतै त होला नि,
व्यर्थै बित्ला त्यो तिम्रो जवानी ।
पारिपट्टि वन ............................................

शिरमा लाउने त्यो राम्रो शिरफूल,
लाँउला माया कहिले नी नभुल ।
पारिपट्टि वन ............................................

हातमा बाला गलैमा माला
छैन तिम्रो किन हो ठीक चाला ।
पारिपट्टि वन ............................................

ओठमा लाली आँखैमा गाजलु,
पर्खिबस्छु तिमीलाई मायालु ।
पारिपट्टि वन ............................................

लाउने भए लाइहाल यो माया
वित्ला जीवन दुइदिने रामछाँया ।
पारिपट्टि वन ............................................

## ङ. सन्देशमूलक लोक गीत

स्कूल हाम्रो रविओपी लाँउला ढाका टोपी
पढ्ने लेख्ने नगरेमा दुःख अनेक चोटी ......................
गंगादेवी नजिकै चण्डेश्वरी वन
पढपढ साथी हो के छ तिम्रो मन ? .........................

देश हाम्रो भेष राम्रो रविओपी गाउँ,
आज तिम्ले पढ्योभने चम्कने छ नाउँ .......................
गंगादेवी नजिकै ..................................................
.......................................................................

हिमालको पानी जस्तै सङ्लो हाम्रो मन,
पढ्न हुन्न भनी कहिल्यै तिमी चैं नभन ।
गंगादेवी नजिकै ..................................................
.......................................................................

डाँडामुनी सुन्दर छ खोलीको त्यो दोभान
हाँसखेल गरी पढी लेखी बनाउँ यो जीवन ।
गंगादेवी नजिकै ..................................................
.......................................................................

वनपाखामा फुलेका ती कति राम्रा फूल
जिन्दगीमा विद्यालाई कहिल्यै नभूल ।
गंगादेवी नजिकै ..................................................
.......................................................................

रक्षा गर सधैंभर चण्डेश्वरी माई
पढलेख दिदी -बहिनी पढ दाजुभाइ ।
गंगादेवी नजिकै ..................................................
.......................................................................

## ढ. ग्रीष्म-चक्र

शुष्क र राप तपिलो हावा फिजाइ हिड्छ जो
वसन्त पछि आउने ऋतु गरम ग्रीष्म हो ।
सूर्यले रश्मि छरेर यहाँ डडेलो लगाए
जगतैभरि ग्रीष्मले अब शितलु भगाए ।

सन्ताप बढ्यो यो विश्व भरी कुसुम वैलाए
पसिना दाना मोती झैं छाए आलस्य जगाए ।
एकपद हिड्न कठिन भयो घामका रापले
गन्तव्य पुग्न जटिल भयो ग्रीष्मका तापले ।

रोग र व्याधी बढेर आयो यै ऋतु चक्रमा
प्रकृति हिड्छे जस्तो पो लाग्यो मार्ग यो वक्रमा ।
चिट्चिट आउने पसिनादाना मोतीका जुहार
वनका पंछि उडेर गए हजारौं हजार ।

खोला र नाला सुकेर गए मन्द भो वेग ता
वनका पंक्षी वनमै लुके देखिन मैले ता ।
तापले होला गए ती कहाँ चरीका बथान
खक्रक्क देखें वारि र पारी नदीका कटान ।

यो विश्व सारा तातेर आयो बस्न नै सकिन्न
कृतिम पंखा जोडेर ल्यायो खप्न नै सकिन्न ।
केवल चन्द्र रश्मिले मात्र जोशलाई जगाउँछ
होसमा ल्याई प्राणीको सब गर्मीलाई भगाउँछ ।

यो प्राण धानी पाए त बाँच्न वर्षाद आउनेथ्यो
उन्नति गरी अगाडि बढ्न शरद आउनेथ्यो ।
व्याकुल हुन्छन् यै ऋतुमहाँ धर्तीका यी प्राणी

हटेर जाने कहिले होला गर्मीको यो खानी ।

## ण. हेमन्त-चक्र

हावा र पानी चिसोमा चिसो सितलु यामको
पाँचौं यो ऋतु घुमेर आयो हेमन्त नामको ।
टल्किन्छ शैल तुसारो परी सेताम्य भएर
निराश भइन् धरणी आज शरद गएर ।

मैलो र थैलो पछ्यौरा ओडी प्रकृति आयो कि ?
निस्सार जीवन गुजारा गर्न हेमन्त आयो कि ?
हिजोको सुन्दर प्रकृति आज हेर न कस्तो छ ?
दुर्गन्ध बोकी हिडेको दोषी मनुष्य जस्तो छ ।

चरीका तान सुनिन्न किन तुषारे वनैमा ?
लुग्लुग्काम्ने जाडोले गर्दा पिर पऱ्यो मनैमा ।
मेघले घाम छेकेर सबै हुनेछन् निराश
दशै ती दिशा देखिन्छन् अब अति नै उराठ ।

जन्तुले हात चिले झैं लाग्छ तुषारो छुनाले
हातका औंला झरें झैं लाग्छ हेमन्त हुनाले ।
निरस धर्ती पहाड पर्वत सबै छन् सुकेका
पाखामा घाँस वनका पात झनैं छन् सुकेका ।

बगैंचा वन वारि र पारि फूल केहि फुल्दैन
निष्क्रिय धर्ती देखिन्छे आज अनाज फल्दैन ।
न मीठा फल न फूल फुल्छन् सुकेको धर्तीमा
सुवास छैन मिठास छैन मेरो यो धर्तीमा ।

## त. राघव कीर्तन

यशोदानन्दन जय घनश्याम
दशरथ प्रिय हे जय श्री राम !
जयहरि केशव माधव राम
हृदयमा राख्छु तिम्रा यी नाम
पुऱ्याउन हामीलाई तिम्रै धाम .........

रघुकुलवीर हे ! राघव राम
जानकी वल्लभ जय-जय राम !
रोहिणी सुत हे ! जय बलराम
हृदयमा राख्छु तिम्रा यी नाम
पुऱ्याउ न हामीलाई .......................

मुकुन्द राघव राजाराम
भार्गवकुलका जय पर्शुराम !
मानववीर हे जय साइराम
जयहरि गोविन्द कृष्णका नाम
पुऱ्याऊ न हामीलाई .......................

## ५.२ 'कविता - कुसुमाञ्जली' कविता संग्रहको विवेचना र मूल्याङ्कन :

मानवीय जीवन त्यतिकै पनि सुन्दर छ । यस जीवनलाई अझै सुन्दर पार्नका लागि साहित्य, संगीत र कलाको अध्ययन आवश्यक देखिन्छ । त्यसैले मानिस सदैव नयाँ-नयाँ आकांक्षाका साथ आफ्नो जीवनलाई अगाडि बढाउने लक्ष्य राख्दछ । मानवका लागि प्रकृतिक सौन्दर्य सदैव आकर्षक हुन्छ । प्रकृति जति सुन्दर भएपनि मानिसको जीवनशैली त्यति सरल र सहज छैन । मानवले आफ्नो जीवनरथलाई अगाडि बढाउनका लागि हरेक आरोह-अवरोह पार गर्दै जानु पर्दछ । जीवनमा विभिन्न सुःख-दुख, वाधा-व्यवधान, विकृति र विसङ्गतिहरू आइपर्छन् । यस्ता वाधाव्यवधानबाट बच्न सदैव क्रियाशील हुनुपर्दछ । यस्ता जीवनजगतका सुखदुखात्मक कुरालाई साहित्यले अभिव्यक्ति गर्ने हुनाले हाम्रा लागि कविता साहित्य निकै महत्त्वपूर्ण बन्ने गरेको देखिन्छ । कविले आफ्नो जीवन भोगाईका क्रममा विभिन्न अनुभवहरू बटुल्दै आफ्नो प्रतिभा प्रदर्शन गर्दछ । यसै सन्दर्भमा आदिकवि बाल्मीकि, वेदव्यास, कालिदास आदिले आफ्नो कवितात्मक स्वरूप प्रदान गर्न सफल भए । त्यसै गरी नेपाली साहित्यमा पनि भानुभक्त, मोतीराम, लेखनाथ, लक्ष्मीप्रसाद आदिका काव्यात्मक कृतिले सुन्दरता भर्दै आउने काम गरे । यी पूर्वीय र पाश्चात्य तथा नेपाली कविताद्वारा म पनि प्रभावित भएं । प्रस्तुत **कविता-कुसुमाञ्जली** कविता संग्रहमा पनि जीवनजगत्का विभिन्न भोगाई, हिमाल, पहाड, नदीनाला, प्राकृतिक सौन्दर्य, धार्मिक महत्व, ऋतुवर्णन, प्रेमप्रणय, राष्ट्रियता जस्ता विविध विषयवस्तुका बारेमा संस्कृतका विभिन्न छन्दमा र लोकलयमा कविता लेख्ने अभ्यास गरेको छु । यो मेरो प्रयास बामे सराई मात्र हो । न मलाई मूर्धन्य साहित्यकारको जस्तो प्रतिभा स्फुरण नै भएको छ, न त शास्त्रज्ञानद्धारा प्राप्त हुने व्युत्पत्ति नै बढेको छ । मैले यहाँ केवल अभ्यासिक बन्ने गरेको प्रयास छु र यस कविता संग्रमा वार्णिक छन्द र लोकलयमा कविता लेख्ने प्रयास गरेको छु । फुटकर कविताकोटिमा पर्ने प्रस्तुत **कविता-कुसुमाञ्जली** कविता संग्रहका पद्य कविताहरूमा लघुआयामको सोमराजीदेखी अनुष्टुप, उपजाति, भुजङ्गप्रयात, वसन्ततिलका, मालिनी, शिखरिणी, मन्दाक्रान्ता हुँदै शार्दूलविक्रीडित सम्मका वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ । केही झ्याउरे लयका साथै केही लोकलयका गीति कविता पनि यसमा समावेश गरिएका छन् ।

नेपाली कविता सिर्जनाका क्रममा सकेसम्म पद्यात्मक शैलीमा कविता लेख्ने जमर्को यस कविता संग्रहमा गरिएको छ । यो मेरो पारिवारिक वातावरणको प्रभावको कारण हो । मेरा कवितामा प्राय धार्मिक, सांस्कृतिक र प्रकृतिक विषयवस्तु समावेश गरिएका छन् । विभिन्न स्तोत्र, भजन, गीत आदिमा केन्द्रित भएको पाइन्छ । मेरो घरपरिवारमा हजुरबुबा र  हजुरआमाका मुखारविन्दबाट प्रस्तुत स्तोत्रपाठको प्रभाव यस कविता संग्रहमा परेको पाइने छ । त्यसैगरी नेपाली कविता सिर्जनाका

क्रममा मैले मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, भरतराज पन्त जस्ता पूर्ववर्ती मूर्धन्य कविहरूका काव्यात्मक कृतिहरूबाट प्रेरणा र प्रभाव प्राप्त गरेको हुँदा मेरा कविताहरू प्रायः शास्त्रीयतावादी, स्वच्छन्दतावादी र समसामयिक धाराका निकै नजिक रहेका पाइनेछन् । शैलीशिल्पगत दृष्टिले लेखनाथ जस्ता परिष्कारवादी कविकै प्रभाव अनुरूप कविता लेख्ने प्रयास गरेको छु । कवितामा सकेसम्म व्याकरणीय अनुशासनभन्दा छन्दानुशासनलाई परिपालन गरी कविता सिर्जना गर्ने प्रयास गरेको छु । कवितामा छन्द, लय, भाव, विम्ब र अलङ्कार आदि कुरालाई समन्वयमा ल्याउने प्रयास गरेको छु । अन्त्यानुप्रास मिलाउने प्रयास पनि देखिएला नै । कवितामा उपमा अलङ्कारको प्रयोग ज्यादै नै पाइएला, त्यसपछि उत्प्रेक्षा, रूपक, स्वभावोक्ति आदि अलङ्कारको प्रयोग गर्ने जमर्को गरेको छु । मूलभाव र कथ्यलाई सबै शीर्षकले समेट्न सकून् भन्ने अभिप्रायले केही अभिधात्मक, केही विम्बात्मक र केही प्रतीकात्मक शीर्षक छनौट गरेको छु । विभिन्न प्रकृति, धर्म, संस्कृति, राष्ट्रियता, स्तुति, स्तोत्र आदिलाई मूल कथ्य बनाइएको यस कविता संग्रहका कविताहरूमा शब्दशक्तिमा अभिधादेखि व्यञ्जना स्तरसम्म पुऱ्याउने प्रयास गरिएको छ । औचित्य र रीतिलाई पनि यथासम्भव ध्यान दिंदै यथेष्ट लयात्मकता प्रकट होस् भनी सकेसम्म कोमल पद र पदावलीको प्रयोग गरिएको छ ।

विषयगत दृष्टिले प्रस्तुत कविता संग्रहका कवितामध्ये **शारदा वन्दना, चण्डेश्वरी स्तुति, पशुपति स्तोत्र** जस्ता कविताहरूले पूर्वीय संस्कृत साहित्यिक परम्पराको स्तोत्र रत्नावली तथा लहरी साहित्यको झलक दिलाउनेछन् भने **गंगा महिमा, वाग्मती महिमा, काली गण्डकी** जस्ता कविताहरूले प्रकृति चित्रणका साथसाथै नेपाली धर्म र संस्कृति प्रतिको मोह दर्शाइएको पाइनेछ । **शरद्-शोभा, हिमाल महिमा, वशन्तशोभा, वर्षाको विछोड** जस्ता कवितामा प्रकृति परिवर्तनको मूल आधार ॠतु परिवर्तनको परिवेश चित्रण गरिएको छ । **दशैंको शुभेच्छा, तिहारको रमझम** जस्ता कविताले सांस्कृतिक पक्षको चित्रण प्रस्तुत गर्दछन् । **महाकविप्रति श्रद्धाञ्जली, मातापितामा श्रद्धाञ्जली** जस्ता कविताले आफ्ना पूर्वजहरूप्रतिको स्नेहलाई दर्शाउँछन् । त्यसैगरी **सेती नदी, प्राकृत पोखरा, नेपाल महिमा** जस्ता कविताले आकर्षक र मनमोहक नदीनालाको बखान गर्न खोजेका छन् भने **सूर्योदय वर्णन, चन्द्रोदय वर्णन** जस्ता कविताले काल परिवर्तनको संकेत गर्दछन् । **आमा** कविताद्वारा मातृस्नेह घनीभूत भएको पाइन्छ भने **खुकुरीवीर र वीरत्वको महिमा प्रस्तुत गर्न खोजिएका छन् ।** कविताले नेपालीहरूको वीरत्वको संकेत गरेको छ । **हाम्रो नेपाल, मेरो नेपाल, नयाँ नेपाल, सबै नेपाली, प्रेमालाप** जस्ता कविताले राष्ट्रियता, एकत्व पारस्परिक र मानवीय प्रेमभावको गुणगान प्रस्तुत गर्न खोजेका छन् । त्यसैगरी **कति राम्रो** कविताले हाम्रा विभिन्न सामाजिक विम्बलाई सटिक रूपमा उतार्ने प्रयास गरेको छ । त्यस्तै केही लोकलयमा लोकगीत र सन्देशमूलक

लोकगीतको झल्को पनि प्रस्तुत गरिएको छ । त्यसैगरी केही गीतिकविताहरूले पनि नेपाली लोकलयलाई आत्मसात् गर्दै नेपालीपनको परिचय दिने प्रयास गरिएका पाइन्छन् । केही राष्ट्रिय भक्तिभाव, शान्तिगीत, कर्मगीतद्वारा केही नयाँ चेतना फैलाउन सकिन्छ भन्ने उद्देश्यले यी कविताहरू समावेश गरिएका छन् । चिन्तनका दृष्टिले यी कवितामा मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, कालिप्रसाद रिजालका गीति कवितहरूको प्रभाव धेरथोर मात्रामा देखिन सक्छन् । आफ्नै जीवनको अनुभूतिबाट यी कविताको सिर्जना गरिएको भएपनि कुनै न कुनै रूपले पूर्ववर्ती आदर्श र स्रष्टाहरूको प्रभाव कवितामा देख्न सकिन्छ भन्ने अनुभव यहाँको स्रष्टाले गरेको छ । त्यसैले निश्चित रूपमा पूर्वजहरूको प्रभाव कवितामा देख्न सकिनेछ । केही पूर्वजहरूको प्रभाव कवितामा देख्न सकिन्छ । विभिन्न शीर्षकमा लेखिएका यी कविताहरूले विषयगत दृष्टिले पनि विविध पक्षलाई समेट्ने प्रयास उपयोगी भएको अनुभूति मैले गरेको छु ।

## ५.३ उपसंहार :

विज्ञानका जति आविष्कार भएपनि आजका मानिसमा निराशा, हीनताबोध जस्ता कुराले ढाकिसकेको छ । विज्ञानले मानव संसारलाई साँघुरो बनाउनुका साथै जटिलतातर्फ घचेडेको अनुभव हुन्छ । विज्ञानको बढ्दो भौतिक उन्नति, मानिसका असिमित तृष्णा र आर्थिक दूरावस्थाले मानिसलाई निरीह बनाएको छ । एकातिर मानिस भौतिक सम्पन्नताका साथ विलासी जीवन जिउन उद्यत देखिन्छ भने अर्कातिर आत्मामा रमाई आत्मदर्शन गर्ने कविहरू पनि कम छैनन् । त्यसैले समयको गति सँसंगै आज मानिस आफ्ना पीडा भोगाई, त्रासदी हटाउन तथा मानसिक तुष्टि प्राप्त गर्न कविता लेख्ने र पढ्ने कार्यतर्फ लागेका पाइन्छन् । कविता लेख्ने क्रम बढ्दो छ । कविताको संख्यात्मकतामा निश्चित रूपले वृद्धि भइरहेको देखिन्छ तापनि कविताले गुणात्मकता पाउन नसकेको गुनासो पनि सुनिने गरेको पाइन्छ । कविता लेख्न त्यति सहज र सजिलो छैन । कविता सिर्जनाका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास जस्ता कारक तत्त्वहरूको आवश्यकता पर्दछ । त्यसैले यस कविता संग्रहद्वारा यहाँ आ-आफ्नो प्रतिभा प्रदर्शन गर्ने प्रयास भएको छ । कविता लेखन कार्यमा विभिन्न सैद्धान्तिक नीति र नियमको पूर्णपालना गर्नुपर्ने हुन्छ । यस कविता संग्रहमा सकेसम्म पद्यात्मक कविता लेख्ने अभ्यास गरिएको छ ।

कुनै पनि सामाजिक प्राणीको सुखदुःखात्मक क्षणविशेषको अनुभूतिलाई स्फुटकर कविता मार्फत अभिव्यक्त गर्न सकिन्छ । स्फुटकर कविता मानवीय चोखो भावनाको एक अभिव्यक्ति पनि हो । स्फुटिक कविताले मानवीय चुल्बुले क्षणिक भावलाई आत्मसात् गरेको हुन्छ । स्फुटकर कविताले लघुतम, लघुतर र लघुरूप सम्मको आयाम विस्तार गर्न सक्दछ । यस्ता कवितामा केही आख्यान

पनि आन्तरिक रूपमा रहेको हुन्छ । अनुभूतिको सानो झिल्को लघुतम कविता हो भने यसमा केही आयामिक विस्तार हुँदै जाँदा लघुतर कविता र लघुकविता जन्मिन्छन् । यी फुटकर कविता संगठनात्मक हिसाबले अप्रबन्धात्मक कविता अन्तर्गत पर्दछन् । कवितामा यस्ता अप्रबन्धात्मक स्वरूपमा मूख्यतः एक श्लोकको पद्यात्मक कवितालाई मुक्तक, दुई श्लोकको कवितात्मक श्लोकलाई युग्मक। तीनश्लोके पद्यात्मक कविता श्लोकलाई विशेषक, चारश्लोके कवितात्मक श्लोकलाई कलापक र पाँच श्लोकभन्दा बढीका कवितात्मक श्लोकलाई कूलकका रूपमा परिभाषित गरिएको छ (विश्वनाथ; १९९७:५४७) । यिनै कलापक कविता देखि कुलक कविता गुच्छसम्मका फुटकर कविता यस **कविता-कुसुमाञ्जली** कविता संग्रहभित्र समावेश गरिएका छन् । खण्डकाव्य र महाकाव्य झैं यस्ता कवितामा आयामिक विस्तार र विशालता हुदैनन् । फुटकर कविता एक तथ्यप्रधान, भावात्मक र रागात्मक अनुभूतिको अभिव्यक्ति हो । यस कविता संग्रहमा स्तोत्र-भजनपरकता नै बढी रूपमा फेला पार्न सकिन्छ । आध्य शंकराचार्यका सौन्दर्य लहरी, आनन्दलहरी, कनकधारा स्तोत्र, जगन्नाथको गंगा लहरी, महाकवि वसन्तत्रयम्बक विरचित स्तवमञ्जूषा, यज्ञसूरि कोइरालाको चन्द्रसम्भव महाकाव्य तथा वृहद् स्तोत्ररत्नावली आदि द्धारा ज्यादै प्रवाभित भएकोले नै यस कविता संग्रहमा स्तोत्र साहित्यको प्रभाव पर्न गएको देखिनेछ । त्यसैगरी यस कविता स्रग्रहका गिति कविताहरूमा राष्ट्र र राष्ट्रियताका स्वर गुन्जिएको पाइनेछ । यस्तै यहाँ केही गिती कविताहरू पनि समावेश गरिएका छन् । गीति कविताको प्रभाव देवकोटा र माधव प्रसाद घिमिरे तथा कालिप्रसाद रिजालका सिर्जनाबाट प्रभाव परेको देखिनेछ । यो मेरो नीजि रोजाई हो । यस्तै स्फुट पद्यात्मक स्वरूपका आयामिक विस्तार भएका अन्य लामा-लामा कविता खण्डकाव्यका स्वरूप र महाकाव्यात्मक विशाल स्वरूप दिन सकिन्छ भन्ने विश्वास लिएको छु ।

# *सन्दर्भग्रन्थ सूची*


- अमरसिंह (१९९३), **अमरकोश,** वनारस सिटी : श्री लक्ष्मीनारायण प्रेस ।
- आचार्य आनन्दवर्धन (२०४२), तेस्रो सं., **ध्वन्यालोक,** वाराणसी : ज्ञानमण्डल लिमिटेड ।
- आचार्य, जगन्नाथ (२०२०), **रसगंगाधर,** वाराणसी : चौखम्बा भवन ।
- आचार्य, मम्मट (२०४२), छै..सं., **काव्यप्रकाश,** वाराणसी : ज्ञानमण्डल लिमिटेड ।
- आचार्य, विश्वनाथ, (इ.१९९२), **साहित्यदर्पण,** चौं. सं., वाराणसी : मोतीलाल वनारसीदास ।
- उपाध्याय, केशवप्रसाद, (२०५९), छै. सं., **साहित्यप्रकाश,** काठमाडौं : साझा प्रकाशन ।
- गंगादास, (इ.१९९०), आ. सं., **छन्दोमञ्जरी,** वाराणसी : चौखम्बा सुरभारती ग्रन्थमा ।
- गुप्त, अभिनव (२०२१), **ध्वन्यालोक लोचन टीका,** वाराणसी : चौखण्डी विद्याभवन ।
- जोशी, कुमारबहादुर (२०४०), **कविता-चर्चा,** काठमाडौं : साझा प्रकाशन ।
- थापा मोहनहिमांशु (२०५०), **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन ।
- पन्त, भरतराज (२०२३), **जुनकीरी,** कविता संग्रह, काठमाडौं : साझा प्रकाशन ।
- भट्टराई, चिन्तामणि (२०५७), **अनुभूतिका विविध क्षणहरु,** (कविता संग्रह), सिर्जनात्मक लेखन, स्नातकोत्तर, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।
- भट्टराई, रमेशकुमार (२०६१) **संस्कृतशास्त्रीय अलङ्कारमय महाकाव्यः एक समीक्षा उन्मेश**( अंक ८) काठमाडौंः रत्नराज्यलक्ष्मी क्याम्पस (पृ.:१५-५३)
- त्रिपाठी, बासुदेव (२०५४), **नेपाली कविता (भाग-४),** काठमाडौं :साझा प्रकाशन
- ___________ (२०४८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग १ र २** ललितपुर : साझा प्रकाशन ।
- पोखरेल, बालकृष्ण (२०५५), **नेपाली वृहत् शब्दकोश,** काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- बराल, कृष्णहरि (२०६०), **गीत सिद्धान्त र इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- बाणभट्ट (२०२०), **कादम्बरी,** काशी : बज्रित पुस्तकालय ।
- भट्टोजि दीक्षित (२०१५), **सिद्धान्त-कौमुदी,** मुम्बायां : श्री वेङ्कटेश्वर मुद्रणालये ।
- मिश्र, रामचन्द्र (२०१७) **संस्कृत साहित्येतिहास,** वाराणसी : चौखण्डी विद्याभवन

- राजशेखर, (इ.१९७३), **काव्यमीमांसा,** वाराणसी : मोतीलाल बनारसीदास ।
- लालगोपाल (२०५७), **नेपाली कविताको सिद्धान्त र विकासक्रम,** काठमाडौं : थाँको साहित्यिक प्रतिष्ठान ।
- वेदव्यास (२०५९), बाइसौं सं., **श्रीमद्भागवत महापुराण**, गोरखपुर : गीता प्रेस ।
- सिग्द्याल सोमनाथ, (२०५८), **साहित्य प्रदीप,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- सुवेदी, राजेन्द्र (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध भाग ३,** काठमाडौं :पाठ्यसामग्री पसल ।
- सुवेदी, राजेन्द्र (२०५७), **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्यसामग्री पसल ।
- शर्मा, मोहनराज (२०६१), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** काठमाडौ : साझा प्रकाशन ।